# परिच्छेद एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **उपन्यासकार इन्दिरा प्रसाई** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषय परिचय

नेपाली साहित्यका विविध विधामा कलम चलाउने इन्दिरा प्रसाई उपन्यासकारका रूपमा चिनिएकी छिन् । उनको जन्म वि.सं. २०१४ फागुन ३ गते शुक्रबारका दिन दार्जिलिङको भिक्टोरिया अस्पतालमा आमा दुर्गादेवी नेपाल र बाबा गणेशप्रसाद नेपालको प्रथम सन्तानको रूपमा भएको हो ।

विद्यालयीय जीवनदेखि नै साहित्य सृजनामा लागेकी **इन्दिरा प्रसाई**को औपचारिक साहित्यिक यात्राको सुरुवात वि.सं. २०३० मा **प्रेरणा** पत्रिकामा **अस्वीकृत पत्र** शीर्षक कथाको प्रकाशनसँगै भएको हो । उनले यो कथा अधुरी शर्मा नामबाट प्रकाशन गरेकी थिइन् । यसरी औपचारिक रूपमा कथाबाट आफ्नो लेखनयात्रा सुरु गरेकी प्रसाईका कथा, कविता, उपन्यास, निबन्ध आदि गरी हालसम्म सोह्रवटा सृजनात्मक कृतिहरू प्रकाशन भइसकेका छन् र त्यत्तिकै मात्रामा उनले सम्पादन, सहसम्पादन र अनुवाद गरेका कृतिहरू प्रकाशित छ ।

यसरी विविध विधामा कलम चलाउने प्रसाईका **विश्वामित्र** (वि.सं. २०५५), **रनमाया** (वि.सं. २०५८), **शिखा** (वि.सं. २०५९) र **उसको लोग्ने र बिरालो** (२०६०) गरी जम्मा चारवटा उपन्यासहरू प्रकाशित भएका छन् । **विश्वामित्र, शिखा** र **उसको लोग्ने र बिरालो** उपन्यासमा नारीसमस्यालाई विषयवस्तु बनाई यौनमनोविज्ञानको प्रयोग गरिएको छ भने **रनमाया** उपन्यासमा सामाजिक यथार्थलाई विषयवस्तु बनाइएको छ । उनका उपन्यासमा विशेषतः नारीका समस्या र यौनलाई मुख्य विषयवस्तु बनाइएको पाइन्छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका विविध विधामा कलम चलाउने इन्दिरा प्रसाई उपन्यासकारका रूपमा पनि उत्तिकै परिचित छिन् । उनका **विश्वामित्र** (२०५५), **रनमाया** (२०५८) **शिखा** (२०५९) र **उसको लोग्ने र बिरालो** (२०६०) जस्ता चारवटा उपन्यासहरू प्रकाशित छन् । नेपाली उपन्यासको विधामा कलम चलाएर नेपाली आख्यान साहित्यको श्रीबृद्धिमा उल्लेख्य योगदान पुऱ्याउने आधुनिक नेपाली उपन्यासकार इन्दिरा प्रसाईको उपन्यासकार व्यक्तित्वको अध्ययन हालसम्म हुन सकेको छैन । त्यसैले यस शोधपत्रको समस्याको रूपमा निम्न पक्षहरू आएका छन् :

(क) उपन्यासकार इन्दिरा प्रसाईको औपन्यासिक यात्रा के कस्तो रहेको छ ?

(ख) इन्दिरा प्रसाईको उपन्यासकारिता के कस्तो रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

शोधसमस्याका रूपमा देखिएका प्रश्नहरूको समाधान के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गरिएको यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार तय गरिएका छन् :

(क) उपन्यासकार इन्दिरा प्रसाईको औपन्यासिक यात्राको अध्ययन गर्नु,

(ख) इन्दिरा प्रसाईको उपन्यासकारिताको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

लगनशील अनुसन्धानकर्ताको कमी, अनुसन्धनकर्ताले भोग्नुपर्ने आर्थिक तथा अन्य कठिनाई, उनीहरूलाई सहयोग गर्ने निकायहरूको कमी आदिका कारणहरूले गर्दा नेपाली साहित्यकारहरूका बारेमा खोज र अनुसन्धान पूर्ण रूपमा हुन सकेको छैन । त्यसमा पनि पछिल्लो पुस्ताका साहित्यकारहरूका विषयमा त झन नगण्य मात्रामा मात्र अध्ययन अनुसन्धान भएको छ । यसै कारण उपन्यासकार इन्दिरा प्रसाईका बारेमा पनि त्यति धेरै अध्ययन र अनुसन्धान भएको पाइँदैन ।

इन्दिरा प्रसाईका बारेमा शोधार्थी सुरेन्द्र भट्टराईले वि.सं. २०५६ मा **इन्दिरा प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकमा शोधकार्य गरेका छन् । त्यस बेलासम्ममा प्रसाईको एउटा **विश्वामित्र** उपन्यास मात्र प्रकाशित भएकाले त्यस शोधकार्यमा उनको उपन्यासकारिताको बारेमा खासै अध्ययन भएको पाइँदैन । प्रसाईको उपन्यासकार व्यक्तित्वको बारेमा केही पुस्तक तथा पत्रपत्रिकाहरूमा सामान्य टीकाटिप्पणी बाहेक केही उल्लेखनीय अध्ययन विश्लेषण गर्ने कार्य भएको पाइँदैन ।

यिनै पूर्वकार्यका अभावका परिप्रेक्ष्यमा प्रसाईका उपन्यासकार व्यक्तित्वका बारेमा सापेक्षिक अध्ययन भएका र हुन नसकेका अध्ययनलाई कालक्रमिक रूपमा समेटी निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) शोधार्थी सुरेन्द्र भट्टराईले **इन्दिरा प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्त्व** नामक अप्रकाशित शोधग्रन्थ वि.सं. २०५६ मा प्रसाईका लेख रचनाहरू प्रायः नारी चेतनाको बाटोमा कुदेका छन् र समाजमा नारी अस्ति[illegible]वका लागि लडेका छन् भनेर एक नारीवादी लेखकका रूपमा प्रसाईंलाई चिनाएका छन् ।

(ख) इन्द्रबहादुर राईले प्रसाईकै **रनमाया** (२०५८) उपन्यासमा परिचायक अधीति शीर्षकको भूमिकात्मक लेखमा निखिल नेपालीत्व दुख्दो यस विपत्कर भैपरीमाथि समकालीन लेखन मौन रहनु अपाङ्गता दरिनेमा यस उपन्यास उद्यमले नेपाली साहित्यिक जीवितता देखाउँदछ । कृतकृत्य छौं उपन्यासकर्त्री श्रीमती इन्दिरा प्रसाईप्रति भनेर इन्दिरा प्रसाईको उपन्यासकार व्यक्तित्वको परिचय दिएका छन् ।

(ग) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले प्रसाईको **शिखा** (२०५९) उपन्यासको प्रकाशकीयमा नारीप्रधान यो उपन्यास चिन्तन प्रधान पनि छ र यसमा फ्रायडवाद लगायत विविध भौतिक र आध्यात्मिक चिन्तन छन् भने ती चिन्तन प्रस्तुत गर्ने सुन्दर-सुन्दर कवितात्मक अभिव्यक्ति छन् भनेर प्रसाईको उपन्यासकार व्यक्तित्वको सामान्य परिचय दिइएको छ ।

(घ) लीला लुइटेलले **नेपाली महिला कथाकार** (वि.सं. २०६०) मा नारीका विविध प्रकारका समस्या र तिनीहरूप्रति पुरुषले गर्ने शारीरिक र मानसिक शोषणलाई कतै प्रत्यक्ष र कतै सङ्केतात्मक एवम् सूत्रात्मक रूपमा प्रस्तुत गरिएको प्रसाईका कथाहरूमा पुरुषको दरिद्री मानसिकतालाई व्यङ्ग्य गर्दै नारी अस्मिताको खोजी गरिएको पाइन्छ भनेकी छिन् । यो विश्लेषण प्रसाईको उपन्यासकारिताको पनि निकट भएकाले यहाँ प्रस्तुत गरिएको हो ।

(ङ) **गरिमा** (वर्ष २३, अङ्क ५, पूर्णाङ्क ६९, वैशाख २०६२) मा इन्दिरा प्रसाईको **उसको लोग्ने र बिरालो** नामक समालोचनात्मक लेखमा विष्णुकुमार भट्टराईले प्रसाईंको लेखमा एक प्रकारको निख्खारता आएको र लेखन धर्मितालाई अझ बढी पारदर्शी बनाउँदै लाने उनको यथार्थपरक लेखनले वर्तमान समयका समस्याहरूलाई टड्कारो रूपमा प्रस्तुत गरिदिएको छ र ती समस्याहरूसँग जुध्न आ-आफ्नो ठाउँबाट सबैले पहल गर्नुपर्ने अनुरोध पनि व्यक्त गरिएको पाइन्छ भनेका छन् ।

(च) राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (दोस्रो संस्करण २०६४) मा गोविन्दबहादुर मल्लबाट सुरु भएको यौनमनोवैज्ञानिक उपन्यासलेखन परम्परामा विजय मल्ल, पारिजात, वानिरा गिरीको सृजनपरम्पराकै एक शृङ्खलाका रूपमा इन्दिरा प्रसाईलाई चिनाएका छन् ।

समग्रमा उपन्यासकार इन्दिरा प्रसाईसँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययन गर्दा उनको विषयमा केही सीमित व्यक्तिहरूले मात्र अध्ययन गरेको पाइन्छ । विभिन्न पुस्तक र पत्रपत्रिकाहरूको टीका टिप्पणीलाई हेर्दा प्रसाईलाई एक उपन्यासकार व्यक्तिको रूपमा मात्र चिनाएको पाइन्छ भने उनको उपन्यास कलाको त्यति धेरै चर्चा गरेको पाइँदैन । यिनै पूर्वकार्यको अभावको परिप्रेक्ष्यमा प्रसाईको उपन्यास कलाको अध्ययन गर्नु आवश्यक देखिएकोले यस शोधकार्य इन्दिरा प्रसाईको उपन्यासकार व्यक्तित्वको अध्ययन गर्न अगाडि बढेको छ ।

## १.७ शोधकार्यको औचित्य

इन्दिरा प्रसाई साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार हुन् । उनको उपन्यासकार व्यक्तित्वको विषयमा विस्तृत र व्यवस्थित अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा उनको उपन्यासकारितालाई केलाउने प्रयोजनका दृष्टिले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । प्रसाईको उपन्यासकारिताको बारेमा अध्ययन र विश्लेषण गर्न चाहने जो सुकै व्यक्ति र अध्येताहरूलाई पनि यस शोधकार्यले थप जानकारी र सहयोग पुऱ्याउने हुँदा यस शोधकार्यको औचित्य रहेको छ । साथै नेपाली साहित्यको इतिहास लेख्ने लेखकहरूलाई समेत यसले यथाशक्य सहयोग पुऱ्याउने हुँदा यस शोधकार्यको औचित्य रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

इन्दिरा प्रसाईले साहित्यका विविध विधामा कलम चलाए पनि उनको उपन्यासकलाको अध्ययन गर्नु नै यस शोधकार्यको उद्देश्य भएकाले यस शोधकार्यमा उनको साहित्यिक व्यक्तित्व अन्तर्गतको उपन्यासकार व्यक्तित्वलाई हालसम्म प्रकाशित चारवटा उपन्यासहरूका आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

## १.९ शोधविधि

यस शोधकार्यको सिलसिलामा निम्नलिखित शोधविधिहरूको प्रयोग गरिएको छ :

### (क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका सिलसिलामा पुस्तकालयीय अध्ययन विधिका आधारमा विभिन्न पुस्तक, पत्रपत्रिका र शोधग्रन्थहरूको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ र पूर्व अध्येताहरूले गरेको अध्ययनलाई पनि यस शोधकार्यको सामग्री सङ्कलनको स्रोत बनाइएको छ ।

**(ख) अध्ययन विधि**

उपन्यासको विधासिद्धान्तमा आधारित भएर यस शोधकार्यको अध्ययन र विश्लेषण गरिएको छ । कथावस्तु, चरित्र, परिवेश, सारवस्तु, दृष्टिविन्दु र भाषाशैली गरी छवटा औपन्यासिक तत्वका आधारमा यस शोधकार्यको अध्ययन गरिएको छ ।

**(ग) सैद्धान्तिक पर्याधार**

नेपाली साहित्यमा उपन्यास विधाले आफ्नो छुट्टै सैद्धान्तिक स्वरूप प्राप्त गरिसकेको सन्दर्भमा यस अध्ययन पनि उपन्यास सिद्धान्तका आधारमा गरिएको कारण यसमा सैद्धान्तिक पर्याधारको रूपमा उपन्यासको सैद्धान्तिक स्वरूप रहेको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसारका परिच्छेद र शीर्षकमा तयार पारिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : उपन्यासको सैद्धान्तिक स्वरूप

परिच्छेद तीनः इन्दिरा प्रसाईको उपन्यास यात्राको अध्ययन

परिच्छेद चार : उपन्यासकार इन्दिरा प्रसाई

परिच्छेद पाँच : शोधनिष्कर्ष

प्रस्तुत शोधकार्यका उपर्युक्त पाँच परिच्छेदलाई पनि आवश्यकतानुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी उपन्यासकार इन्दिरा प्रसाईको उपन्यासकलाको अध्ययन र विश्लेषण गरिएको छ ।

## परिच्छेद दुई

# उपन्यासको सैद्धान्तिक स्वरूप

### २.१ परिचय

मानवीय विचार विनिमयको प्रथम र सशक्त माध्यम भाषा हो र भाषाका माध्यमबाट गरिने प्रकृतिको कलात्मक अनुकरण नै साहित्य हो । साहित्यमा विचार, आख्यान, भावना वा अनुभूति तथा दृश्य आउँदछन् । यी त वहरूका प्रधानताका आधारमा यसका विधाहरू छुट्टिने गर्दछन् । मानवीय जीवनका घटनाक्रमहरूलाई कथानकको अन्वितिद्वारा साहित्यिक चित्रण गर्ने गद्यात्मक अभिव्यक्ति नै उपन्यास हो ।

नेपाली साहित्यमा प्रयोग गरिने **उपन्यास** शब्द पाश्चात्य साहित्यको **नोभल (Novel)** शब्दको पर्यायवाची रूप हो । **नोभल** शब्द इटाली भाषाको **नोभल्ला (Novella)** शब्दबाट बनेको हो । जसको अर्थ **अलिकति नयाँ वस्तु** भन्ने हुन्छ ।[१] 'नोभल' शब्दको बीजारोपण अठारौं शताब्दीतिरै इटालीमा **नोभल्ला (Novella)** शब्दको रूपमा भएको पाइन्छ । पन्ध्रौं, सोह्रौं र सत्रौं शताब्दीमा युरोपमा आएको पुनर्जागरणबाट उद्‌भूत सांस्कृतिक चेतनाको परिणामस्वरूप अठारौं शताब्दीमा साहित्यिक विधाका रूपमा उपन्यासको जन्म भएको पाइन्छ ।

उपन्यास शब्दको पूर्वीय व्युत्पत्तिलाई हेर्दा **उपन्यास** तत्सम शब्द हो । **अस** धातुमा **उप** र **नि** उपसर्ग एवम् **घञ्** (**अ**) प्रत्यय लागी उपन्यास शब्दको निर्माण भएको हो । जसको अर्थ नजिक राख्नु, आसपासमा राख्नु, धरोहर भन्ने हुन्छ ।[२] 'उप' उपसर्गवाची पदपूर्वमा हुने **न्यास** शब्दको संयोजनबाट निर्मित **उपन्यास** शब्दले समीपमा विन्यास गरिने भन्ने अर्थ व्यक्त गर्दछ । उपन्यासले हाम्रो जीवनको सामीप्यता मात्र होइन, हामीमध्येका जीवनलाई हामीमध्येमै प्रस्तुत गरिदिन्छ ।[३] संस्कृतमा उपन्यास शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण, प्रतिमुख सन्धिको एउटा भेद, स्थापना गर्नु, प्रदर्शक वाक्य, आनन्द गराउने वाक्यका रूपमा र आख्यानका रूपमा पनि गरिएको पाइन्छ । यति हुँदाहुँदै पनि कुनै पनि अर्थले अङ्ग्रेजी **नोभल** शब्दको अर्थ प्रदान गर्न सकेको देखिदैन । तसर्थ संस्कृतबाट लिइएको भएर पनि आज नेपालीमा **उपन्यास** शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्ध विच्छेद गरी

---

[१] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ते.सं., (ललितपुरर : साझा प्रकाशन, पुलचोक, २०६६), पृ. ३ ।

[२] वामन शिवराम आप्टे, **संस्कृत हिन्दी कोश**, दो.सं. (दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स प्रा.लि., सन् १९६९), पृ. २०७ ।

[३] राजेन्द्र सुवेदी, **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति**, दो.सं. (ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६४), पृ. १ ।

अङ्ग्रेजी नोभलसँग साइनो गाँसेको छ ।[४] **उप**+**नि**+**अस**+**अ** अर्थात् हुनु अर्थबोध गराउने **अस** धातुमा **नि** र **उप** दुईवटा उपसर्ग मिलेर निर्मित भएको **उपन्यास** शब्द नेपाली साहित्यको ललित गद्यकाव्यको आख्यानात्मक प्रविधालाई सङ्केत गर्नमा प्रवृत्त छ । आख्यान त[illegible]व प्रबल भएको र जीवनका सत्य बिम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधालाई उपन्यास नामकरण गरियो ।[५]

अठारौं शताब्दीमा जन्मिएको उपन्यास विधा आज विश्व साहित्यका साथै नेपाली साहित्यमा एक चर्चित साहित्यिक विधाका रूपमा विकसित हुँदै आएको छ ।

## २.२ उपन्यासको परिभाषा

उपन्यास लेखन तथा प्रकाशन हुन थालेपछि यसको व्याख्या, विश्लेषण तथा समालोचना पनि हुन थाल्यो भने यिनमा निहित विशेषताहरूलाई आधार बनाएर परिभाषा दिने क्रम पनि विभिन्न विद्वान्हरूबाट प्रारम्भ भयो । यी विद्वान्हरूले आफूभन्दा अगाडिका र आफ्नो समयावधिमा प्रकाशित उपन्यासका आधारमा यस विधालाई चिनाउन आ-आफ्ना तर्फबाट मह[illegible]वपूर्ण प्रयासहरू गरेका छन् । यसरी उपन्यासलाई विभिन्न विद्वान्हरूले विभिन्न दृष्टिकोणबाट परिभाषित गरे पनि केही विद्वान्का परिभाषाहरू निम्नलिखित रूपमा प्रस्तुत गरिएका छन् :

(क) एम.एच. अब्राहम्स

"विस्तारित गद्याख्यानको साझा विशेषता भएका सबै खाले कृतिहरूलाई उपन्यास भनिन्छ ।"[६]

(ख) ई. एम फोस्टर

'हालको जटिल एवम् सङ्कटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानव जातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो ।'[७]

(ग) द न्यु इन्साइक्लोपीडिया ब्रिटानिका

"विशेष देशकाल र चारित्रिक समूह समावेश भएको क्रमबद्ध घटनाहरूको माध्यमद्वारा अभिव्यक्त हुने आवश्यक लम्बाइ भएको तथा बनाइएको त्यस्तो साहित्यिक वर्णनात्मक गद्यविधालाई उपन्यास भनिन्छ, जसमा मान्छेका अनुभवहरूलाई केही जटिलताका साथ कल्पनाको प्रस्तुत गरिन्छ ।"[८]

---

[४] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ३ ।

[५] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. १ ।

[६] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ६ ।

[७] **ऐजन** ।

[८] **ऐजन** ।

(घ) प्रेमचन्द

"म उपन्यासलाई मानव जीवनको चित्र मात्र मान्छु । मानव चरित्रमाथि प्रकाश पार्नु र जीवनका रहस्यलाई उद्‌घाटन गरिदिनु उपन्यासको मूल काम हो ।"[९]

(ङ) डा. गोपाल राय

उपन्यासले कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाहीँ त उपन्यासमा यति सबल भ्रम प्राप्त हुन्छ- हामी त्यसभित्रै हराएर सन्तोष प्राप्त गर्न पुग्दछौं ।[१०]

(च) नेपाली बृहत् शब्दकोश

धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा, चरित्रप्रधान गद्य महाकाव्य नै उपन्यास हो ।[११]

(छ) कृष्णचन्द्रसिंह प्रधान

"उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो, जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्‌घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य-जीवित मनुष्यको संसार हो ।[१२]

(ज) राजेन्द्र सुवेदी

"पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएका र मानव जीवनसँग सम्बद्ध भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ त्यतिसम्मको अनुवीक्षण गराउने आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ ।"[१३]

(झ) कृष्णहरि बराल र नेत्र एटम

"मानव र मानव समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाइ भएको गद्य आख्यानलाई उपन्यास भनिन्छ ।"[१४]

यसरी विद्वान्‌हरूका भनाइहरूलाई हेर्दा प्रायः सबैले विस्तृत आख्यान, गद्यात्मक भाषा, जीवन र जगतको यथार्थ अनुकरण वा वास्तविक जीवनको प्रतिनिधित्व गर्न सक्ने

---

[९] राजेन्द्र सुवेदी, **पूर्ववत्,** पृ. ११ ।

[१०] **ऐजन** ।

[११] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** ते.सं., (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, २०५२), पृ. १५२ ।

[१२] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार,** चौ.सं., (ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६१), पृ. १ ।

[१३] राजेन्द्र सुवेदी, **पूर्ववत्,** पृ. १०

[१४] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्,** पृ. ७ ।

कार्य वा पात्रहरूको वर्णनलाई नै उपन्यास मानेको पाइन्छ । उपन्यासमा वस्तु र शैली दुवैको उत्कृष्ट समायोजन गरिएको हुन्छ ।

उपर्युक्त विभिन्न परिभाषाहरूको अध्ययनबाट के भन्न सकिन्छ भने उपन्यास भनेको मानव जीवनको सम्पूर्ण घटनाहरूको अभिव्यक्ति गर्ने बृहत् गद्य आख्यानात्मक रचना हो, जसमा कल्पनाको कलात्मकतामा यथातथ्यको उद्घाटन गरिएको हुन्छ ।

## २.३ उपन्यासका सैद्धान्तिक तत्त्वहरू

कुनै पनि वस्तु पूर्ण आकारमा प्रस्तुत हुनका लागि विभिन्न त□व वा अङ्गहरूको उचित समायोजन हुनुपर्दछ । त्यस्तै गरी उपन्यासले पनि विभिन्न त□वहरू वा अङ्गहरूको उचित समायोजनबाटै पूर्णता पाएको हुन्छ । यसकारण उपन्यासका आधारभूत त□वहरूका बारेमा अध्ययन गर्नु आवश्यक हुन्छ । पूर्वीय विद्वान्हरूका धारणामा कुनै पनि प्रबन्धात्मक कृतिको निर्माणमा वस्तु, नेता र रस आवश्यक हुन्छन् । पाश्चात्य विद्वान्हरूमा एरिस्टोटलले कथावस्तुलाई दुःखान्तक वा अन्य प्रबन्धात्मक रचनाको मुख्य त□व मानेका छन् । यसरी परापूर्वकालदेखि नै पूर्व र पश्चिम दुवैतिर प्रबन्धात्मक काव्यको मूलभूत त□वका बारेमा चर्चा हुँदै आएको पाइन्छ । उपन्यास विधाको विकाससँगै यस विधाको संरचनाका मूल त□वहरूका सम्बन्धमा व्यापक अध्ययन र विश्लेषण हुँदै आइरहेको छ ।

उपन्यासका त□वहरू यति नै हुन् भनेर किटान गर्ने क्रममा विद्वान्हरूको मन एउटै हुन सकेको पाइदैन । यसै सन्दर्भमा नेपाली विद्वान्हरूले उपन्यासका त□वहरूको आ-आफ्नै तरिकाले सङ्ख्या निर्धारण गरेको पाइन्छ : **नेपाली उपन्यास र उपन्यासकार** (२०६१) नामक कृतिमा समालोचक **कृष्णचन्द्रसिंह प्रधान**ले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य गरी उपन्यासका सातवटा त□व उल्लेख गरेका छन् ।[१५] अर्का समालोचक **राजेन्द्र सुवेदी**ले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (२०६४) नामक कृतिमा उपन्यासका मूलभूत उपकरणहरू भनेर वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार, कौतूहल र दृष्टिबिन्दु गरी आठवटा त□वहरू उल्लेख गरेका छन् ।[१६] **मोहनहिमांशु थापा**ले **साहित्य परिचय** (२०६६) नामक पुस्तकमा औपन्यासिक त□व भनी कथावस्तु, पात्र, संवाद, भाषाशैली, वातावरण र उद्देश्य गरी ६ वटा त□व उल्लेख गरेका छन् ।[१७] उपन्यासको सौन्दर्यशास्त्र (२०६३) समालोचक ऋषिराज बरालले उपन्यासका संरचना त□वहरू भनेर कथानक, चरित्र, विचार, दृष्टिबिन्दु, भाषाशैली र परिवेश गरी जम्मा ६ वटा

---

[१५] कृष्णचन्द्रसिंह प्रधान, **पूर्ववत्**, पृ. ७ ।

[१६] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. १७ ।

[१७] मोहनहिमांशु थापा, **साहित्य परिचय**, पाँ.सं. (ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६६), पृ. १२१ ।

त□व उल्लेख गरेका छन् ।[१८] त्यस्तै गरी समालोचक **कृष्णहरि बराल र नेत्र एटम**ले समालोचनात्मक कृति **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०६६) मा कथानक, चरित्र र चरित्रचित्रण, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब र गति र लय गरी आठ त□वलाई उपन्यासका अनिवार्य त□वका रूपमा उल्लेख गरेका छन् ।[१९]

उपन्यासका आधारभूत त□वहरूका सम्बन्धमा दिएका विद्वानहरूका मतहरूको अध्ययन विश्लेषण गर्दा उपन्यासका त□वहरू यति नै हुन् भनेर किटान गर्ने क्रममा विद्वान्हरूको मत एउटै भएको पाइँदैन, तापनि अधिकांशले कथानक, चरित्र, परिवेश, सारवस्तु, दृष्टिबिन्दु र भाषाशैलीलाई प्रमुख त□वका रूपमा स्वीकारेको पाइन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरएको छ :

### २.३.१ कथावस्तु

कथावस्तुलाई आख्यानात्मक साहित्यको मेरुदण्ड मानिन्छ । यसकारण कथावस्तुलाई उपन्यासको प्रमुख घटक वा त□वका रूपमा लिइन्छ । कथानकलाई कार्यकारणहरूको तारतम्यपूर्ण सूत्रबद्धस्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ । जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ ।[२०] छरिएर बसेका त□वहरूलाई र पटाक्षेप हुँदै फेरि देखापर्दै गर्ने प्रसङ्गहरूलाई निरन्तरता प्रदान गर्ने र औचित्य विन्यास गर्ने, कार्यकारण सम्बन्ध देखाउने र क्रमबद्धता प्रस्तुत गर्ने त□व नै कथानक हो । कथावस्तु भनेको घटना, वस्तु, क्रियाकलाप, परिवेश र चरित्रको सुसङ्गत क्रमसम्बद्धता देखाउने संयोजनकारी त□व हो ।[२१] प्रगतिवादी दृष्टिकोणमा कथानकलाई रचनागत समग्रताको एउटा क्रमबद्ध अन्विति भनिन्छ । **रेने वेलेक** र **अस्टिन वारेन** वर्णनात्मक संरचनालाई कथानक भन्नुपर्ने बताउँछन् ।[२२] कथानकले उपन्यासको मूल ढाँचाको निर्माण गर्दछ । इतिहास, यथार्थमूलक, अनुभव, मिथक स्वैरकल्पना, रागात्मक सौन्दर्य कथानक स्रोत मानिन्छ ।[२३] कथानकलाई आदि, मध्य र अन्त्य गरी तीन भागमा बाँड्न सकिन्छ । आदि भागमा पात्रहरूको परिचय र तिनले सामना गर्नुपर्ने परिस्थिति र समस्याबारे जानकारी गराइन्छ । द्वन्द्व र क्रियाहरूको सूत्र विकास गरेर कुतूहलताको स्थिति सृजना गरिन्छ । मध्य भागमा द्वन्द्व र क्रियाहरूको चरम विकास गरेर पाठकको मानसिकता उद्वेलित पार्दै निर्णायक मोडमा पुऱ्याइन्छ ।

---

[१८] ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र,** दो.सं. (ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६३), पृ. २६ ।

[१९] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्,** पृ. २० ।

[२०] कृष्णचन्द्रसिंह प्रधान, **पूर्ववत्,** पृ. ७ ।

[२१] राजेन्द्र सुवेदी, **पूर्ववत्,** पृ. १८ ।

[२२] ऋषिराज बराल, **पूर्ववत्,** पृ. २८ ।

[२३] कृष्णहरि बराल र नेत्र एटम **पूर्ववत्,** पृ. २२ ।

चरमोत्कर्षपछि कथानकको अन्त्य भागको प्रारम्भ हुन्छ । जसमा कथानक परिवर्तन हुन गई द्वन्द्व र क्रियाहरूको शृङ्खला कमजोर हुँदै शिथिलता उन्मुख हुन्छ । कथानकले खोजेको फलप्राप्तिपछि समापनको अवस्था आउँछ ।[२४] कथानक मूलतः रैखिक र वृत्ताकारीय दुई ढाँचामा निर्माण हुन्छ । रैखिक ढाँचामा कथानक पछाडि फर्कँदैन, सिधा बाटोमा हिंड्छ, जसले गर्दा उपन्यासले वर्तमानबाट भविष्यतिर यात्रा गर्दछ । यसले आदि, मध्य र अन्त्यलाई जोड्दछ । वृत्ताकारीय ढाँचामा कथानक सिधा रेखामा नबढी पूर्वदीप्ति शैलीमा प्रस्तुत हुन्छ, जसले गर्दा क्रमबद्धतामा विचलन भई कथानक भुमरीझैं घुमेको अवस्थामा प्रकट हुन्छ । जुन बिन्दुमा कथानक समाप्त भएको छ लगभग त्यही बिन्दुबाट कथानकको प्रारम्भ हुने गर्दछ ।[२५]

कथानकको स्वरूपकै आधारमा उपन्यासलाई साहसिक उपन्यास, नाटकीय उपन्यास, घटनाप्रधान उपन्यास र चरित्रप्रधान उपन्यास गरी चार प्रकारमा विभाजन गरेको पाइन्छ । साहसिक उपन्यासमा उत्साह र वीरताका नाममा मान्छेले धान्नै नसक्ने खालका आवेग, तिलस्मीपूर्ण क्रियाकलापहरू अद्भूत तवरबाट प्रस्तुत गरिएका हुन्छन्, नाटकीय उपन्यासमा कथानक र चरित्रको घनिष्ट सम्बन्ध हुन्छ । यस्ता उपन्यासहरूमा कार्यव्यापारका आधारमा पात्रको चरित्र व्यक्त हुँदै जान्छ । घटनाप्रधान उपन्यासमा घटनाको प्रमुख प्रभाव रहेको हुन्छ । एकपछि अर्को घटना थपिँदै कथा विस्तारित हुँदै जान्छ । यस्ता उपन्यासमा कथा र कथनमा मूर्तता पाइन्छ भने प्रमुख पात्रहरू नै जोखिमपूर्ण अवस्थामा गुज्रिरहेका हुन्छन् र चरित्रप्रधान उपन्यासमा सम्पूर्ण कार्यव्यापार पात्रको आचरणसँग अनुगमन गर्ने हुन्छ । यस्ता उपन्यासमा पात्रहरू गतिशील हुन्छन् परिस्थिति भने पात्रको स्वभाव पुष्टि गर्न मात्र सृजना गरिएको हुन्छ ।[२६] यसकारण उपन्यासमा कथानकको भूमिका मह□वपूर्ण रहने कुरा स्पष्ट हुन्छ ।

### २.३.२ पात्र

आख्यानात्मक कृतिभित्र कुनै विशेषता बुझाउन वा घटनालाई गति दिन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेत्तर प्राणीलाई पात्र भनिन्छ । पात्र भनेको कुनै पनि आख्यानात्मक कृतिको पर्याधारभित्र व्यवस्थित गरिएको व्यक्ति हो । आख्यानात्मक कृतिमा प्रत्येक पात्रको रूपछवि भिन्ना भिन्नै किसिमबाट कुँदिएको हुन्छ ।[२७] उपन्यासलाई सजीव

[२४] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. २४-२६ ।

[२५] **ऐजन**, पृ. २५-२७ ।

[२६] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. १९-२१ ।

[२७] मोहनराज शर्मा, **शैलीविज्ञान**, दो.सं., (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, २०५९), पृ. १५५ ।

बनाएर कथानकलाई गति दिने मह□वपूर्ण जिम्मेवारी पात्रको हुने  गर्दछ ।[२८] त्यसैले जहिले पनि उपन्यासकार पात्रहरूमाथि बढी निर्भर रहेको हुनुपर्दछ । उपन्यासमा प्रयोग गरिने पात्रहरू गतिशील र गतिहीन, यथार्थ र आदर्श, समाज सापेक्ष र समाज निरपेक्ष, अन्तर्मुखी र बहिर्मुखी, गोला र चेप्टा,सार्वभौम र आञ्चलिक, पारस्परिक र मौलिक गरी विभिन्न प्रकारका हुने गर्दछन् ।[२९] यस्ता विभिन्न प्रकारका पात्रहरू हुने भए तापनि पात्र वर्गीकरणका छुट्टै आधारहरू रहेका छन् । पात्रको वस्तुगत वर्गीकरणका निम्ति काव्यशास्त्र र भाषाविज्ञानको समन्वयबाट केही आधारहरू निर्धारण गर्न सकिन्छ । यस्ता निर्धारित आधारहरूबाट कृतिकारको चरित्र चित्रणको पनि यथार्थ विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ ।[३०] यी आधारहरूबाट कृतिका पात्रहरूको स्पष्ट पहिचान हुने गर्दछ ।

### २.३.२.१ पात्र वर्गीकरणका आधारहरू

कुनै पनि आख्यानात्मक कृतिमा प्रयोग भएका पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गर्दा चरित्रहरूको स्पष्ट पहिचान हुन्छ ।[३१] जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**(क) लिङ्ग**

यो व्यक्ति वा पात्रको शारीरिक जात छुट्याउने आधार हो । यस आधारबाट हेर्दा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गका हुन्छन् र आख्यानात्मक कृतिमा प्रयुक्त पात्रहरूको पुरुष र स्त्री नामकरणका आधारमा पुरुष र स्त्री वर्गमा विभाजन गर्न सकिन्छ ।

**(ख) कार्य**

आख्यानात्मक कृतिमा सबै पात्रले उत्तिकै मह□वपूर्ण कार्य गरेका हुँदैनन् र कार्य मूल्यको घटीबढीका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन वर्गका हुन्छन् । बढी कार्य वा बढी मूल्यको कार्य गर्ने पात्र प्रमुख वर्गको हुन्छ, त्यसभन्दा घटी कार्य गर्ने पात्र सहायक वर्गको हुन्छ भने त्यसभन्दा पनि घटी कार्य गर्ने पात्र चाहिँ गौण वर्गको हुन्छ ।

**(ग) प्रवृत्ति**

आख्यानात्मक कृतिमा प्रयुक्त पात्रहरूले सकारात्मक र नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । यस आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । जुन पात्रले सकारात्मक कार्य गर्दछ त्यो पात्र अनुकूल र जुन पात्रले नकारात्मक कार्य गर्दछ

---

[२८] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. २७ ।

[२९] **ऐजन**, पृ. २७-२८ ।

[३०] मोहनराज शर्मा, **पूर्ववत्**, पृ. १५५ ।

[३१] **ऐजन**, पृ. १५५-१५८ ।

त्यो पात्र प्रतिकूल हुन्छ । यस आधारमा कृतिका कुन कुन पात्र खल र कुन कुन पात्र सज्जन हुन् भन्ने पनि छुट्याउन सकिन्छ ।

**(घ) स्वभाव**

उपन्यासमा प्रयुक्त पात्रहरूमा कोही बदलिंदो स्थिति अनुसार बदलिने स्वभावका हुन्छन् र कोही चाहिँ बदलिंदो स्थितिमा पनि नबदलिने स्वभावका हुन्छन् । यस आधारमा पनि पात्रहरू गतिशील र स्थिर गरी दुई वर्गका हुन्छन् । स्थिति अनुसार बदलिने पात्र गतिशील वर्गका हुन्छन् भने आद्यान्त उस्तै रहने पात्र स्थिर वर्गका हुन्छन् ।

**(ङ) जीवनचेतना**

उपन्यासमा प्रयुक्त पात्रले आफ्नो मात्र वा अरूको जीवनको पनि प्रतिनिधित्व गर्ने चेतनका आधारमा वैयक्तिक र वर्गीय गरी पात्रहरू दुई वर्गका हुन्छन् । वर्गीय पात्रले कृतिमा कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्छ भने वैयक्तिक पात्रले यस तरहको प्रतिनिधित्व नगरेर आफ्नै मात्र प्रतिनिधित्व गर्छ ।

**(च) आसन्नता**

उपन्यासमा कोही वर्णन मात्र गरिएका पात्रहरू हुन्छन् भने कोही स्वयम् उपस्थित भई कार्य गर्ने पात्रहरू हुन्छन् । उपन्यासको कथानकमा हुने पात्रको उपस्थिति नै आसन्नता हो । यस आधारमा पात्रहरू नेपथ्य र मञ्चीय गरी दुई प्रकारका हुन्छन् । नेपथ्य पात्रको परोक्ष वर्णन र उपस्थिति हुन्छ भने मञ्चीय पात्रले प्रत्यक्ष कार्य गर्दछ ।

**(छ) आबद्धता**

आख्यानात्मक कृतिको कथानकसँग पात्रहरूको सम्बन्ध बँधाइलाई आबद्धता भनिन्छ । कथानकमा बाँधिने र नबाँधिने आधारमा पनि पात्रहरू बद्ध र मुक्त गरी दुई वर्गका हुन्छन् । कृतिको पर्याधारमा रहेका सन्दर्भमा बाँधिएर सार्थक हुने पात्रलाई बद्ध र यो पर्याधारबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्रलाई मुक्त भनिन्छ । बद्ध पात्रलाई झिक्दा उपन्यासको संरचना भत्किन्छ तर मुक्त पात्रलाई झिक्दा संरचनामा कुनै बाधा पर्दैन ।

उपर्युक्त आधारहरूलाई व्यवस्थित गरेर पात्र वर्गीकरणका लागि निम्न लिखित तालिका बनाउन सकिन्छ :

| क.सं. | आधार पात्र | १ लिङ्ग | | २ कार्य | | | ३ प्रवृत्ति | |
|---|---|---|---|---|---|---|---|---|
| | | (क) स्त्री | (ख) पुरुष | (क) प्रमुख | (ख) सहायक | (ग) गौण | (क) अनुकूल | (ख) प्रतिकुल |

| ४ स्वभाव | | ५ जीवनचेतना | | ६ आसन्नता | | ७ आबद्धता | |
|---|---|---|---|---|---|---|---|
| (क) गतिशील | (ख) स्थिर | (क) वर्गीय | (ख) वैयक्तिक | (क) नेपथ्य | (ख) मञ्चीय | (क) बद्ध | (ख) मुक्त |

उपर्युक्त आधारबाट उपन्यासमा प्रयुक्त पात्रहरूका बारेमा अध्ययन गर्दा प्रायः सम्पूर्ण पक्षको जानकारी प्राप्त हुने गर्दछ ।

### २.३.३ परिवेश

उपन्यासमा पात्रहरूको कार्यव्यापार घटित भएको स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । यसलाई पर्यावरण, परिवृत्त, परिधिजस्ता शब्दहरूले पनि सम्बोधन गर्ने गरिन्छ । कुनै कार्य हुनका लागि उपयुक्त मानिएको स्थल कार्यपीठिका हो । त्यही कार्यपीठिका नै उपन्यासको परिवेश हो ।[३२] परिवेश एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ । परिवेश अन्तर्गत देशकाल र वातावरण पर्दछन् । आख्यानात्मक कृतिमा पात्रहरूको कार्य गर्ने वा घटना घट्ने निश्चित स्थान र समयलाई देशकाल भनिन्छ । देशकालको खास अर्थ कार्यव्यापार, त्यसको स्थान र समय हो ।[३३] त्यस्तै वातावरण भनेको कुनै पनि आख्यानात्मक कृतिमा घटित घटना कस्तो अवस्थामा वा परिस्थितिमा भएको छ भनी हेर्नु हो । उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने सुख-दुःख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो ।[३४] अतः उपन्यासमा घटित घटना कुन स्थान, कुन समय र कुन परिस्थितिमा भएको थियो भनी हेर्नु नै परिवेश हो भन्ने स्पष्ट हुन्छ ।

### २.३.४ सारवस्तु

उपन्यासको सारवस्तुलाई अर्को शब्दमा उद्देश्य पनि भनिन्छ । कुनै पनि कृति केही न केही सन्देश दिन चाहेको हुन्छ । त्यही कृतिले दिन चाहेको सन्देशलाई सारवस्तु भनिन्छ । सारवस्तुमा कृतिले छोड्ने निष्कर्ष रहेको हुन्छ । त्यस्तै उपन्यासमा समाविष्ट भएको केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ ।[३५] कुनै पनि कृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँछौं त्यही नै सारवस्तु हो । कृतिमा कुनै न कुनै विचार वा भावको बीज रूप प्रत्यक्ष वा प्रछन्न रूपमा रहेको हुन्छ । जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ ।[३६] सारवस्तुमा नै पात्रहरूले पौडने र खेल्ने स्वतन्त्रता प्राप्त गर्दछन् भने लेखकले तिनकै माध्यमबाट आफ्ना धारणाहरूलाई समुचित विन्यास र सम्प्रेषण गरेको हुन्छ । उपन्यास कलात्मक सौन्दर्ययुक्त हुने हुँदा यसमा सारवस्तुको आग्रहीकरण

---

[३२] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २५ ।

[३३] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ३३ ।

[३४] **ऐजन**, पृ. ३४ ।

[३५] **ऐजन**, पृ. ३८ ।

[३६] दयाराम श्रेष्ठ, (सम्पा.), **नेपाली कथा भाग-४**, दो.सं. (ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६०), पृ. १२ ।

नभएर नाटकीकरण भएको हुनुपर्दछ ।[३७] यसरी सारवस्तुले मानव समाजका लागि विभिन्न भाव वा विचार सञ्चार गर्ने काम गर्दछ ।

सारवस्तु स्थानीय र विश्वजनीन गरी दुई प्रकारका हुन्छन् । स्थानीय सारवस्तुले कुनै देशकालमा सीमित रही सत्यको निरीक्षण गर्दछ । आञ्चलिक र ऐतिहासिक प्रकृतिका उपन्यासमा यसको अत्यधिक प्रयोग हुने गर्दछ । विश्वजनीन सारवस्तुमा जीवनको शाश्वत सत्यको खोजी गरिएको हुन्छ । यसरी हेर्दा सारवस्तुको कलात्मक प्रस्तुति नै उपन्यासको उद्देश्य वा सन्देश हो भन्ने स्पष्ट हुन्छ ।[३८] अतः लेखकले जीवनको जुन लक्ष्यलाई सङ्केत गरी आफ्नो भाव वा विचार प्रस्तुत गर्दछ त्यही नै उपन्यासको सारवस्तु हो । यसलाई विचार पनि भन्ने गरिन्छ । सारवस्तुको अभावमा उपन्यासले पूर्णता प्राप्त गर्न सक्दैन ।

### २.३.५ दृष्टिबिन्दु

कुनै पनि आख्यानात्मक कृतिभित्र कथावाचक कुन ठाउँमा बसेर कथा भनिरहेको छ भनी हेर्नुलाई दृष्टिबिन्दु भनिन्छ । उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा वस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसले कसरी कथा भनिएको छ र कसले कथा भनेको छ भन्ने कुरालाई बुझाउँदछ ।[३९] कथा कसरी भनिएको छ भन्दा पनि कथा कसले भन्दैछ भन्ने कुरासित दृष्टिबिन्दु गाँसिएको हुन्छ ।[४०] यस अर्थमा दृष्टिबिन्दु उपन्यासकार उभिने ठाउँ हो भन्ने स्पष्ट हुन्छ । पात्र भनेको लेखकले आफूले अनुभव गरेका, समेटेका, भुक्तमान काटेका वस्तुस्थितिको भोक्ता हो । पात्रले भोग्ने जीवन भोगाइमा लेखक स्वयम् प्रवर्तित भएको हुन्छ । यसरी प्रवर्तित हुँदा लेखक प्रथम पुरुष र तृतीय पुरुष गरी दुई दृष्टिबिन्दुमा वितरित भएको हुन्छ ।[४१] यसलाई दृष्टिबिन्दुको प्रकार भनिन्छ, जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

#### (क) प्रथम पुरुष दृष्टिबिन्दु

प्रथम पुरुष दृष्टिबिन्दु भएको आख्यानात्मक कृतिमा कथयिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि संलग्न गरेको हुन्छ । यसलाई आन्तरिक दृष्टिबिन्दु पनि भनिन्छ । आख्यानमा पात्र प्रथम पुरुषको रूपमा रहँदा आन्तरिक दृष्टिबिन्दु हुन्छ ।[४२] यसमा कथयिताले चाहेका जुनसुकै कुरा 'म' का रूपमा व्यक्त भएको हुन्छ । पात्रको कार्यका आधारमा यसलाई

---

[३७] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ३८ ।

[३८] **ऐजन**, पृ. ३९ ।

[३९] **ऐजन**, पृ. ३५ ।

[४०] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे (सम्पा.), **नेपाली कथा भाग-३**, चौ.सं. (ललितपुर : साझा प्रकाशन, पुलचोक, २०५५), पृ. ६ ।

[४१] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २७ ।

[४२] दयाराम श्रेष्ठ, **पूर्ववत्**, पृ. ११ ।

केन्द्रीय र परिधीय गरी दुई वर्गमा छुट्याउन सकिन्छ ।[४३] केन्द्रीय दृष्टिबिन्दुमा स्वयम् उपन्यासकार वा अरू कुनै पात्र म का रूपमा मुख्य पात्र रही कथा प्रस्तुत गरिरहेको हुन्छ भने परिधीय दृष्टिबिन्दुमा उपन्यासको कथयिता त्यसको पात्र त हुन्छ तर केन्द्रीय घटना र चरित्रभन्दा अलिकति टाढा बसेर वृत्तान्त सुनाइरहेको हुन्छ ।

**(ख) तृतीय पुरुष दृष्टिबिन्दु**

तृतीय पुरुष दृष्टिबिन्दु भएको आख्यानात्मक कृतिमा कथयिता सम्पूर्ण कुराको ज्ञाता हुन्छ र घटनास्थलभन्दा बाहिर रहेर अरूका बारेमा टिप्पणी गर्दछ । यसलाई बाह्य दृष्टिबिन्दु पनि भनिन्छ । आख्यानमा पात्र तृतीय पुरुषका रूपमा रहँदा बाह्य दृष्टिबिन्दु हुन्छ ।[४४] उपन्यासमा कथयिताको अधिकारका आधारमा बाह्य दृष्टिबिन्दुलाई सर्वज्ञ र सीमित गरी दुई वर्गमा बाँड्न सकिन्छ । उपन्यासका पात्र र घटनाका कुरालाई सर्वज्ञझैं बनेर कथयिताले नै वर्णन एवम् टिप्पणी गर्दै सबै कुरा आफ्नै नियन्त्रणमा लिएको छ भने त्यसलाई सर्वज्ञ भनिन्छ र कथयिताले कथावाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुप्त गराउँदछ र सीमित पक्षबाट मात्र सबै कुराको चर्चा गर्दछ भने त्यो सीमित दृष्टिबिन्दु हो । यस्तो दृष्टिबिन्दुमा कथयिताले आफू पछि लागेको चरित्रले के देख्छ, के सुन्छ, के अनुभव गर्छ त्यो सबै बताउँछ । सर्वज्ञ दृष्टिबिन्दु पनि दुई प्रकारका छन् : हस्तक्षेपी र निर्वैयक्तिक । हस्तक्षेपी दृष्टिबिन्दु भएका उपन्यासमा मूल रूपमा लेखकले मात्र वर्णन गर्दछ भने निर्वैयक्तिक दृष्टिबिन्दु भएको उपन्यासमा चाहिँ लेखकले नाटकीय संवादको उपस्थिति गराएर आफू टाढा बस्तछ ।[४५]

### २.३.६ भाषाशैली

समाजका मानिसहरूबीच विचार विनिमय गर्ने यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ । यही भाषाका माध्यमबाट नै साहित्यको सृजना हुने गर्दछ । भाषा भने विचारको तात्कालिक यथार्थ हो ।[४६] लेखकले उपन्यास रचना गर्दा प्रस्तुतिका लागि अपनाइएको खास किसिमको औपन्यासिक वैशिष्ट्यलाई शैली मानिन्छ । मानवीय विचार र भावनालाई अभिव्यक्त गर्ने माध्यम भाषा हो भने भाषाको प्रयोगबाट औपन्यासिक कृतिको रचना गर्दा अपनाइने वैयक्तिक ढङ्ग नै औपन्यासिक शैली हो । रचनाकारको यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । जसमा भाषिक एकाइको

---

[४३] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ३७ ।

[४४] दयाराम श्रेष्ठ, **पूर्ववत्**, पृ. १२ ।

[४५] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ३६ ।

[४६] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, **पूर्ववत्**, पृ. ६ ।

सौन्दर्यबोधक समुच्चय हुन्छ । भाषा एवम् विषयका दृष्टिमा विचलन हुन्छ ।[४७] व्यक्तिको भाव या विचार व्यक्त गर्ने माध्यम नै भाषा हो र भाषाको माध्यमद्वारा विभिन्न भाव या विचार अभिव्यक्ति गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो । त्यसैले व्यक्ति भाषा हो भने व्यक्तिको व्यक्तित्व नै त्यसको शैली हो ।[४८] अतः भाषा उपन्यासमा प्रयुक्त लेख्य रूप हो भने भाषालाई अभिव्यक्त गर्ने कलात्मक माध्यम नै शैली हो । यथार्थलाई वरण गर्ने, उपन्यासलाई जीवन्त बनाउने र मूर्त रूपमा प्रकट हुने साहित्यिक कला भाषाशैली हो । उपन्यास आख्यानात्मक साहित्यिक विधा भएकाले यसमा कलात्मक गद्य भाषाको प्रयोग गरिन्छ । उपन्यासमा कथ्य र लेख्य दुबै भाषाको आवश्यकतानुसार प्रयोग हुने गर्दछन् । उपन्यास पाठ्यप्रधान आख्यान विधा भएकाले भाषाशैली नै प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने एक मात्र सामग्री हो ।

कुनै पनि कृतिमा प्रयोग भएको भाषिक क्षमतालाई शब्दचयन, प्रतीक र बिम्ब, गति र लयका आधारमा हेर्न सकिन्छ । कृतिमा तत्सम, तद्भव, आगन्तुक, झर्रा के कस्ता शब्दहरूको छनौट भएको छ भनी हेर्नु नै शाब्दिक चयन हो ।

कुनै पनि मूर्त वस्तुको प्रयोगबाट अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । यसरी प्रयोग वस्तु वा घटना जसले सामान्य अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ ।[४९] त्यस्तै भाषाको माध्यमबाट मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छायालाई बिम्ब भनिन्छ । बिम्बले अमूर्ततालाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ, प्रतीकमाझैं मूर्त वस्तुको सहयोग लिँदैन ।[५०]

कथानकको विकासमा रहेको वेग नै गति हो । गतिकै सहयोगबाट क्रियाको द्वन्द्व पहिचान गर्न सकिन्छ भने उपन्यासको सारवस्तुमूलक गहिराइमा पुग्नका लागि पनि गतिको स्थिति विचार्नुपर्ने हुन्छ ।[५१]

भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुने रचनाको विशिष्ट प्रकारलाई शैली भनिन्छ । उपन्यासको भाषामा वर्णनात्मक विवरणात्मक, संवादात्मक, पत्रात्मक, कवितात्मक आदि विभिन्न प्रकारको शैली देखिन पुग्छ ।

---

[४७] मोहनराज शर्मा, **पूर्ववत्**, पृ. ३ ।

[४८] मोहनहिमांशु थापा, **पूर्ववत्**, पृ. ३३ ।

[४९] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. ४० ।

[५०] **ऐजन**, पृ. ४२ ।

[५१] **ऐजन** ।

## २.४ निष्कर्ष

**उपन्यास** शब्द **अस** धातुमा **उप** र **नि** उपसर्ग एवम् **घञ्** (अ) प्रत्यय लागेर बनेको शब्द हो । जसको अर्थ नजिक राख्नु वा आनन्द गराउने वाक्यका रूपमा प्रयोग भएको पाइन्छ । नेपालीमा प्रयुक्त उपन्यास शब्दलाई अङ्ग्रेजीमा **नोभल** भन्ने गरिन्छ । तसर्थ संस्कृतबाट लिइएको **उपन्यास** शब्दले **नोभल** शब्दको अर्थ प्रदान गर्न नसकेकाले आफ्ना पुराना अर्थसँग सम्बन्ध विच्छेद गरेर हाल अङ्ग्रेजी **नोभल** शब्दसँग साइनो गाँसेको पाइन्छ । पाश्चात्य साहित्यमा **नोभल** अर्थात् **उपन्यास** शब्दको जन्म अठारौं शताब्दीमा भएर विश्वसाहित्यका साथै नेपाली साहित्यमा पनि एक चर्चित साहित्यिक विधाका रूपमा विकसित हुँदै आएको छ । यसरी उपन्यासको लेखन तथा प्रकाशन हुन थाले पछि विभिन्न विद्वान्हरूले विभिन्न परिभाषाका माध्यमबाट उपन्यासलाई चिनाउने प्रयास गरेका छन् । उपन्यास भनेको मानव जीवनको सम्पूर्ण घटनाहरूको अभिव्यक्त गर्ने बृहत् गद्याख्यानात्मक रचना हो, जसमा कल्पनाको कलात्मकतामा यथातथ्यको उद्घाटन गरिएको हुन्छ । कुनै पनि वस्तुले पूर्ण संरचना प्राप्त गर्नका लागि विभिन्न संरचनात्मक घटकहरूको समायोजन गरे जस्तै उपन्यास निर्माणका लागि पनि विभिन्न संरचनात्मक घटकहरूको आवश्यकता पर्दछ, जसलाई उपन्यासका त□व भनिन्छ । उपन्यासका त□वहरू यति नै हुन् भनेर किटान गर्ने क्रममा विद्वान्हरूको मत एउटै हुन नसके तापनि अधिकांशले कथानक, चरित्र, परिवेश, सारवस्तु, दृष्टिबिन्दु र भाषाशैलीलाई यसका त□वका रूपमा मान्दै आएका छन् । यिनै त□वहरूको कलात्मक र समन्वयात्मक मेलबाट उपन्यासले पूर्णता प्राप्त गरेको हुन्छ । यिनै त□वहरूका आधारमा उपन्यासको अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

### परिच्छेद तीन

# इन्दिरा प्रसाईको उपन्यास यात्राको अध्ययन

## ३.१ परिचय

वि.सं. २०१४ मा जन्मिएकी इन्दिरा प्रसाईको औपचारिक साहित्यलेखनको प्रारम्भ वि.सं. २०३० मा **प्रेरणा** पत्रिकामा अधुरी शर्माका नामबाट **अस्वीकृत पत्र** शीर्षक कथाको प्रकाशनसँगै भएको हो ।[५२] लेखनको प्रारम्भिक कालदेखि नै उपन्यास लेखन थालेकी भए पनि उनले धेरै उपन्यासहरू लेख्दै छोड्दै गरेको पाइन्छ । यसरी लेख्दै छोड्दै गरेको अवस्थामा एकजना साहित्यकारको प्रेरणाबाट उनी उपन्यासको पूर्ण लेखनमा लागिन् र त्यसमा सफल पनि भइन् ।[५३] प्रसाईका हालसम्म **विश्वामित्र** (वि.सं. २०५५), **रनमाया** (वि.सं. २०५८), **शिखा** (वि.सं. २०५९) र **उसको लोग्ने र बिरालो** (वि.सं. २०६०) गरी जम्मा चारवटा उपन्यास प्रकाशित छन् ।

**शिखा** उपन्यासभन्दा करिब बाह्र वर्षपछाडि लेखिएको **विश्वामित्र** उपन्यास नै प्रकाशनका दृष्टिले प्रसाईको प्रथम उपन्यास हुन पुग्यो ।[५४] **विश्वामित्र** उपन्यास वि.सं. २०५५ मा प्रकाशित भएको र त्यसको बाह्र वर्षअगाडि नै **शिखा** उपन्यास लेखिएको भनिएबाट **शिखा** उपन्यासको लेखन वि.सं. २०४२/४३ तिर भएको पुष्टि हुन्छ । यसकारण प्रकाशनका दृष्टिले तेस्रो भए पनि **शिखा** उपन्यास लेखनका हिसाबले प्रसाईको पहिलो उपन्यास ठहरिन्छ । हालसम्म प्रकाशित यिनै चारवटा उपन्यासका आधारमा प्रसाईका औपन्यासिक यात्राको अध्ययन गरिएको छ ।

## ३.२ चरण विभाजन

कुनै पनि साहित्यकारले आफ्नो लेखनको सुरुदेखि अन्त्यसम्म एकै किसिमका प्रवृत्तिलाई निरन्तरता दिएर लेखिरहेको हुँदैन । समाज र समयको परिवर्तनबाट स्रष्टा पनि अछुतो रहन सक्दैन । समाज र समयसँगै ज्ञान, समाज र समयमा आएका यस्तै परिवर्तनहरूका कारण साहित्यकारका साहित्यिक यात्रामा विभिन्न मोडहरूको प्रवृत्तिहरू सृजना भएका हुन्छन् । यसो भन्दैमा कुनै पनि लेखकको एक प्रकारको लेखन प्रवृत्ति कुनै निश्चित बिन्दुमा रोकिई एक्कासि नयाँ विषयवस्तु वा प्रवृत्तिको सुरुवात पनि भएको हुँदैन । यसैले कुनै पनि सर्जकको साहित्यिक यात्राको मोड वा चरण विभाजन गर्न गहिरो अध्ययन र विश्लेषणको आवश्यकता पर्दछ ।

---

[५२] इन्दिरा प्रसाई, "प्रकाशकीय", **शिखा** (काठमाडौं : ने.रा.प्र.प्र., कमलादी, २०५९), पृ. ८ ।

[५३] इन्दिरा प्रसाई, "मेरो भनाइ", **रनमाया** (काठमाडौं : नइ प्रकाशन, २०५८), पृ. ११ ।

[५४] **ऐजन** ।

कुनै पनि सर्जकले आफ्ना लेखनगत वैशिष्ट्यहरूलाई सोद्देश्यमूलक ढङ्गले एक्कासि परिवर्तन गरेको हुँदैन । जीवन भोगाइको अनवरत यात्राका क्रममा उसका मन मस्तिष्कमा आउने क्रमिक परिवर्तन एवम् परिपक्वतासँगै क्रमशः परिवर्तन हुँदै जाने गर्छ । साहित्यकारमा आउने चिन्तनको नवीनता, परिपक्वता, उमेरको प्रौढता, ज्ञानको परिष्कृतता जस्ता परिवर्तनले उसको लेखन प्रवृत्तिमा फरक ल्याइरहेको हुन्छ । त्यस्तै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न घटना तथा परिवर्तन, शैलीशिल्पगत विविधता, जीवन जगतप्रतिको दृष्टिकोण, स्रष्टाको स्वयम् जीवन भोगाइ आदिका कारणले पनि स्रष्टाको सृजन प्रवृत्तिमा परिवर्तन ल्याइरहेको हुन्छ । यसैकारण साहित्यकारको साहित्यिक यात्राको विभिन्न मोड वा चरणहरूको सृजना भइरहेको हुन्छ । यहाँ यिनै आधारमा उपन्यासकार इन्दिरा प्रसाईको औपन्यासिक यात्राको चरण विभाजन गरिएको छ ।

साहित्यलेखनको प्रारम्भदेखि नै उपन्यास लेख्न थाले पनि प्रसाईको औपचारिक उपन्यास यात्राको सुरुवात वि.सं. २०५५ मा **विश्वामित्र** उपन्यासको प्रकाशन भएपछि हुन्छ । **विश्वामित्र** उपन्यास महिला समस्या र यौनचिन्तनमा केन्द्रित रहेको र यौन मनोविज्ञानको पक्षलाई केन्द्र बनाएको अवस्थामा प्रकट भएको देखिन्छ ।[५५] प्रेमलाई मूल विषयवस्तु बनाएर लेखिएको यस उपन्यासमा विवाहित र तीन सन्तानको बाबु विश्वामित्रसँग विवाह गर्ने मेनका विश्वामित्र फेरि जेठी पत्नी सुमित्रातिरै आकर्षित भएपछि तीन छक पर्छे र अन्त्यमा आत्महत्या गर्न पुग्छे । यसरी सामाजिक दृष्टिले आत्महत्या गरे पनि मेनका यसलाई आत्महत्या स्वकिार्दिन किनभने यसो गर्नाको मूल कारण विश्वामित्रले मानसिक रूपमा दिएको धोकारूपी 'पोटासियम साइनाइट' नै हो ।[५६] यसर्थ सामाजिक विषयवस्तुमा आधारित विश्वामित्र उपन्यासमा यौनमनोविज्ञानको चित्रण पनि गरिएको छ ।

प्रकाशनका दृष्टिले **रनमाया** (वि.सं. २०५८) प्रसाईको दोस्रो उपन्यास भए पनि लेखनको हिसाबले तेस्रो उपन्यास हो । यस उपन्यासको विषयवस्तुको स्रोत पनि समाज नै हो । यस उपन्यास भूटानी शरणार्थीमा आधारित भएर लेखिएको सामाजिक उपन्यास हो । यस उपन्यासमा भूटानबासी नेपालीहरूको दयनीय र पीडादायक स्थितिलाई सफल रूपमा उद्घाटन गरिएको छ ।[५७] नेपाली मूलका भूटानीहरूले भोटेहरूबाट भोग्नुपरेको सास्ती र उनीहरूले 'शरणार्थी' जीवन बिताउनु परेको कटु यथार्थलाई यस उपन्यासले उद्घाटन गरेको छ ।

---

[५५] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २९१ ।

[५६] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. १३४) ।

[५७] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २९१ ।

प्रकाशनका दृष्टिले तेस्रो भए पनि **शिखा** (वि.सं. २०५९) उपन्यास लेखनको हिसावले पहिलो उपन्यास हो । यस उपन्यासमा नारीलाई भोग्य वस्तु देख्ने पुरुषहरूको चिन्तन एकातिर र अर्कातिर नारीले पुरुष भोगलाई आफ्नो स्वादिष्ट तŒव ठान्ने मनोरचनाका पक्षहरू प्रस्तुत भएका छन् । नारी समस्यामा आधारित यस उपन्यासमा यौन मनोविश्लेषणको पनि प्रयोग भएको पाइन्छ ।[५८] यस उपन्यासमा पतिको भोग्या मात्र भएकी **शिखा** छोरीको मुख हेरेर बसेकी हुन्छे । छोरी बढ्दै गएपछि पितृरति ग्रन्थिले गर्दा बाबुतिर आकर्षित भई आफूलाई वास्ता नगरेपछि शिखामा वैराग्य उत्पन्न हुन्छ र जोगिनी भई हरिद्वारको रामघाट पुग्छे । यसरी यस उपन्यासमा पतिबाट भोग्याको रूपमा मात्र हेरिएकी नारीको समस्याको चित्रण गरिएको छ ।

**उसको लोग्ने र बिरालो** (वि.सं. २०६०) उपन्यास प्रसाईको अहिलेसम्म प्रकाशित उपन्यासहरूमध्ये अन्तिम उपन्यास हो । यस उपन्यासमा लोग्ने र स्वास्नीबीचको सम्बन्धको तेजावको रूपमा त्यहाँ आउने तेस्रो अस्तिŒवलाई लिएको छ र यस उपन्यासको सन्दर्भमा बिरालो तेस्रो अस्तिŒवको रूपमा देखापरेको छ ।[५९] यस उपन्यासका पात्रहरूमा यौनवृत्तिको प्रबल प्रयोग पाइन्छ भने नारी मानसिकता नबुझेको हुनाले लीला पतिलाई त्यागेर हिँडेकी छे ।[६०] यसरी सामाजिक विषयवस्तुमा आधारित यस उपन्यासमा पनि प्रसाईले यौन मनोविज्ञानको प्रयोग गरेकी छिन् ।

प्रसाईका हालसम्म प्रकाशित यिनै चारवटा उपन्यासहरूमा देखापरेका वैशिष्ट्यहरूलाई आधार मानेर उनको सिङ्गो औपन्यासिक यात्राको अध्ययन गरिएको छ । प्रकाशनका हिसावले तेस्रो भए पनि लेखनका हिसावले **शिखा** प्रसाईको पहिलो उपन्यास हो । प्रकाशित पहिलो उपन्यासभन्दा बाह्र वर्षअगाडि नै यसको लेखन भएको कारणले प्रसाईको चरण विभाजनको आधार प्रकाशन नभएर **शिखा** उपन्यासको लेखनको समयलाई मानिएको छ । यिनै चारवटा उपन्यासमा पाइने प्रवृत्तिगत वैशिष्ट्यका आधारमा प्रसाईको उपन्यास यात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ३.२.१ पूर्वार्द्ध चरण

प्रसाईको उपन्यासको पूर्ण लेखन अर्थात् **शिखा** उपन्यासको लेखनदेखि **विश्वामित्र** उपन्यासको प्रकाशन वि.सं. २०५५सम्मको अवधिलाई उनको उपन्यास यात्राको पूर्वार्द्ध चरण मानिएको छ ।

---

५८ **ऐजन** ।

५९ इन्दिरा प्रसाई, "सन्दर्भ : उसको लोग्ने र बिरालो", **उसको लोग्ने र बिरालो**, (काठमाडौं : नइ प्रकाशन, २०६०), पृ. १५ ।

६० कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्** ।

यस चरणमा प्रकाशित उपन्यासहरूको विवरण निम्न अनुसार छ :

| क.सं. | उपन्यासको नाम | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १. | विश्वामित्र | पिलग्रिम्स बुक्स हाउस, काठमाडौं | वि.सं. २०५५ |
| २. | शिखा | ने.रा.प्र.प्र., काठमाडौं | वि.सं. २०५९ |

यस चरणमा लेखिएको पहिलो उपन्यास **शिखा** हो । यस उपन्यासमा नारीसमस्याको चित्रण गरिनुका साथै यौन मनोविश्लेषणको प्रस्तुति पनि पाइन्छ । पतिबाट भोग्याका रूपमा मात्र हेरिएकी शिखा छोरीबाट पनि भावनात्मक प्रेम नपाएपछि जोगिनी भई हरिद्वारको रामघाट गएको घटनालाई यस उपन्यासमा देखाइएको छ । त्यसैगरी यस चरणको अर्को उपन्यास विश्वामित्र हो । पौराणिक पात्रहरू विश्वामित्र र मेनकालाई आधार बनाएर लेखिएको भए पनि यो उपन्यास आजको वातावरणलाई उद्घाटन गर्न अग्रसर छ ।[६१] मेनका विश्वामित्रका छोराछोरी र पत्नी भएको जान्दा जान्दै पनि उसँग विवाह गर्छे । विश्वामित्र पछि फेरि जेठी पत्नीतिरै लहसिन थालेपछि मेनकाले आत्महत्या गर्छे । यसरी यस उपन्यासमा एउटा नारीमाथि सौताको रूपमा पसेकी अर्की नारीको कारुणिक अन्त्यको चित्रण गरिएको छ ।

यी दुई उपन्यासका आधारमा प्रसाईको यस चरणको औपन्यासिक प्रवृत्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ३.२.१.१ नारी समस्याको उद्घाटन

प्रसाईका यस चरणका दुवै उपन्यासमा नारी समस्याको उद्घाटन गरिएको पाइन्छ । यस चरणको पहिलो उपन्यास **शिखा**की प्रमुख पात्र **शिखा** पतिको भोग्य वस्तुको रूपमा मात्र रहेकी छे । पतिले उसलाई शारीरिक र व्यवहारिक आवश्यकता पूर्तिको साधन मात्र ठानेको हुन्छ । पतिबाट आत्मीय प्रेम पाउन नसकेकी ऊ समाजमा नारी तथा सन्तानकी आमा भएकी कारण रविले राखेको विवाह र शारीरिक सम्बन्धको प्रस्तावलाई अस्वीकार गर्न पुग्छे । पतिबाट आत्मीयताको भाव पाउन नसके पनि शिखा छोरीको भविष्यको लागि आफू भित्रभित्रै जलेर भए पनि बसेकी हुन्छे तर ठूली हुँदै गएकी सानु पितृरति ग्रन्थिका कारण क्रमशः बाबुप्रति आकर्षित छन् थाल्छे र शिखासँग टाढिदै जान्छे । यसपछि भने छोरीको मुख हेरी आफ्नो इच्छा र चाहनालाई पनि तिलाञ्जली दिएर बसेकी शिखाको धैर्यको बाँध फुट्छ । अन्ततः ऊ जोगिनी भएर हरिद्वारको रामघाटमा पुग्छे । त्यहाँ पनि साधुबाटै

[६१] **ऐजन** ।

बलात्कृत भएपछि उसले विना गन्तव्य आफ्नो यात्रा तय गर्छे । यसरी यस उपन्यासमा घरभित्र र घरबाहिर नारीले भोग्नुपरेको मानसिक र शारीरिक समस्याको उद्घाटन गरिएको छ ।

त्यसैगरी यस चरणको अर्को उपन्यास **विश्वामित्र**मा मेनकाले तीनजना छोराछोरीको बाबु थाहा पाउँदा पाउँदै पनि विश्वामित्रसँग विवाह गर्छे । जेठी पत्नी सुमित्राबाट पाउन नसकेको भनेर अर्को विवाह गर्ने विश्वामित्र फेरि जेठी पत्नीसँगै लहसिन थाल्छ । यसरी विश्वामित्र जेठी पत्नीसँगै रमाउन थालेपछि मेनकाले आफ्नो अस्तित्व समाप्त हुन लागेको ठानी आत्महत्या गर्न पुग्छे । यसरी यस उपन्यासमा एउटी नारीमाथि सौताको रूपमा पसेकी अर्की नारीको कारणिक अन्त्यलाई मार्मिक तरिकाले देखाइएको छ । अतः प्रसाईका यस चरणका दुवै उपन्यासहरूमा नारीले भोग्नु परेको समस्याको उद्घाटन गरिएको छ ।

### ३.२.१.२ यौन मनोविज्ञानको प्रयोग

प्रसाईको यस चरणको प्रथम उपन्यास **शिखा** मा शिखा पतिको आवश्यकता पूर्तिको साधन मात्र बन्न विवश हुन्छे । पतिले आफ्नो इच्छा र चाहना नबुझेपछि उसले कयौं रात रोएर बिताएकी हुन्छे । त्यसैगरी शिखाकी छोरी सानु पितृरति ग्रन्थिले गर्दा बाबुको मात्र निकट हुन्छे र आमालाई वास्ता गर्दिन । त्यसैगरी यौन अतृप्तिका कारण उत्पन्न मानसिक तनाव शिखामा शारीरिक विकार बनेर आएको हुन्छ ।[६२] नारीलाई भोग्य वस्तु देख्ने पुरुषहरूको चिन्तन एकातिर र अर्कोतिर नारीले पुरुषभोगलाई आफ्नो स्वादिष्ट तŒव ठान्ने मनोरचनाका पक्षहरू **शिखा** उपन्यासमा प्रस्तुत भएका छन् ।[६३] त्यसैगरी प्रसाईको यस चरणको अर्को उपन्यास **विश्वामित्र** मा सुमित्राकहाँ विश्वामित्र जान थालेको थाहा पाएपछि विश्वामित्रबाट मेनकाले कुनै किसिमको आनन्द प्राप्त गर्न सक्दिन र उता सुमित्रा पनि विश्वामित्रबाट यौन सन्तुष्टि प्राप्त गर्न नसकेपछि आफैंलाई चिथोर्छे । यसरी यस उपन्यासमा यौन मनोविज्ञानको प्रयोग गरिएको छ । **विश्वामित्र** उपन्यासका प्रमुख पात्रहरूभित्र उत्पन्न चेतन र अचेतन तथा इद र सुपर इगोको द्वन्द्वलाई प्रस्तुत गरिएकाले यो उपन्यास मुख्य रूपमा मनोवैज्ञानिक बन्न पुगेको छ ।[६४] यसरी यस चरणका प्रसाईका दुईवटै उपन्यासमा मनोविज्ञानको प्रयोग गरिएको पाइन्छ ।

### ३.२.१.३ प्रमुख नारी पात्रहरूको कमजोर उपस्थिति

---

[६२] **ऐजन** ।

[६३] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २९२ ।

[६४] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्** ।

प्रसाईका यस चरणका दुईवटै उपन्यासमा नारी पात्रहरूले पुरुषको दरिलो प्रतिकार गर्न सकेका छैनन् । उनीहरू भित्रिभत्रै जलेर बसिरहेका हुन्छन् र अन्त्यमा जीवनदेखि नै हार खाएर पलायन भएका छन् । **शिखा** उपन्यासकी प्रमुख पात्र शिखा पतिको व्यवहारदेखि दिक्क भइसकेकी हुन्छे र पछि छोरीको व्यवहार पनि अपेक्षाकृत नपाएपछि विरक्तिएर जोगिनी भई हिँडेकी छे । त्यसैगरी अर्को उपन्यास **विश्वामित्र** मा विश्वामित्र जेठी पत्नीसँग रमाउन थालेपछि उसको पूर्ण रूपमा प्रतिकार गर्न नसकी आफैं खण्डित विश्वामित्रलाई स्वीकार्न नसक्ने ठानी मेनकाले आत्महत्या गर्छे । यसरी प्रसाईका यी दुईवटै उपन्यासमा प्रमुख नारी पात्रहरूको उपस्थिति कमजोर रूपमा देखाइएको छ ।

### ३.२.१.४ आत्मिक प्रेममा विश्वास

प्रसाईका यस चरणका दुबै उपन्यासमा आत्मिक प्रेमको वकालत गरिएको छ । उनको **शिखा** उपन्यासकी पात्र शिखा आफ्नो पतिबाट आत्मिक प्रेम पाउन नसकेपछि छट्पटाइरहन्छे र अन्त्यमा छोरीबाट पनि भावनात्मक प्रेम प्राप्त गर्न नसकेपछि गृहस्थी जीवन नै त्यागेर हिँडेकी छे । त्यसैगरी **विश्वामित्र** उपन्यासमा पनि भौतिक रूपमा सँगै भए पनि मानसिक रूपमा दुई भागमा विभाजित भएको विश्वामित्रलाई स्वीकार्न नसक्ने भनी मेनकाले आत्महत्या गर्छे । यसबाट पनि पुष्टि हुन्छ प्रसाईका यस चरणका उपन्यासमा आत्मिक प्रेममा विश्वास गरिएको छ ।

### ३.२.१.५ स्थानीय परिवेशको चित्रण

प्रसाईका यस चरणका उपन्यासमा मूलतः स्थानीय परिवेशको चित्रण गरिएको छ । **शिखा** उपन्यासमा मुख्य रूपमा मुख्य रूपमा विराटनगरको परिवेशको चित्रण गरिएको छ । कामतको चित्रणले ग्रामीण परिवेशलाई देखाएको छ । काठमाडौंको परिवेश पनि केही मात्रामा चित्रित छ र न्यून मात्रामा भारतको हरिद्वारको रामघाटको चित्रण पनि पाइन्छ । **विश्वामित्र** उपन्यासका सम्पूर्ण घटनाहरू काठमाडौंको परिवेशमा घटेका छन् । अतः यस चरणका उपन्यासहरूमा मूलतः स्थानीय परिवेशको चित्रण पाइन्छ ।

### ३.२.१.६ भाषाशैलीमा सरलता

प्रसाईका यस चरणका दुबै उपन्यासहरूको भाषाशैली सरल र सहज किसिमको रहेको पाइन्छ । **शिखा** उपन्यास नरनारीको सम्बन्धबारे मर्यादित भएर गम्भीरताका साथ लेखिएको र नव प्रयोगको आडम्बर विना सहज रूपमा सम्प्रेषणीय भाषा, शैली र पद्धतिमा रचिएको काव्यात्मक उपन्यास भएकाले पठनीय र मननीय छ ।[६५] यस उपन्यासमा पात्र अनुकूल भाषाको प्रयोग गरिएको पाइन्छ । भाषाको प्रयोगमा पात्रले आफ्नो हैसियतभन्दा

---

[६५] इन्दिरा प्रसाई, **शिखा**, **पूर्ववत्**, पृ. ९ ।

माथि उठेर भाषाको प्रयोग गरेका छैनन् । त्यसैले यो उपन्यास पढ्दा पाठकले सजिलैसँग उपन्यासको मर्म बुझ्न सक्दछन् ।

लोग्नेले गरेको अत्याचार शिखालाई सुनाउँदा रुन्चीकी आमाले प्रयोग गरेको भाषा उसको हैसियत र घटना अनुसार सुहाउँदो रूपमा देखिएको छ । जस्तैः

रक्सी धोकेर आएका थिए । जथाभावी बक्न थाले ।

बेइज्जती  गर्न तम्से । छोराछोरी पनि सुतेका थिएनन् ।

जस्तै पनि मैले कसरी स्वीकार गर्ने, लछार पछार गरे । मैले

पनि आफ्नो ताकतले भ्याएसम्म लुछाचुँडी नै गरें ।

(**शिखा** : पृ. ३२)

त्यसैगरी शिखाको पतिको पुरानो गाउँ कामतको

कालु हजामले बोलेको भाषा मैथिली रहेको छ ।

जस्तैः

बडकी मालकिन । आइटिन झार नही मिल्वो

यो हो बढियाँ जडी छे ।

(**शिखा** : पृ. १०१)

हरिद्वारको रामघाटमा शिखा बलात्कृत हुँदा बलात्कारी साधु नन्दिकेश्वरले हिन्दी भाषाको प्रयोग गरेको छ ।

शिखा ! तुम मुझे बोहुत पसन्द हो । तुम बोलोगी तो हम तुम से सादी बनानेको तोयार हैं ।

(**शिखा** : पृ. १२१)

यी बाहेक अरू सन्दर्भमा पनि विभिन्न पात्रहरूले प्रयोग गरेको भाषा सहज, सरस र सरल प्रकृतिको रहेको पाइन्छ । आत्मकथात्मक शैलीमा लेखिएको **शिखा** उपन्यास भाषाशैलीका दृष्टिले प्रसाईको सबैभन्दा उत्कृष्ट उपन्यासको रूपमा देखापरेको छ ।

त्यसैगरी प्रसाईको यस चरणको दोस्रो उपन्यास **विश्वामित्र** को भाषाशैली पनि सरल र सहज किसिमको रहेको पाइन्छ । यस उपन्यासमा पनि पात्र र सन्दर्भअनुसार भाषाको उचित समायोजन भएको पाइन्छ । सामान्यतयाः मानक नेपाली भाषामा लेखिएको यस उपन्यासमा सन्दर्भ अनुसार अन्य भाषाशैलीको पनि प्रयोग भएको पाइन्छ ।

मेनकाले हनुमान चालीसाको पाठ गर्दा कवितात्मक भाषाको पनि प्रयोग भएको पाइन्छ ।

जस्तैः

जय हनुमान ज्ञानगुनसागर

जय कपीस तिहुँलोक उजागर

(विश्वामित्रः पृ. ४०)

त्यस्तै विश्वामित्र बनारसमा रहेको सन्दर्भमा हिन्दी भाषाको प्रयोग पनि पाइन्छ ।

जस्तैः

'बेटे तुम लोग नहाँ धोका उपर खाना खाने के लिए आजाना ।'

(विश्वामित्र : पृ. ६५)

नेपाली भाषाकै प्रयोगमा दरबारिया शैलीको प्रयोग पनि यस उपन्यासमा पाइन्छ । यस्तो प्रयोग विश्वामित्र र मेनकाकामा काम गर्न बसेका व्यक्तिलगायत अन्य तल्ला वर्गका मानिसहरूले गरेको पाइन्छ ।

जस्तैः

'दुल्हैसाब ! ठूलो राजा आजकाल रातिसम्म पनि उता बसिसिन्छ रे ।'

यसरी केही मात्रामा यस उपन्यासको भाषा प्रयोगमा विविधता पाइए पनि मूलतः वर्णनात्मक शैलीमा रचना गरिएको यस उपन्यासको भाषा समग्रमा बोधगम्य छ र पात्रनुकूल प्रयोग भएको पाइन्छ ।

यसरी हेर्दा प्रसाइका यस चरणका दुईवटै उपन्यासको भाषा सरल र सहज रहेको छ । जसले गर्दा यी उपन्यासहरू पाठकका लागि बोधगम्य बनेका छन् । अझ **शिखा** उपन्यास त प्रसाईको भाषाशैलीका दृष्टिले चारवटा उपन्यासहरूमध्ये उत्कृष्ट स्थानमा रहेको छ ।

### ३.२.१.७ सामाजिक विषयवस्तुको प्रयोग

प्रसाईका यस चरणका दुवै उपन्यासका विषयवस्तु समाजबाट नै लिइएको हो । शिखा उपन्यासमा समाजमा पतिले पत्नीलाई भोग्याका रूपमा मात्र हेरेपछि सृजना भएको नारी समस्याको चित्रण गरिएको छ भने **विश्वामित्र** उपन्यासमा जानीजानी समाजकी एउटी नारीमाथि अर्की नारी सौताको रूपमा पसेपछि व्यहोर्नुपरेको कारुणिकताको चित्रण गरिएको

छ । यसर्थ यी दुवै उपन्यास सामाजिक विषयवस्तुमा आधारित भएर लेखिएका उपन्यासहरू छन् ।

### ३.२.२ उत्तरार्द्ध चरण

वि.सं. २०५८ मा **रनमाया** उपन्यासको प्रकाशन प्रसाईको उपन्यास यात्राको उत्तरार्द्ध चरणको सुरुवात हुन्छ । छोटो अवधिको यो उत्तरार्द्ध चरण वि.सं. २०६० मा **उसको लोग्ने र बिरालो** उपन्यासको प्रकाशन भएपछि अन्त्य हुन्छ । यस चरणमा प्रकाशित उपन्यासहरूको विवरण निम्नानुसार छ :

| क.सं. | उपन्यासको नाम | प्रकाशक | प्रकाशन मिति |
|---|---|---|---|
| १ | रनमाया | नइ प्रकाशन, काठमाडौं | वि.सं. २०५८ |
| २ | उसको लोग्ने र बिरालो | नइ प्रकाशन, काठमाडौं | वि.सं. २०६० |

प्रसाईको उत्तरार्द्ध चरणको पहिलो उपन्यास **रनमाया** हो । यस उपन्यासमा नेपाली मूलका भूटानीहरूले भोग्नु परेको तीतो यथार्थलाई उद्घाटन गरिएको छ । भूटान सरकार र त्यहाँका आदिवासी भनिएका भोटेहरूको शोषण र दमन खप्न नसकी आफ्नो थातथलो छोडेर नेपालमा आई शरणार्थी जीवन बिताउन बाध्य सम्पूर्ण भूटानीहरूको चित्रण यस उपन्यासकी मुख्य पात्र रनमायाका माध्यमले गरिएको छ । यिनै रनमायाको जीवनमा नै यस उपन्यासको कथावस्तु घटित भएको छ ।

प्रसाईको यस चरणको दोस्रो उपन्यास **उसको लोग्ने र बिरालो** हो । यस उपन्यासमा पूर्वार्द्ध चरणका उपन्यासहरूको प्रभाव धेरै परेको पाइन्छ । यस उपन्यासमा प्रयोग भएको विषयवस्तु केही मात्रामा उपन्यासकार स्वयम्ले भोगेको घटना पनि हो । त्यसैले उनको जीवनको उतारचढावको प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यस उपन्यासमा परेको छ ।[६६] इन्दिराले वि.सं. २०५५ वैशाख महिनामा महेश प्रसाईसँगको लामो दाम्पत्य जीवनको अन्त्य गरी सम्बन्धविच्छेद गरिन् ।[६७] त्यसपछि उनले नरेन्द्रराज प्रसाईसँग दोस्रो विवाह गरेकी छिन् । प्रसाईको जीवनको यस घटनाको प्रभाव केही हदसम्म यस उपन्यासमा परेको पाइन्छ । पूर्वार्द्ध चरणभन्दा भिन्न यस चरणका औपन्यासिक प्रवृत्तिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

#### ३.२.२.१ सामाजिक यथार्थको चित्रण

---

६६ इन्दिरा प्रसाई, **उसको लोग्ने र बिरालो**, **पूर्ववत्**, पृ. १३ ।

६७ सुरेन्द्र भट्टराई, **इन्दिरा प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्व** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५७), पृ. १२ ।

प्रसाईका यस चरणका दुबै उपन्यासहरूमा सामाजिक यथार्थको उद्घाटन गरिएको छ । आफैंले सुनेको, भोगेको र देखेको समाजका विभिन्न घटनाहरूलाई प्रसाईले यस चरणका उपन्यासहरूको विषयवस्तु बनाएकी छिन् । यस उत्तरार्द्ध चरणको पहिलो उपन्यास **रनमाया** मा नेपाली मूलका भूटानीहरूले भोग्नु परेको तीतो यथार्थको उद्घाटन गरिएको छ । दक्षिण भूटानको चिराङ जिल्लाको ग्रामीण क्षेत्रका नेपाली बासिन्दाहरूमाथि त्यहाँका आदिवासी भनाउँदा भोटेहरूले गरेको शोषण, दमन र सास्तीलाई यस उपन्यासमा देखाइएको छ । भोटेहरूको अत्याचार खप्न नसकी ज्यान जोगाउन त्यहाँबाट भाग्न विवश नेपालीहरूले नेपालमा आई शरणार्थी जीवन बिताउनु परेको कारुणिक चित्रण यसमा गरिएको छ । यसरी तितर बितर भएर भागेका नेपाली मूलका भूटानीहरूलाई भारतीय प्रहरीहरूले गरेको लुटपाट र दूर्व्यवहारलाई पनि यस उपन्यासमा उपन्यासकारले यथार्थपरक ढङ्गले रनमायाको जीवनकथाको माध्यमबाट प्रस्तुत गरेकी छिन् । जातीय द्वन्द्वका कारण समाजमा परेको नकारात्मक प्रभावको दुःखद परिणामलाई उपन्यासकारले यसमा घामझैं छर्लङ्ग पारेकी छिन् ।

यसैगरी यस चरणको दोस्रो उपन्यास **उसको लोग्ने र बिरालो** उपन्यासमा लेखक स्वयम्ले भोगेका केही कथा, केही उनले देखेका र केही सुनेका घटनाहरूलाई बुनिएका कारण यसमा यथार्थको उद्घाटन पाइन्छ ।[६८] यसरी आफ्नै जीवन भोगाइका क्रममा आएका केही घटनाहरू, आफू हुर्केको समाजमा देखेका र सुनेका कुराहरूलाई प्रसाईले विषयवस्तु बनाएर यस उपन्यासमा प्रस्तुत गरेकी हुनाले यस उपन्यासमा सामाजिक यथार्थको उद्घाटन गरिएको पाइन्छ । यसकारण प्रसाईका यस चरणका दुवै उपन्यासहरूमा सामाजिक यथार्थको उद्घाटन गरिएका कारण यी दुवै उपन्यासहरूले पाठकको मनमा प्रभाव पार्न सफल भएका छन् ।

### ३.२.२.२ नेपालभित्र र नेपालबाहिर दुवै परिवेशको चित्रण

प्रसाईको यस चरणको पहिलो उपन्यास **रनमाया** को प्रायः घटना भूटानको चिराङ जिल्लाको ग्रामीण परिवेशका घटेका छन् । केही भारतमा घटेका छन् भने नेपालको परिवेशको चित्रण न्यून छ । भूटानको चिराङ जिल्लाको ग्रामीण क्षेत्रमा बस्ने नेपाली मूलका भूटानीहरूमाथि त्यहाँका भोटेहरूले गरेको अन्याय र अत्याचारको चित्रण यस उपन्यासमा भएको छ । त्यसैगरी भागेर आएका शरणार्थीहरूलाई भारतीय प्रहरीहरूले गरेको दुर्व्यवहारको चित्रण सिलिगुडी र नक्सालबारीको परिवेशमा गरिएको छ ।

---

[६८] इन्दिरा प्रसाई, **उसको लोग्ने र बिरालो, पूर्ववत्,** पृ.१३ ।

यस चरणको दोस्रो उपन्यास **उसको लोग्ने र बिरालो** उपन्यासमा काठमाडौंको परिवेशको चित्रण गरिएको छ । नीला र आभास नारायणघाट घुम्न गएकाले त्यहाँको परिवेश पनि केही मात्रामा आएको छ । आभासले बिरालो त्यहीँबाट ल्याउँछ यसकारण यस उपन्यासको कथावस्तुको मुख्य अंश नारायणघाटको परिवेशसँग पनि जोडिएको पाइन्छ । यसर्थ यस चरणका प्रसाईका उपन्यासमा नेपालभित्र र नेपालबाहिर दुबै परिवेशको चित्रण गरिएको छ ।

### ३.२.२.३ प्रमुख नारी पात्रहरूको बलियो उपस्थिति

प्रसाईका पूर्वार्द्ध चरणका प्रमुख नारी पात्रहरूले पुरुषको नराम्रो व्यवहारको दह्रो प्रतिकार गर्न सकेका छैनन् । बरु उनीहरू आफैं नै जीवनदेखि हार खाएर पलायन भएका छन् तर प्रसाईका यस चरणका प्रमुख नारी पात्रहरू सङ्घर्ष गरी जीवन यापन गरिरहेका छन् । **रनमाया** उपन्यासकी प्रमुख नारी पात्र रनमाया भोटेहरूबाट ज्यान जोगाउनका लागि आफ्नो थातथलो छोडी भूटानबाट रातारात भाग्छिन् । उनका पाँच सन्तानहरू भूटानमै छोडिन्छन् भने दुईजना सन्तानहरू भारतमा हराउँछन् । यसरी आफ्ना सबै सन्तानको वियोग खप्न विवश भएर एक्लै बने पनि रनमायाले शरणार्थीका रूपमा आफ्नो जीवन गुजारिरहेकी छिन् । त्यसैगरी यस चरणको दोस्रो उपन्यास **उसको लोग्ने र बिरालो** उपन्यासकी प्रमुख नारी पात्र नीलाले दर्पणसँगको दाम्पत्य जीवन असफल भएर पनि प्रेमको खोजीमा आभाससँग दोस्रो दाम्पत्य जीवन सुरु गर्छे तर प्रेमको अप्राप्तिमै उसले त्यो सम्बन्धलाई पनि अन्त्य गर्न पुग्छे ।[६९] आभाससँग सन्तुष्ट नभएपछि एक्लिएर पनि जीवनदेखि हरेश नखाई आफ्नै नाममा घर किनेर उसले जीवन चलाउन थाल्छे । यसरी यस चरणको प्रसाईका दुवै उपन्यासहरूका प्रमुख नारी पात्रहरू बलियो रूपमा उपस्थित भएका छन् ।

### ३.२.२.४ प्रतीकको प्रयोग

यस चरणको पहिलो उपन्यास शिखामा आएको शिखाको पनि सीताराम पत्नीलाई भोग्या मात्र ठान्ने पुरुषको प्रतीकका रुपमा देखापरेको छ । त्यसैगरी साधु भएर पनि शिखालाई बलात्कार गर्ने साधु नन्दिकेश्वर साधु सन्तको खोक्रो आवरणले ढाकिएको कामुक मानिसको प्रतीकका रुपमा देखापरेको छ ।

त्यसैगरी **उसको लोग्ने र बिरालो** उपत्यासमा नीला र आभासको बीचमा बाधक बनेर आएको बिरालो पति र पत्नीको बीचमा आउने तेस्रो अस्तित्वको प्रतीकका रुपमा

---

[६९] **ऐजन**, पृ. १४ ।

देखापरेको छ ।[७०] त्यसैगरी आफूले चाहेजति माया नपाएपछि पतिलाई पनि त्याग्न सक्ने नीला जीवनलाई खुशीसाथ निर्वाह गर्न चाहने नारीको प्रतीकका रुपमा देखापरेकी छे ।

### ३.२.२.५ लघु उपन्यास लेखन

प्रसाईका पूर्वार्द्ध चरणको **शिखा** उपन्यास तेइस अध्याय र एकसय तेह्र पृष्ठमा संरचित छ । त्यसैगरी **विश्वामित्र** उपन्यास सोह्र अध्याय र एकसय तेत्तीस पृष्ठमा संरचित छ भने यस चरणका उपन्यास यी उपन्यासभन्दा लघु रूपमा प्रस्तुत भएका छन् । उनको **रनमाया** उपन्यास चौध अध्याय र एकहत्तर पृष्ठमा संरचित छ । त्यसैगरी **उसको लोग्ने र बिरालो** उपन्यास आठवटा अध्याय र छयासी पृष्ठमा संरचित छ । यस दृष्टिले प्रसाइका यस चरणका उपन्यास पूर्वार्द्ध चरणका उपन्यासभन्दा लघु रूपमा प्रस्तुत भएका छन् ।

### ३.२.२.६ भाषा प्रयोगमा विविधता

प्रसाईका यस चरणका उपन्यासमा भाषा प्रयोगका दृष्टिले हेर्दा विविधता पाइन्छ । उनको **रनमाया** उपन्यासमा भूटानबासी नेपालीहरूले बोल्ने नेपाली भाषामा कथ्य भाषाको बढी प्रयोगका साथै स्थानीय लवज पनि प्रशस्त भेटिन्छ । जस्तैः

खोइ दाजु ! ऊ त तीन दिनदेखि कतै गाको छैन हो,
यतिकै बिस्तारामा परेको पऱ्यै । आजु तिमीसँग त
बोल्यो पो । घरमा त उसको नोकरी गाको भन्दा पनि
उसको बेबहारको पो पीर परेको छ ।'

(**रनमाया,** पृ. ४८-४९)

केजाङ, रिन्जिन लगायत त्यहाँका अरू केटाकेटीहरूले नेपाली मूलका केटाकेटीहरूलाई जिस्क्याउने सन्दर्भमा गीतिलयात्मक भाषाको पनि प्रयोग गरिएको पाइन्छ । जस्तैः

नेपाली भतुवा भागी जा
आफ्नु देश भागी जा ।

(**रनमाया,** पृ. ५५)

उपन्यासको अन्त्य अन्त्यमा भारतको परिवेशमा घटेको घटनाको सन्दर्भमा हिन्दी भाषाको पनि प्रयोग पाइन्छ । जस्तैः

'बूढिया तो ढोंग करती है, इस साली की बात मत सुन तलासी ले ।'

(**रनमाया,** पृ. ८०)

---

[७०] इन्दिरा प्रसाई, उसको लोग्ने र बिरालो, **पूर्ववत्,** पृ. १३ ।

त्यसैगरी उसको लोग्ने र बिरालो उपन्यासमा स्तरीय नेपाली भाषाको प्रयोगका साथै दरबारिया भाषाको पनि प्रयोग पाइन्छ । जस्तैः

दुईटै लगिबक्सिए पनि भइहाल्छ नि राजा ।

(**उसको लोग्ने र बिरालो**, पृ. ६१)

त्यस्तै नीलाकी छोरी स्मृतिले बढी मात्रामा अङ्ग्रेजी मिसाएर नेपाली भाषाको प्रयोग गर्नुका साथै आफ्नी आमालाई पनि सामान्य आदरको प्रयोग गरेकी छे । जस्तैः

तिम्रा लागि ह्यापी न्युज छ मम्मी । तिम्रो ड्रिम पूरा भएको छ, मैले चार वर्षको स्कलरसिप पाएँ । नेक्स्ट विक म लण्डनमा हुनेछु ।

(**उसको लोग्ने र बिरालो**, पृ.३०)

यसकारण प्रसाइका पछिल्लो चरणका उपन्यासको भाषा प्रयोगमा अघिल्लो चरणको भन्दा विविधता पाइन्छ ।

## ३.४ निष्कर्ष

साहित्यिक लेखनको सुरुदेखिनै उपन्यास, लेखनको अभ्यास गरेकी इन्दिरा प्रसाईले **शिखा** उपन्यासको लेखनमार्फत उपन्यास लेखनमा पूर्णता प्राप्त गरेको पाइन्छ । उनको औपचारिक उपन्यास लेखनको सुरुवात भने वि.सं. २०५५ मा **विश्वामित्र** उपन्यासको प्रकाशन भएपछि हुन्छ । हालसम्म **विश्वामित्र** (२०५५), **रनमाया** (२०५८), **शिखा** (२०५९) र **उसको लोग्ने र बिरालो** (२०६०) गरी जम्मा चारवटा उपन्यासहरू प्रकाशित छन् । विश्वामित्र भन्दा बाह्र वर्ष अगाडि नै लेखिएको **शिखा** उपन्यास नै लेखनको दृष्टिले प्रसाईको पहिलो उपन्यास हो । **रनमाया** उपन्यासमा सामाजिक यथार्थको उद्घाटन गरिएको पाइन्छ भने अरू तीनवटा उपन्यासमा यौनमनोविज्ञानको प्रयोग गर्दै नारी समस्याको चित्रण गरेको पाइन्छ ।

**विश्वामित्र** उपन्यासभन्दा बाह्र वर्ष अगाडि नै **शिखा** उपन्यासको लेखन भएको कारणले चरण विभाजनको आधार बिन्दु **शिखा** उपन्यासको लेखनलाई मानिएको छ । प्रसाईका यिनै चारवटा उपन्यासहरूमा पाइने प्रवृत्तिगत वैशिष्ट्यताका आधारमा प्रसाईको उपन्यास यात्रालाई दुई चरणमा विभाजन गरिएको छ ।

**शिखा** उपन्यासको लेखनदेखि **विश्वामित्र** उपन्यासको प्रकाशन (२०५५) सम्मको अवधिलाई प्रसाईको उपन्यास यात्राको पूर्वार्द्ध चरण मानिएको छ । यस चरणका उपन्यासहरूमा सामाजिक विषयमा आधारित भई यौन मनोविज्ञानको प्रयोग गरी नारी समस्याको चित्रण गरिएको पाइन्छ । यस चरणका **शिखा** र **विश्वामित्र** दुबै उपन्यासका

प्रमुख नारी पात्रहरूको कमजोर उपस्थिति भएको पाइन्छ । जीवनदेखि विरक्तिएर शिखा जोगिनी हुन्छे भने मेनकाले आत्महत्या गरेकी छे । यी उपन्यासहरूमा मुख्य रूपमा नेपालकै सहरिया परिवेशको चित्रण पाइन्छ भने भाषा शैलीका हिसावले यी दुबै उपन्यासको भाषाशैली सहज र सरल किसिमको पाइन्छ ।

**रनमाया** उपन्यासको प्रकाशन (वि.सं. २०५८) देखि **उसको लोग्ने र बिरालो** उपन्यासको प्रकाशन (वि.सं. २०६०) सम्मको अवधिलाई प्रसाईको उपन्यास यात्राको उत्तरार्द्ध चरण मानिएको छ । यस चरणमा प्रकाशित **रनमाया** उपन्यास प्रसाईका अरू तीनवटा उपन्यासभन्दा भिन्न प्रकृतिको पाइन्छ । प्रसाईका यस चरणमा प्रकाशित उपन्यासहरूमा सामाजिक यथार्थको चित्रण पाइन्छ । नेपाली मूलका भूटानीहरूले भोग्नु परेको तीतो यथार्थलाई **रनमाया** उपन्यासले उद्घाटन गरेको छ भने **उसको लोग्ने र बिरालो** उपन्यासमा पनि लेखक स्वयम्ले भोगेका र देखेका घटनाहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस चरणका उपन्यासका प्रमुख नारी पात्रहरू सङ्घर्ष गरी आफ्नो जीवन चलाउने बलिया पात्रका रूपमा देखिएका छन् । आयामगत हिसावले छोटा भए पनि यस चरणका उपन्यासहरूको भाषा प्रयोगमा विविधता पाइन्छ । **रनमाया** उपन्यासमा प्रायः कथ्य भाषा र स्थानीय लवज प्रयोग भएको भाषाको प्रयोग गरिएको पाइन्छ र केही मात्रामा हिन्दी भाषाको पनि प्रयोग गरिएको छ । त्यसैगरी **उसको लोग्ने र बिरालो** उपन्यासमा स्तरीय नेपाली भाषा र दरबारिया भाषाको प्रयोगका साथै अंग्रेजी मिसिएको नेपाली भाषाको पनि प्रयोग गरिएको पाइन्छ । समग्रमा इन्दिरा प्रसाईंले नारीसमस्यामा केन्द्रित भएर यौनमनोविज्ञानको प्रयोग गरी सफल उपन्यास लेखेको पाइन्छ ।

**परिच्छेद चार**

# उपन्यासकार इन्दिरा प्रसाई

## ४.१ परिचय

इन्दिरा प्रसाईको औपचारिक साहित्यिक यात्राको सुरुवात वि.सं. २०३० मा **प्रेरणा** पत्रिकामा **अस्वीकृत पत्र** शीर्षक कथाको प्रकाशन भए पछि हुन्छ । उपन्यास, कथा, कविता, निबन्ध आदि विभिन्न साहित्यिक विधामा चलेको पाइन्छ तर प्रस्तुत अध्ययन प्रसाईको उपन्यासकार व्यक्तित्वमा मात्र सीमित रहेको छ । त्यसैले उनको उपन्यासकार व्यक्तित्वको मात्र यहाँ अध्ययन गरिएको छ । प्रसाईको औपचारिक उपन्यास लेखन वि.सं. २०५५ मा **विश्वामित्र** उपन्यास प्रकाशन भए पछि सुरु हुन्छ ।

## ४.२ विधा तत्त्वका आधारमा प्रसाईका उपन्यासहरूको अध्ययन

कथावस्तु, पात्र, परिवेश, सारवस्तु, दृष्टिबिन्दु र भाषाशैली गरी जम्मा उपन्यासका ६ वटा विधात□वका आधारमा प्रसाईका चारवटा उपन्यासहरूको अध्ययन गरिएको छ । कृतिपरक अध्ययनमा सूक्ष्म अध्ययन हुने भएकोले यस अध्ययनमा स्थूल अध्ययन मात्र गरिएको छ ।

### ४.२.१ 'विश्वामित्र' उपन्यासको अध्ययन

वि.सं. २०५५ मा प्रकाशित **विश्वामित्र** उपन्यास प्रसाईको प्रथम प्रकाशित उपन्यास हो । प्रस्तुत उपन्यास पुस्तकाकार रूपमा प्रकाशित हुनुभन्दा अगावै कान्तिपुर पत्रिकामा धारावाहिक रूपमा प्रकाशन भएको पाइन्छ ।[७१]

नारी समस्यामा आधारित भएर लेखिएको यस उपन्यासमा यौनमनोविज्ञानको चित्रण पनि गरिएको छ । जम्मा एकसय तेत्तीस पृष्ठमा संरचित यो उपन्यास सोह्र अध्यायमा विभक्त छ । सुरुको अध्यायलाई 'प्रारम्भअघि' भनेर नाम दिइएको छ र अन्तिमको अध्यायलाई 'अन्त्यपछि' भनिएको छ । बाँकी रहेका अध्यायलाई क्रमशः एक, दुई, तीन.... आदि भनिएको छ । उपन्यासको अन्तिम अध्यायमा उपन्यासकारले मेनकाको आत्महत्यालाई आत्महत्या नभएर विश्वामित्रले गरेको हत्या हो भनी ठोकुवा गरेकी छिन् । जे भए पनि पत्नी र छोराछोरी भएको जानी जानी विवाहित पुरुषसँग विवाह गरेकी मेनकाको कारुणिक अन्त्यको चित्रण यस उपन्यासमा गरिएको छ ।

#### ४.२.१.१ कथावस्तु

---

[७१] इन्दिरा प्रसाई, "मेरो भनाइ", **रनमाया, पूर्ववत्**, पृ. ११ ।

**विश्वामित्र** उपन्यास नारी समस्यामा केन्द्रित भएर लेखिएको सामाजिक उपन्यास हो । आफ्नो विवेकको प्रयोग नगरी निर्णय गरेर एउटी नारीमाथि सौताको रूपमा पसेकी अर्की नारीको कारुणिक अन्त्यको चित्रण यस उपन्यासमा मार्मिक ढङ्गले गरिएको छ । यस उपन्यासको कथावस्तु रैखिक ढाँचामा अगाडि बढेको पाइन्छ ।

मेनकाले आफ्नो उमेरभन्दा झण्डै दोब्बर उमेरको एक अधबैंसे पुरुष विश्वामित्रसँग प्रेमविवाह गर्छे । मेनकासँग परिचय भएकै बेलामा विश्वामित्रले आफ्नो जीवनकहानी सबै बताएको हुन्छ । झण्डै मेनकाकै उमेरकी एउटी छोरी ओजश्वी दुईजना छोराहरू र पत्नी सुमित्रा भएको कुरा खुलस्त पारेको हुन्छ । पत्नी सुमित्रासँग प्रेम नभएका कारण आफूलाई जीवन निराश लागेको कुरा उसले बताएको हुन्छ । यसरी विश्वामित्रको जीवन कहानी सुनिसकेपछि मेनकालाई उप्रति सहानुभूति जागेर आउँछ र उनीहरू बीचमा प्रेम बस्न पुग्छ । एक अर्का बिना बाँच्न नसक्ने भएपछि उनीहरूले औपचारिक रूपमा नै विवाह गर्दछन् । वैभवशाली विश्वामित्रलाई ज्वाइँ बनाउन पाएकोमा मेनकाका बाबाआमा पनि निकै खुसी भएका हुन्छन् । विवाह अगाडि नै मेनकाले विश्वामित्रलाई सुमित्रासँग कानुनी रूपमा नै पारपाचुके गर्न सल्लाह दिएकी हुन्छे । सुमित्रासँग आफ्नो कुनै किसिमको सम्बन्ध नभएको र अदालतको चक्करमा लाग्दा दुई तीन वर्ष त्यसै बित्ने भन्दै विश्वामित्रले कानुनी कार्यवाही चलाउँदैन । विवाह भइसकेपछि विश्वामित्रले मेनकालाई एउटा भाडाको फ्ल्याटमा लगेर राख्छ । विवाह भएको लगभग एक वर्षपछि उनीहरूको छोरोको जन्म हुन्छ । दुबै जनाको नामबाट छोराको नाम मेनवि राख्दछन् । मेनविको जन्म भएपछि विश्वामित्रले पूर्व कबुलअनुसार एउटा भव्य महल बनाएर मेनकालाई राख्दछ । त्यस घर भौतिक सुख र सुविधाले भरिपूर्ण हुन्छ भने मेनका र विश्वामित्र एक अर्कालाई अगाध प्रेम गर्दछन् । उनीहरूको दाम्पत्य जीवन अत्यन्तै प्रेमपूर्वक चलिरहेको हुन्छ । त्यस्तै समयमा विश्वामित्रकी जेठी पत्नीबाट जन्मिएकी छोरी ओजश्वीको मेनकाको घरमा आउने जाने क्रम चल्न थाल्छ । उसले भाइ मेनविलाई साह्रै माया गर्छे भने सानीआमासँग पनि उसको राम्रो सम्बन्ध स्थापित हुन्छ । मेनका पनि ओजश्वीको सुन्दरतामा मोहित हुन पुग्छे । विश्वामित्रले ओजश्वीलाई गरेको रुखो व्यवहारप्रति मेनका भित्रभित्रै असन्तुष्ट हुन्थी तर प्रत्यक्ष रूपमा विश्वामित्रलाई भन्न भने सक्दिन । यसरी एक प्रकारले मेनका र ओजश्वीको घनिष्टता बढ्दै गएको हुन्छ । भाइलाई खेलाउन भने पछि हुरुक्क हुने ओजश्वी पनि पटक पटक मेनकाका घरमा आइरहन्छे ।

उता आफ्नो जिद्दि स्वभावका कारण पतिसँग छुट्टिन पनि पछि नपरेकी सुमित्रालाई घरमा भौतिक सुविधा पर्याप्त भए पनि पतिको प्रेमको अभाव खड्किन्छ र ऊ विरामी हुन्छे । जति उपचार गरे पनि उसको विराम निको हुँदैन । त्यसैगरी ओजश्वी लगायत अरू

दुई छोराहरूलाई पनि पितृ स्नेहको अभाव महसुस हुन्छ । त्यसैले ओजश्वी विश्वामित्रको कार्यलयमा पुग्छे । सुरुमा त विश्वामित्रले उसलाई वास्ता गर्दैन तर ओजश्वीले अनेक अनुनय विनय गरी विश्वामित्रभित्र सुक्न लागेको उनीहरूप्रतिको माया र ममतालाई पुनर्जीवन दिन सफल हुन्छे । अन्ततः विश्वामित्र सुमित्राको घरमा जाने आउने गर्न थाल्दछ र विस्तारै-विस्तारै सुमित्रासँग रमाउन थाल्दछ । त्यसपछि विश्वामित्रले मेनकालाई भन्दा सुमित्रालाई बढी समय दिन थाल्दछ । त्यसरी सुमित्रासँग रमाउन थालेको विश्वामित्र मध्य रातमा मात्र मेनकाको घरमा जान थाल्दछ । मेनकालाई भने उसले कार्यालयको कामले गर्दा ढिलो भएको कुरा गर्दछ । मेनकाले विश्वामित्र दिनहुँ सुमित्राकहाँ गएको र त्यसैकारण मध्यरातमा घर आएको कुरा थाहा पाउँछे । त्यसपछि उसले विश्वामित्रलाई त्यहाँ नजान भन्छे तर विश्वामित्र उनीहरूलाई हेर्नु पनि आफ्नो कर्तव्य हो भन्छ । निरन्तर सुमित्रासँग जान थालेको विश्वामित्रबाट मेनकाले कुनै पनि किसिमको सन्तुष्टि प्राप्त गर्न सक्दिन । यसरी आफूले भनेको नमानी विश्वामित्र निरन्तर सुमित्राकहाँ जान थालेपछि मेनका भित्रभित्रै ईर्ष्या र पश्चातापले जल्न थाल्दछे । मेनकाले दुई तिर बाँडिएको खण्डित विश्वामित्रलाई आफूले स्वीकार्न नसक्ने ठान्छे र आफ्नो अस्तिŒव समाप्त हुन लागेको उसलाई महसुस हुन्छ । अन्ततः मेनकाले ग्याँस चुल्होबाट आगो लगाई आत्महत्या गर्दछे । त्रिकोणात्मक प्रेममा घुमेको यस उपन्यासको मूल कथावस्तुको यहीँ अन्त्य हुन्छ ।

मूल कथालाई रोचकता प्रदान गर्न अन्य सहायक कथाहरू पनि यस उपन्यासमा आएका छन् । उपन्यासको नवौं परिच्छेदमा आएको मनजङ्ग दाइको कथा उपन्यासको एउटा सहायक तर कारुणिक कथा हो । यस कथामा राणा रोलक्रममा परेका मनजङ्ग दाइका बाजे रणशमशेर र बाबु सुन्दर शमशेरले जुवा तास, रक्सी र रण्डीबाजी जस्ता कुलतमा फसेर आफ्ना सारा सम्पत्ति सक्छन् । त्यस्तै गरी उनकी आमाले पनि त्यस्तै कुलतमा फसेर बाँकी भएको चल अचल सबै सम्पत्ति सक्छिन् । त्यसपछि एउटा कोठा भाडामा लिएर आमा र छोरा बस्छन् र त्यत्तिकैमा मनजङ्ग दाइको विवाह जाँडरक्सी, चुरोटबिँडी र वेश्यावृत्तिको कुलतमा फसेकी चन्द्रकलासँग हुन्छ । धनी परिवारकी एक मात्र सन्तान भएको कारण सम्पत्तिको मोहले गर्दा मनजङ्ग दाइकी आमाले त्यस्ती केटीसँग पनि विवाह गर्न उनलाई कर गरेका कारण उनीहरूको विवाह भएको हुन्छ । उनीहरूबाट एउटा छोरो चन्द्रजङ्गको जन्म हुन्छ । पहिला तहस नहस भएको पारिवारिक स्थितिलाई मनजङ्ग दाइले सुधारेर केही मात्रामा व्यवस्थित पारेका हुन्छन् तर त्यसै क्रममा मनजङ्ग दाइ कामले घर बाहिर गएको मौका छोपी उनकी पत्नी र आमा फेरि वेश्यावृत्तिको कुलतमा फस्न पुग्छन् । आमा र पत्नीको त्यस्तो कुकर्म थाहा पाएपछि मनजङ्ग दाइलाई जीवनदेखि नै विरक्त लाग्छ र उनी आमा र पत्नी दुवैलाई मारेर आफू पनि मर्ने सोच बनाई नाङ्गो तरवार बोक्न पुग्छन् तर

बालक छोराको मायाले उनलाई त्यसो गर्न दिँदैन । त्यसको भोलिपल्टै आमाको मृत्यु हुन्छ भने पत्नी पनि घर छोडेर हिंड्छे । त्यसपछि मनजङ्ग दाइ छोरालाई लिएर फेरि भाडाको कोठामा बस्छन् । छोरो चन्द्रजङ्ग पनि विभिन्न कुलतमा फस्छ र मनजङ्ग दाइले गाली गर्दा उनैलाई मार्न झम्टने गर्दछ । केही समय पछि चाहिँ चन्द्रजङ्ग विस्तारै विस्तारै सुध्रिन्छ र एउटा घरमा काम गर्न थाल्दछ भने मनजङ्ग दाइचाहिँ विश्वामित्रकै घरमा काम गर्न बस्दछन् ।

त्यसैगरी यस उपन्यासमा मेनकाकी साथी ममताको कथा पनि सहायक रूपमा आएको छ । ममता कलेजका केटाहरूसँग जथाभावी प्रेम लीला गर्दै हिँड्छे । विवाह नभई मेनकालाई पनि त्यसै गर्न भन्छे तर मेनकाले उसको कुरा मानेकी हुँदिन । ममताको चरित्रमाथि शङ्का लागे पछि उसकी आमाले उसलाई एउटा गरिब केटो खोजेर विवाह गरिदिन्छन् ।

त्यसैगरी यस उपन्यासमा सुरेन्द्र र मेनकाको प्रेमप्रसङ्ग, हरिशङ्करको कथा, नोकर्नी केटी गीताको कथा, आदि सहायक कथाका रूपमा यस उपन्यासमा आएका छन् ।

**४.२.१.२ पात्र**

विश्वामित्र प्रस्तुत उपन्यासको प्रमुख पुरुष पात्र हो । उसकै नामबाट उपन्यासको नाम **विश्वामित्र** राखिएको छ । पत्नी र छोराछोरी भएर पनि अर्को विवाह गर्ने तर पछि फेरि जेठी श्रीमतीसँगै बढी नजिक हुने विश्वामित्र यस उपन्यासको प्रतिकूल पात्र हो । सुरुमा जेठी पत्नीबाट प्रेम नपाएको भन्दै दोस्रो विवाह गर्ने तर पछि फेरि जेठी पत्नीप्रति नै आकर्षित हुने ऊ गतिशील पात्र हो । उपन्यासमा रहेको महत्वपूर्ण भूमिकाका आधारमा विश्वामित्र मञ्चीय र बद्ध पात्र हो । पत्नीबाट आफूले चाहे जति प्रेम नपाएको भन्दै अर्को विवाह गर्ने तर पछि फेरि जेठी पत्नीसँगै बढी नजिकिएर कान्छी पत्नीलाई आत्महत्या गर्न बाध्य गराउने अर्थात् उपन्यासकारकै भाषामा भन्दा हत्या गर्ने विश्वामित्र सनकी पात्रका रूपमा देखापर्छ । यसकारण विश्वामित्र यस उपन्यासमा वैयक्तिक पात्रका रूपमा चित्रित छ ।

मेनका यस उपन्यासकी प्रमुख नारी पात्र हो । तीन जना छोराछोरी र पत्नी भएको थाहा पाएर पनि विश्वामित्रसँग विवाह गर्ने मेनका सुरुमा प्रतिकूल पात्र हो र पछि विश्वामित्रको व्यवहारबाट असन्तुष्ट भएर आत्महत्या गर्ने ऊ अनुकूल र गतिशील पात्रका रूपमा चित्रित छे । सौतामाथि विवाह गरेर पछि पछुताउँदै जीवनकै अन्त्य गर्ने मेनका यस उपन्यासकी वैयक्तिक पात्र हो । उपन्यासमा प्रमुख भूमिका निर्वाह गरेकी ऊ मञ्चीय र बद्ध

पात्र हो । आफूले खनेको खाल्डामा आफैं परेर जीवन लीला नै समाप्त गर्न पुगेकी मेनकाको कारुणिक अन्त्य यस उपन्यासमा देखाइएको छ ।

सुमित्रा यस उपन्यासकी अर्की प्रमुख नारी पात्र हो । सुरुमा आफ्नो हठ नछोडी लोग्नेलाई नै छोड्न पछि नपर्ने ऊ पहिला केही प्रतिकूल र पछाडि पतिको प्रेमको अभावमा पर्ने सुमित्रा अनुकूल पात्रका रूपमा देखापर्छे । यसकारणले सुमित्रा यस उपन्यासकी गतिशील पात्रका रूपमा देखिएकी छे । पतिको प्रेमको अभावमा विरामी पर्ने ऊ वैयक्तिक पात्र हो । त्रिकोणात्मक प्रेममा मह□वपूर्ण भूमिका खेलेकी सुमित्रा यस उपन्यासको मञ्चीय र बद्ध पात्र हो ।

सुमित्राको छोरी ओजश्वी उपन्यासकी सहायक नारी पात्र हो । विश्वामित्रभित्रको सुक्न लागेको प्रेम र ममतालाई पुनर्जीवन दिएर आमा र बाबुको पुनर्मिलन गराउन मह□वपूर्ण भूमिका खेलेकी ओजश्वी यस उपन्यासमा अनुकूल पात्रका रूपमा रहेकी छे । सौतेनी आमाको छोरो मेनविलाई खेलाउन भने पछि हुरुक्क हुने ऊ मिलनसार स्वभावकी वैयक्तिक र स्थिर पात्र हो । सुमित्रा र विश्वामित्रको मिलन  गराउन ओजश्वीको मह□वपूर्ण हात रहेकाले ऊ उपन्यासकी मञ्चीय र बद्ध पात्र हो ।

मनजङ्ग दाइ उपन्यासको गौण पुरुष पात्र हो । रण्डीबाजी, जूवातास र जाँडरक्सीमा फसेर पैतृक सम्पत्ति गुमाएको परिवारको सन्तानले पाएको कारुणिक दुःखको चित्रण मनजङ्ग दाइको दुःख मार्फत यस उपन्यासको सहायक कथावस्तुले गरेको छ । राणा परिवारको भएर पनि सम्पत्तिको अभावमा अर्काको घरमा बस्न विवश मनजङ्ग दाइ यस उपन्यासको वर्गीय र अनुकूल पात्र हो । गतिशील पात्रका रूपमा देखिएका मनजङ्ग दाइ यस उपन्यासमा मञ्चीय भए पनि मुक्त पात्रका रूपमा चित्रित छन् ।

यस उपन्यासमा मेनवि, ममता, उमा दिदी, गीता, उमेश, सुरेन्द्र, चन्द्रकला आदि जस्ता अन्य धेरै पात्रहरूको समावेश भएको छ । विभिन्न प्रसङ्गमा सहायक कथा गौण भूमिका निभाई उपन्यासको कथावस्तुलाई विकास गराउन यी पात्रहरूले मह□वपूर्ण भूमिका खेलेका छन् ।

**विश्वामित्र** उपन्यासमा उल्लेखनीय भूमिकामा आएका मञ्चीय पात्रहरूलाई प्रवृत्तिगत आधारमा पात्र विश्लेषण गर्ने प्रचलित तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

## तालिका नं. १

## 'विश्वामित्र' उपन्यासका मञ्चीय पात्रहरुको प्रवृत्तिगत तालिका

| क्र.सं. | आधार पात्र | १. लिङ्ग | | २. कार्य | | | ३. प्रवृत्ति | | ४. स्वभाव | | ५. जीवन चेतना | | ६. आसन्नता | | ७. आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क. स्त्री | ख. पुरुष | क. प्रमुख | ख. सहायक | ग. गौण | क. अनुकूल | ख. प्रतिकूल | क. गतिशील | क. स्थिर | क. वर्गीय | ख. वैयक्तिक | क. नेपथ्य | ख. मञ्चीय | क. बद्ध | ख. मुक्त |
| १ | विश्वामित्र | - | + | + | - | - | - | + | + | - | - | + | - | + | + | - |
| २ | मेनका | + | - | + | - | - | + | - | + | - | - | + | - | + | + | - |
| ३ | सुमित्रा | + | - | + | - | - | + | - | + | - | - | + | - | + | + | - |
| ४ | ओजश्वी | + | - | - | + | - | + | - | + | - | - | + | - | + | - | + |
| ५ | मनजङ्ग दाइ | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| ६ | ममता | + | - | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| ७ | मेनवि | | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| ८ | मनजङ्गकी आमा | + | - | - | - | + | - | + | + | - | - | + | - | + | - | + |
| ९ | सुरेन्द्र | - | + | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| १० | चन्द्रजङ्ग | - | + | - | - | + | - | - | + | - | - | + | - | + | - | + |
| ११ | उमा दिदी | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १२ | गीता | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १३ | उमेश | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १४ | हरिशङ्कर | - | + | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| १५ | विश्वामित्रका काका | - | + | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| १६ | मेनकाकी आमा | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| १७ | मुन्नी | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| १८ | चन्द्रकला | + | - | - | - | + | - | + | + | - | - | + | - | + | - | + |
| १९ | विष्णु | - | + | - | - | + | - | + | + | - | - | + | - | + | - | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | राधा | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |

### ४.२.१.३ परिवेश

प्रस्तुत उपन्यासमा सहरिया परिवेशको चित्रण पाइन्छ । काठमाडौंमा रहेको एक उच्चवर्गीय परिवारको अवस्थाको चित्रण यसमा गरिएको छ । नोकरचाकरको प्रस्तुतिबाट यस उपन्यासमा चित्रित विश्वासभित्रको परिवार राणा खान्दानबाट प्रभावित भएको आभास पाइन्छ । यस उपन्यासमा घटेका सम्पूर्ण घटनाहरू काठमाडौंको सेरोफेरोमा घटेका छन् । प्रेम र यौनका अभावमा कुण्ठित मानसिकताको चित्रण सुमित्राको मानसिकताबाट उद्घाटित भएको छ । भारतको बनारसको परिवेश पनि यस उपन्यासमा चित्रण गरिएको छ । लगभग चार वर्षको अवधि यस उपन्यासले ओगटेको पाइन्छ । अरूसँग पनि बाँडिएको पतिलाई स्वीकार गर्न नचाही आत्महत्यासमेत गर्न पुग्ने नारीहरूको मानसिक धरातलको उद्घाटन मेनकाको आत्महत्याले गरेको छ ।

आवश्यकता अनुसार पसल, होटेल, बगैंचा आदिको चित्रण पनि पाइन्छ । मानिसभित्र रहेको मनोलोकको चित्रण नै यस उपन्यासमा सशक्त भएर आएको छ । प्रस्तुत उपन्यासमा पात्रका कार्यव्यापारको निर्माणमा परिवेशले गहन जिम्मेवारी निर्वाह गरेको छ । कथावस्तु र पात्र वातावरणमा मिलेर अगाडि बढेकाले यस उपन्यासले समाजका असल र खराब व्यवहार एवम् वैचारिक पक्षलाई उजागर गरेको छ । घटना, पात्र र परिवेशको उचित सामानजस्यताले उपन्यासको कथावस्तुलाई विश्वसनीय बनाएको छ ।

### ४.२.१.४ सारवस्तु

प्रस्तुत उपन्यासको मुख्य सारवस्तु आफ्नो अविवेकी निर्णय र पुरुषको लापर्वाहीपूर्ण क्रियाकलापले कतिपय नारीहरू मृत्युको सिकार भएकार छन् भनेर देखाउनु हो । भौतिक सुखसुविधाको सम्पन्न भए पनि आत्मिक प्रेम र यौनको अभावमा कुनै पनि व्यक्तिमा उत्पन्न हुने मानसिक छटपटीलाई सुमित्राको मानसिक अवस्थाबाट चित्रण गरिएको छ । यस उपन्यासकी मुख्य नायिकाले आत्महत्या गर्नुपर्ने अवस्थाको पृष्ठभूमि जानी नजानी ऊ आफैंबाट निर्माण भएको पाइन्छ । त्यसैले आफैंजस्ती नारीमाथि सौताको पगरी गुथी त्यस घरमा पस्ने नारीले भोग्नुपरेको कटु यथार्थलाई मेनकाको आत्महत्याको घटनाले उद्घाटन गरेको छ । यस उपन्यासको मूल सारवस्तु यही नै हो ।

**विश्वामित्र** उपन्यासमा मूल कथालाई रोचक बनाउन सृजना गरिएका सहायक कथाहरूको पनि आ-आफ्नै किसिमको सारवस्तु रहेको छ । मनजङ्ग दाइको कथाले रण्डीबाजी, जुवातास र जाँडरक्सीमा लिप्त परिवारको सन्ततिले भोग्नु परेको दुर्दशा प्रस्तुत गर्नुका साथै एउटा वेश्या आइमाईसँग विवाह हुने असल चरित्रको मानिसको कारुणिक

जीवनगाथालाई उदाङ्गो पारेको छ । उमा दिदीको कथाले परम्परावादी संस्कारमा विश्वास राख्ने नारीहरूको जीवनलाई देखाएको छ । त्यसैगरी ममताको कथाले चरित्रहीन केटीले अन्त्यमा भोग्नुपरेको दुर्दशालाई देखाएको छ । प्रत्येक मान्छेमा यौनभोगको विश्वामित्र र मेनकाको बिम्बनिहित हुन्छ भन्ने कुरा उपन्यास **विश्वामित्र** बाट प्रकट भएको देखा पर्छ ।

### ४.२.१.५ दृष्टिबिन्दु

प्रस्तुत उपन्यासको सम्पूर्ण कथाको कथयिता उपन्यासकार स्वयम् हुन् । कुनै पात्रमा केन्द्रित नभई सबै घटना, क्रियाकलाप तथा पात्रका मानसिक अवस्था आदिको उपन्यासभन्दा बाहिरै बसी कथयिताले नै वर्णन गरेको हुनाले यसमा तृतीय पुरुष (बाह्य) अन्तर्गतको सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । जस्तैः

'होइन विश्वामित्रको गल्ती छैन, हेर आफ्ना छोराछोरी र स्वास्नीलाई भेटेर उसले कुनै अपराध गरेको छैन' सम्झाउन खोज्दै मेनकाको पराइ मनले दोहोऱ्याएर भन्यो । (पृ. ९४)

यस उपन्यासमा कथयिताको प्रत्यक्ष संलग्नता नभई विश्वामित्र, मेनका, सुमित्रा, ओजश्वी, ममता, मनजङ्ग दाइ, उमा दिदी आदि पात्रहरूका माध्यमद्वारा उपन्यासको सम्पूर्ण कथावस्तु उद्‌घाटित भएको छ ।

### ४.२.१.६ भाषाशैली

प्रस्तुत **विश्वामित्र** उपन्यासमा स्तरीय नेपाली भाषाको प्रयोग गरिएको पाइन्छ । यसको भाषा सरल र सहज छ । उपन्यासमा प्रयोग भएको भाषा कथा, समय र पात्रानुकूल प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त परिवार राणा खानदानबाट प्रभावित भएकोले र पात्रहरू सहरिया परिवेशका भएकाले दरबारिया भाषाको प्रयोग भएको पाइन्छ । जस्तैः

'दुल्हैसाब ! ठूलोराजा आजकाल रातिसम्म पनि कता बसिसिन्छ रे ।' (पृ. १२३)

यस उपन्यासको भाषामा 'अफिस', 'प्लिस', 'डार्लिङ', 'ड्रेसिङ' जस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि पाइन्छ । 'मुसुक्क', 'टुलुटुलु', 'भुसुक्क' जस्ता अनुकरणात्मक शब्दहरूको धेरै प्रयोगले यसको भाषालाई थप सुन्दरता प्रदान गरेको छ । मेनकाले 'हनुमान चालीसा'को पाठ गर्ने सन्दर्भमा कवितात्मक भाषाको प्रयोग पनि पाइन्छ । जस्तैः

जय हनुमान, ज्ञानगुनसागर

जय कपीस तिहुलोक उजागर

(पृ. ४०)

विश्वामित्र बनारसमा रहेको सन्दर्भमा हिन्दी भाषाको पनि प्रयोग पाइन्छ । जस्तैः

"बेटे, तुम्हारा चिउडा और आचारका जबाब नहीं । तुम्हारे यहाँ ये चीजें कितनी अच्छी बनती है ।" (पृ. ६४)

यस उपन्यासमा विश्वामित्र र मेनकाले प्रतीकात्मक रूपमा सृष्टिकै पुरुष र नारीको प्रतिनिधित्व गरेका छन् ।[७२] समग्रमा यस उपन्यासको भाषा सरल र बोधगम्य नै रहेको छ ।

### ४.२.२ 'रनमाया' उपन्यासको अध्ययन

वि.सं. २०५८ मा प्रकाशित **रनमाया** उपन्यास भूटानी शरणार्थीको जीवनमा आधारित सामाजिक उपन्यास हो । यस उपन्यासमा पात्र, घटना र परिवेशको उचित समायोजन गरी सरल भाषाशैलीको प्रयोग गरिएकाले यसले पाठकको मन जित्न सफल भएको छ । एकहत्तर पृष्ठमा संरचित यस उपन्यासमा चौध अध्याय रहेका छन् । दक्षिण भूटानको चिराङबाट खेदिएकी शरणार्थी रनमायाको जीवनमा घटेका घटनाहरूको यथार्थ चित्रण यस उपन्यासमा गरिएको छ ।

#### ४.२.२.१ कथावस्तु

**रनमाया** उपन्यास भूटानी शरणार्थीको जीवन कथामा आधारित सामाजिक उपन्यास हो । यस उपन्यासमा उपन्यासकी प्रमुख पात्र रनमायाका जीवनमा घटेका घटनाहरूको उद्घाटन गरिएको छ । त्यसैले यो उपन्यास घटना प्रधान उपन्यास हो । उनकै नामबाट उपन्यासको नाम पनि **रनमाया** राखिएको छ ।

रनमायाको परिवार दक्षिण भूटानको चिराङ जिल्लाको बडहरे गाउँमा प्रतिष्ठित रूपमा रहेको हुन्छ । उनका पति गोपालसिंह खड्काले गाउँमा स्कुल खोल्नदेखि लिएर विभिन्न किसिमका सामाजिक कार्यहरू गरेका हुन्छन् । गाउँभरि नै उनको यस्तो पुण्य कर्मको तारिफ गरिएको हुन्छ तर अल्पायुमै गोपालसिंहको मृत्यु हुन्छ । यसपछि छोराछोरीको पालनपोषणको सबै जिम्मेवारी रनमायाको काँधमा पर्दछ । सात सन्तानकी आमा रनमायाका जेठो छोरो शमशेर, जेठी छोरी धनमाया र माहिली छोरी राममायाको विहादान भइसकेको हुन्छ ।

भूटान सरकारले नै नेपाली मूलका भूटानीहरूलाई खेद्ने नीति लिइसकेपछि गाउँमा नेपाली मूलका भूटानीहरू माथि त्यहाँका आदिवासी भोटेहरूले अत्याचार गर्न थाल्छन् । रनमायाको कान्छो छोरो हीरालगायत नेपाली मूलका अन्य केटाकेटीहरूलाई केजाङ, रिन्जिन लगायत त्यहाँका भोटेका अन्य केटाकेटीहरूले स्कुलमै पिटेर घाइते बनाउन थाल्छन् । तिनीहरूलाई सजाय दिनुको साटो त्यहाँका आदिबासी भोटे जातका शिक्षकहरूले उल्टै

---

[७२] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. १३४ ।

नेपाली मूलका केटाकेटीहरूलाई नै पिट्छन् । हेडसर विमल शर्मा लगायत त्यहाँका अरू नेपाली शिक्षकहरू केही बोल्न नसकी टुलुटुलु हेर्न विवश हुन्छन् । यसरी नेपाली मूलका केटाकेटीहरूलाई स्कुल पठाउन पनि नसक्ने स्थितिको सृजना हुन थाल्छ । त्यस्तै नेपाली मूलका छोरी र बुहारीहरूलाई भोटेहरूले जथाभावी गर्न थाल्छन् र कतिपयलाई त बेपत्ता पनि पार्न थाल्छन् र यसले गर्दा त्यहाँ एक्लै दोक्लै आइमाई केटाकेटीहरू बाहिरफेर जान पनि नसक्ने अवस्था हुन्छ । रनमायाको जेठो छोरो शमशेरले लेकमा गाइभैंसी पालेर दूध र घ्यूको व्यवसाय सञ्चालन गरेको हुन्छ । उसको व्यवसायले राम्रो आम्दानी गरेको हुन्छ । दुई भाइ काम गर्ने केटा राखिदिएर शमशेरले गोठको रेखदेख गर्ने जिम्मा सिङ्गे दाजुलाई दिएको हुन्छ । त्यहाँबाट दूध र घ्यू ठेग्ने काम त्यहीँका दुईजना भोटेहरूले गरेका हुन्छन् । त्यत्तिकैमा एक दिन राती अरू भोटेहरूको मिलेमतोमा तिनै दुई भाइ भोटेहरूले शमशेरको गोठमा आगो लगाइदिन्छन् । सिङ्गे दाजुले फुकाउन भ्याएका चार माउ गाईबाहेक अरू सबै वस्तु जलेर मर्छन् ।

उता सरकारी क्षेत्रबाट पनि नेपालीहरू पीडित हुन्छन् । ग्रेजुएट पास गरेको रनमायाको जेठो ज्वाइँलाई सरकारले ठिङ्ग्राफ बनाएको हुन्छ तर त्यस पदमा भोटेलाई नै राख्नका लागि उसलाई जागिरबाट अवकास दिइन्छ । त्यसैको पिर सहन नसकी उसले आत्महत्या गर्दछ । त्यसैगरी स्कुलमा पढाउने नेपाली शिक्षकहरूलाई पनि क्रमशः हटाउन थालिन्छ ।

यसरी हरेक ठाउँमा भोटेहरूबाट नेपाली मूलका भूटानीहरू असुरक्षित हुन थाल्छन् । यस्तो असुरक्षा हुन थालेको विषयमा नेपालीहरूले गोप्य रूपमा छलफल गर्न सुरु गर्दछन् । यसै क्रममा एकदिन छलफलमा सहभागी भएका शमशेर लगायत सबै नेपालीहरूलाई भोटेहरूले समातेर जेलमा हाल्दछन् । त्यसरी समातिएकाहरूको नाम ठेगाना पत्ता लगाई उनीहरूको घरपरिवारसमेत सखाप पार्दै भोटेहरू गाउँ घुम्न थाल्छन् । यस्तो अवस्था सृजना भएको थाहा पाए पछि शमशेरले जेलबाटै घरपरिवारलाई तुरुन्त घर छोडी मुग्लान पस्नु भनेर गोप्य रूपमा चिठी पठाउँछ । त्यसैगरी शमशेरको घर खोज्दै भोटेहरू आउँदै गरेको कुरा गर्दै छिमेकी मकरबहादुरले सुनाउँछन् र तुरुन्त भूटानबाट बाटो लाग्न रनमायालाई सल्लाह दिन्छन् । त्यस्तो कुरा सुनेपछि रनमाया अलमलमा पर्छिन् अनि भएको अलिअलि रूपैयाँ पैसा बोकेर सिङ्गेदाजु र हर्कली लगायत घरमा भएका बुहारी सुनकेस्री, कान्छो छोरो हीरा र कान्छी छोरी मिठूलाई लिएर घरबाट हिँड्छिन् । विवाह भइसकेका धनमाया र राममाया आ-आफ्नै घरमा हुन्छन् । शमशेर जेलमै हुन्छ भने दाजुलाई खोज्न भनेर गएर माहिलो छोरो विराज र स्कुलको होस्टेलमा भएको साहिंली छोरी सुनमाया भूटानमै छोडिन्छन् । दाजुलाई खोज्न गएको विराज घरमा आउँदा घर रित्तो देख्छ र गाइवस्तुहरू

कराइरहेका हुन्छन् । यस्तो अवस्था देखेपछि ऊ छिमेकीका घरमा बुझ्न जान्छ । बहिनी सुनमाया घरमा आएकी र भोटेहरूले लछार्दै पछार्दै लगेको सुनेपछि उसलाई सही नसक्नु हुन्छ । त्यसैले ऊ केही नखाई बहिनीको खोजीमा हिड्छ । छिमेकीहरूले उसलाई पनि भाग्न भन्छन् तर उसलाई भोटेहरूको डरले आश्रय दिन चाहँदैनन् । रातमा पनि आश्रयविहीन भएपछि ऊ परालको एउटा माँचमा घुस्रिन पुग्छ ।

उता रनमायाहरू दुई दिनसम्म केही नखाई जङ्गलको बाटो पैदलै हिंडेपछि भारतको झारबारी पुग्छन् र त्यहाँबाट गाडी चढेर सिलिगुडी पुग्छन् । भूटानका अरू विभिन्न ठाउँहरूबाट त्यसैगरी खेदिएका नेपालीहरूलाई भेटेपछि रनमायाले सन्तानसँगै पुर्ख्यौली थलो छोडेर हिँड्नु परेको पीडालाई केही मात्रामा भुल्छिन् । उनीहरूले त्यहाँको एउटा होटेलमा भात खाएको पैसा तिर्दा रनमायाले पटुकाबाट झिकेर दिन्छिन् र रनमायासँग पैसा भएको थाहा पाएपछि होटेलवालाका साथ दुईजना प्रहरीहरू उनीहरू सुतिरहेको कोठामा आउँछन् । तिनीहरूले चोरको आरोप लगाउँदै रनमायासँग भएको सबै पैसा लैजान्छन् भने सुनकेस्रीलाई जथाभावी  गर्न थाल्छन् । त्यसरी सुनकेस्रीलाई जथाभावी गर्ने प्रहरीलाई हीराले दाउराले हानेपछि उसलाई पनि समातेर लैजान्छन् । भोलिपल्ट हीरालाई खोज्न गएका सिङ्गे दाजु रित्तो हात फर्किन्छन् । त्यसपछि भारतमा पनि आफूहरू असुरक्षित भएको ठानी रनमायाको परिवार लगायत अरू नेपालीहरू सबै पैदलै नेपालतिर लाग्छन् । धेरै ठूलो सङ्ख्यामा भएका भूटानीहरूलाई नक्सालबारीको थानाले निकै बेर रोक्छ । त्यहीँबाट मिठू हराएको थाहा पाएपछि सिङ्गे दाजु एक जना साथी लिएर उसलाई खोज्न जान्छन् भने अरू भूटानीहरूसँगै रनमायाहरू शिविरमा आइपुग्छन् । मिठूलाई नभेटेको कारणले गर्दा सिङ्गे दाजु सुतेकै ठाउँबाट बेपत्ता भएपछि मणिकुमार खनाल मात्र पन्ध्र दिनपछाडि शिविरमा आइपुग्छ ।

सुनकेस्रीको केही दिनपछि रनमायासँगै सुतेकै अवस्थामा मृत्यु हुन्छ भने हर्कली पागलझैं भएर शिविरका घरघरमा डुलिरहन्छे । यसरी आफ्ना सातैजना सन्तानको वियोगमा परेर एक्लै भएकी रनमाया प्रत्येक दिन आउँने शरणार्थीहरूलाई जेठो, माहिलो, हीरा, सुनमाया र मिठूलाई देख्यौ भनेर सोधिरहन्छिन् अनि उनीहरूबाट केही उत्तर नपाएपछि आफैं पछि आउलान् नि भन्दै चित्त बुझाउँछिन् । शिविरका कोही कोहीले उनलाई बहुलाही बूढी भन्छन् भने नयाँ आउँने शरणार्थी ट्वाल्ल परेर हेरिरहन्छन् । रनमाया एकान्तमा टुक्रुक्क बसेर विगतको आफ्नो पारिवारिक जीवन सम्झँदै रोइरहन्छिन् । यस उपन्यासको कथावस्तुको मार्मिक तरिकाले यहीँ अन्त्य हुन्छ । यसरी यस उपन्यासको कथावस्तु रैखिक ढाँचामा अगाडि बढेको पाइन्छ ।

### ४.२.२.२ पात्र

प्रस्तुत **रनमाया** उपन्यासमा प्रमुख, सहायक, गौण गरी धेरै पात्रहरूको उपस्थिति रहेको छ । **रनमाया** यस उपन्यासकी प्रमुख नारी पात्र हुन् । रनमायाकै नामबाट उपन्यासको नामकरण गरिएको छ । रनमायाकै जीवनमा घटेका घटनाहरूको चित्रण यस उपन्यासमा गरिएको छ । दक्षिण भूटानको चिराङकी स्थायी बासिन्दा रनमाया नियतिले ठगिएर सन्तानको वियोग खप्दै शरणार्थी जीवन बिताउन बाध्य भएकी उपन्यासकी अनुकूल पात्र हुन् । सुरक्षाको लागि आफ्नो घर, देश छोडेर भागेकी र अन्तिममा एक्लै भएर पनि जीवनदेखि हरेस नखाई जिन्दगी चलाइरहेकी स्थिर पात्र हुन् । उनकै सेरोफेरोमा उपन्यासको सम्पूर्ण कथावस्तु घुमेको कारण रनमाया बद्ध र मञ्चीय पात्र हुन् । आफ्ना सबै परिवारलाई गुमाएर पनि एक्लै साहसिलो जीवन विताइरहेकी रनमाया सम्पूर्ण भूटानी शरणार्थीहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हुन् ।

यस उपन्यासको सहायक पुरुष पात्र शमशेर रनमायाको जेठो छोरो हो । नेपाली मूलका भूटानीहरूले खप्नु परेको अत्याचारको प्रतिकारमा उत्रन खोज्ने ऊ एस.एल.सी. सम्म पास गरेको सचेत र अनुकूल पात्र हो । उपन्यासमा आफ्नो जातिको अस्तिŒवका लागि जेलमा जान पनि तयार भएको ऊ गतिशील पात्र हो । भोटेहरूको फन्दामा परी जेलमा पर्न विवश नेपाली मूलका भूटानीहरूको प्रतिनिधित्व गर्ने शमशेर वर्गीय पात्र हो । उपन्यासमा महŒवपूर्ण भूमिका भएका कारण ऊ मञ्चीय र बद्ध पात्र हो ।

सिङ्गे दाजु यस उपन्यासका अर्का सहायक पुरुष पात्र हुन् । रनमायाको घरमा सानैदेखि बसेका सिङ्गे दाजु रनमायाको परिवारमा जस्तो आपत पर्दा पनि साथ नछोड्ने अनुकूल पात्र हुन् । आफ्नै अगाडि आफ्नी मालिक्नीको दयनीय स्थिति हेर्न नसक्ने ठानेर भारतमै पलायन भएका सिङ्गे दाजु गतिशील पात्र हुन् । अर्काको घरमा बसेर जीविकोपार्जन गर्ने वर्गको प्रतिनिधित्व गर्ने उनी वर्गीय पात्र हुन् । उपन्यासमा मञ्चीय भएर पनि उनी मुक्त पात्र हुन् ।

शमशेरकी पत्नी सुनकेस्री उपन्यासकी सहायक नारी पात्र हो । नाना दुःख कष्ट सहेर पनि सासूसँगै नेपाल पसेकी ऊ अनुकूल पात्र हो । वर्गीय भूमिकामा प्रकट भएकी सुनकेस्री यस उपन्यासकी मञ्चीय तर मुक्त पात्र हो ।

यसैगरी प्रस्तुत उपन्यासमा गोपालसिंह खड्का, विराज, धनमाया, सुनमाया, हीरा, मिठू, शिवबहादुर खड्का, हर्कली, जुँगे अधिकारी, खपाङ्गी बूढा, हेडसर, दाहाल बाजे, होटेलवाला, भारतीय प्रहरीहरू आदि धेरै पात्रहरूको समावेश भएको छ । विभिन्न प्रसङ्गमा सहायक तथा गौण भूमिका निभाई उपन्यासको कथावस्तुलाई विकास गराउन यी पात्रहरूले

महत्त्वपूर्ण भूमिका खेलेका छन् । **रनमाया** उपन्यास आयामगत हिसावले सानो उपन्यास भए पनि धेरै पात्रहरूको प्रयोग गरिएको उपन्यास हो ।

**रनमाया** उपन्यासमा उल्लेख गर्न लायक भूमिकामा आएका मञ्चीय पात्रहरूलाई प्रवृत्तिगत आधारमा पात्र विश्लेषण गर्ने प्रचलित तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

**'रनमाया' उपन्यासका मञ्चीय पात्रहरुको प्रवृत्तिगत तालिका**

| क्र.सं. | आधार पात्र | १. लिङ्ग | | २. कार्य | | | ३. प्रवृत्ति | | ४. स्वभाव | | ५. जीवन चेतना | | ६. आसन्नता | | ७. आवद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क. स्त्री | ख. पुरुष | क. प्रमुख | ख. सहायक | ग. गौण | क. अनुकूल | ख. प्रतिकूल | क. गतिशील | क. स्थिर | क. वर्गीय | ख. वैयक्तिक | क. नेपथ्य | ख. मञ्चीय | क. बद्ध | ख. मुक्त |
| १ | रनमाया | + | - | + | - | - | + | - | - | + | + | - | - | + | + | - |
| २ | शमशेरबहादुर | - | + | - | + | - | + | - | + | - | + | - | - | + | + | - |
| ३ | सिङ्गे दाजु | - | + | - | + | - | + | - | + | - | + | - | - | + | - | + |
| ४ | सुनकेस्री | + | - | - | + | - | + | -- | + | - | + | - | - | + | - | + |
| ५ | गोपालसिंह खड्का | - | + | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| ६ | मिठू | + | - | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| ७ | विराजसिंह | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| ८ | हीरा | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| ९ | धनमाया | + | - | - | - | + | + | + | - | + | - | + | - | + | - | + |
| १० | होटेलवाला | - | + | - | - | + | - | - | + | - | - | + | - | + | - | + |
| ११ | सुनमाया | + | - | - | - | + | + | + | - | + | - | + | - | + | - | + |
| १२ | भारतीय प्रहरीहरू | - | + | - | - | + | - | - | + | - | - | + | - | + | - | + |
| १३ | धनमायाको पति | - | + | - | - | + | + | - | + | + | + | - | - | + | - | + |
| १४ | शिववहादुर खड्का | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| १५ | जुँगे अधिकारी | - | + | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| १६ | हेडसर विमल शर्मा | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | हर्कली | + | - | - | - | + | + | + | + | - | + | - | - | + | - | + |
| १८ | केजाङ | - | + | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| १९ | रिन्जिन | - | + | - | - | + | - | + | - | + | + | - | - | + | - | + |
| २० | भोटेहरू | - | + | - | + | - | - | - | + | - | + | - | - | + | - | + |
| २१ | खपाङ्गी बूढा | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| २२ | बराल बूढा | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| २३ | कान्छा | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| २४ | मनवीरे | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| २५ | मकरबहादुर | - | + | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| २६ | मणिकुमार खनाल | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| २७ | चन्द्रप्रसाद तिम्सिना | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| २८ | रनमायाकी आमा | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| २९ | नरमाया | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| ३० | नीमा | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |

### ४.२.२.३ परिवेश

मूलतः दक्षिण भूटानको चिराङ जिल्लाको सेरोफेरो नै **रनमाया** उपन्यासमा परिवेशका रूपमा चित्रत छ । यस उपन्यासको मुख्य घटना त्यहीं नै घटेको पाइन्छ । यसैगरी भारतको सिलिगुडी, नक्सालबारी लगायत नेपालको शरणार्थी शिविर पनि यस उपन्यासमा परिवेशका रूपमा आएका छन् । करिब अठार बीस वर्षअगाडि भूटानको चिराङ जिल्लाको ग्रामीण क्षेत्रमा बस्ने नेपाली मूलका भूटानीहरूले त्यहाँका भोटेहरूबाट खप्नु परेको शोषण र दमनको चित्रण यसमा सशक्त रूपले गरिएको छ । त्यहाँका भोटेहरूले गरेको अत्याचारको विरोधमा बोल्न खोज्ने नेपालीहरूमाथि गरिएको दमनका कारण सृजना भएको कारुणिक स्थितिको यथार्थ चित्रण यसले गरेको छ । सुरक्षाकर्मीको बर्दी लगाएर पनि चोरी, डकैती र लुटपाट गर्ने भारतीय प्रहरीहरूको मानसिकताको चित्रण पनि यस उपनयासमा गरिएको छ ।

आवश्यकता अनुसार सहरिया र ग्रामीण परिवेशको चित्रणमा साथै खोलानाला, वनजङ्गल, आदिको चित्रण पनि यस उपन्यासमा गरिएको छ ।

### ४.२.२.४ सारवस्तु

**रनमाया** उपन्यास भूटानी शरणार्थीमा आधारित उपन्यास भएकोले नेपाली मूलका भूटानीहरूले भोग्नु परेको दु:खकष्ट, पीडाका साथै उनीहरूले शरणार्थी हुनु परेको तीतो यथार्थको उद्घाटन नै यस उपन्यासको मुख्य सारवस्तु हो । नेपालबाहिर रहेका नेपालीहरूको समस्या र विदेश भूमिबाट लखेटिएर नेपाल पस्न विवश बनेका नेपालीहरू शरणार्थीका रूपमा प्रवेश गर्नाले जन्मेको समस्या प्रस्तुत उपन्यासमा निकै संवेद्य ढङ्गले प्रस्तुत भएको छ । नेपालबाहिर पुगेका नेपालीहरूको दयनीय र पीडादायक स्थितिलाई यस उपन्यासले सफल रूपमा प्रस्तुत गरेको छ ।[७३] यसैगरी भूटानबाट खेदिएका नेपालीहरूलाई भारतीय प्रहरीहरूले गरेको अत्याचार र अन्यायलाई पनि यस उपन्यासले देखाएको छ ।

### ४.२.२.५ दृष्टिबिन्दु

प्रस्तुत उपन्यासमा बाह्य वा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस उपन्यासमा कथयितालाई सबै पात्रको भावना, प्रतिक्रिया, विचार आदि समावेश गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिइएको छ । यस उपन्यासको कथयिता स्वयम् उपन्यासकार नै हुन् । यस उपन्यासमा उपन्यासकारको प्रत्यक्ष संलग्नता नभई विभिन्न पात्रहरूका माध्यमबाट कथावस्तुलाई अगाडि बढाइएको छ । रनमाया, शमशेर, सुनकेस्री, सिङ्गे दाजु आदि पात्रहरूका माध्यमले उपन्यासको सम्पूर्ण घटना उद्घाटित भएको छ । जस्तै:

'ए घरमा के भो, किन बोलाइन् हँ आमाले ?' शमशेरले पुन: प्रश्न गऱ्यो ।' (पृ. ५०)

### ४.२.२.६ भाषाशैली

**रनमाया** उपन्यासको भाषा सरल र सहज किसिमको छ । यस उपन्यासको घटना प्राय: भूटानको ग्रामीण परिवेशमा घटेका कारणले ग्रामीण कथ्य भाषाको बढी प्रयोगका साथै स्थानीय लवज पनि प्रशस्त पाइन्छ । जस्तै:

किन आज यसरी धुम्धुम्ती बसेका हौ बूढामान्छे !

सन्चो पो भएन कि हँ ? हिजोआजु डम्फुबजार गर्नु

जान पनि मलाई गाह्रो लाग्नु थाल्यो हौ बूढा मान्छे । (पृ. ३७)

भोटेहरूका बच्चाहरूले नेपालीका बच्चाहरूलाई जिस्क्याउने गरेको सन्दर्भमा गीतिलयात्मक भाषाको पनि प्रयोग भएको छ । जस्तै:

नेपाली भतुवा भागी जा

आफ्नु देश भागी जा

---

[७३] राजेन्द्र सुवेदी, **पूर्ववत्**, पृ. २९१ ।

(पृ. ५५)

'नहुनुभन्दा कानो मामा निको' भन्ने जस्ता उखान र 'क्वा क्वाँ', 'जुरुक्क' जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगले भाषालाई झनै मिठास थपेको छ । 'ठिङ्ग्राफ', 'ग्रेजुएट' जस्ता आगन्तुक शब्दहरूको पनि प्रयोग पाइन्छ । रनमायाहरू भारतको सिलिगुडीमा रहेको सन्दर्भमा हिन्दी भाषाको पनि प्रयोग पाइन्छ । जस्तैः

'तुमलोग चोरी करके आए हो । रिपोर्ट मिला है । तुमलोगोंकी तलासी लेना है ।'

(पृ. ७९)

हिन्दी भाषामा धेरै कमजोर पाठकलाई उपन्यासको अन्त्य अन्त्यमा केही समस्या आउन सक्ने भए पनि समग्रमा यस उपन्यासको भाषा सरल र बोधगम्य छ ।

### ४.२.३ 'शिखा' उपन्यासको अध्ययन

वि.सं. २०५९ मा प्रकाशित **शिखा** उपन्यास प्रकाशनका दृष्टिले तेस्रो भए पनि लेखनको हिसावले प्रसाईको प्रथम उपन्यास हो । नारीसमस्यामा आधारित भएर लेखिएको **शिखा** उपन्यास एकसय तेह्र पृष्ठमा संरचित भएर तेइस अध्यायमा विभक्त भएको छ । पतिको आत्मीय प्रेम नपाई भोग्या मात्र बनेकी एउटी नारीको चित्रण गरिएको छ । यस उपन्यासमा आएका प्रायः सबै नारी पात्रहरू समस्यामा गुज्रेका छन् ।

#### ४.२.३.१ कथावस्तु

प्रस्तुत उपन्यास नारी समस्यामा केन्द्रित उपन्यास हो र पतिले भावनात्मक प्रेम नगरी वासना पूर्तिको साधन मात्र बनाइएकी एउटी नारीको समस्याको उद्घाटन यस उपन्यासमा गरिएको छ । यस उपन्यासको कथावस्तु रैखिक ढाँचामा अगाडि बढेको छ । प्रमुख कथालाई रोचकता प्रदान गर्नका लागि यस उपन्यासमा अन्य सहायक कथाहरूको पनि निर्माण गरिएको पाइन्छ ।

उपन्यासकी प्रमुख नारी पात्र शिखाकी छोरी सानुको बाल सुलभ जिज्ञासाबाट यस उपन्यासको कथावस्तुको सुरुवात हुन्छ । पतिको आत्मीय प्रेम नपाई भोग्या मात्र बन्न विवश शिखालाई आफ्ना मन भित्रका सारा पीडा र व्यथा साथीसँग पोख्न पाउँदा हलुङ्गो महसुस हुन्छ । यसरी पीडा र व्यथा सुनाउने क्रममा साथीहरूसँग उसको एक प्रकारको प्रेम बस्न पुग्छ । सुरुमा नीशासँग भएको घनिष्टता चुँडिए पछि उषोसँग उसको आत्मीयता गाँसिन पुगेको छ । त्यसैले उसलाई समय समयमा उषोसँग फोनमा कुरा गर्न नपाउँदा खटपट हुन थाल्दछ । पतिको शारीरिक र व्यवहारिक आवश्यकता पूर्तिको साधन मात्र बनेकी शिखालाई सुरु सुरुमा त घर छोडेर हिँड्न पनि मन लागेको हन्छ तर सानुको

जन्मपछि भने उसलाई सन्तानको मायाले बाँध्दछ । आफ्नो आवश्यकता पूर्ति गर्न मात्र उसको पतिले उसलाई उपयोग गर्छ तर उसको चाहना भने बुझ्दैन । पतिले जस्तो आफ्नो चाहना पूरा गर्न शिखाले जिउँदो लाशसँग बलात्कार गर्न सक्दिन । त्यसैले उसले कयौं रात रौएरै बिताएकी हुन्छे र पतिको व्यवहारदेखि शिखामा क्रमशः बेचैन उत्पन्न हुन थाल्छ । आफ्नै घरमा भाडामा बस्ने रविसँग उसको राम्रो सम्बन्ध स्थापित हुन पुग्छ । विस्तारै उनीहरूबीच प्रेम बस्न पुग्दछ । पति नभएको बेलामा शिखाले रविलाई खान खान आफ्नैमा बोलाउँछे । त्यसैबेला रविले शिखालाई विवाहको प्रस्ताव राख्दछ तर उसले छोरीको भविष्य र समाजको डरको कारण त्यसलाई अस्वीकार गर्दछे । विवाहको प्रस्ताव अस्वीकार भए पछि रविले शिखालाई शारीरिक सम्पर्कका लागि अनुरोध गर्छ । यसलाई पनि पतिपरायण शिखाले आफू विवाहित भएको कारण देखाउँदै अस्वीकार गर्छे । शिखाबाट आफूले सोचेजस्तो नपाए पनि जागिरको सरुवा मिलाएर रवि काठमाडौं जान्छ । ऊ काठमाडौं गए पछि शिखालाई भित्र भित्रै पोल्न थाल्दछ ।

यसरी छोरीको भविष्यका लागि शिखाले भित्रभित्रै धमिराले खाइसकेको दाम्पत्य जीवनलाई पनि जोगाएर राख्छे । उसको पतिले छोरी सानी हुँदा कुनै पनि किसिमको पितृ स्नेह प्रदान गरेको हुँदैन । सानु पनि आमासँग मात्रै रमाएकी हुन्छे । समय बित्दै गए पछि सानु पितृरति ग्रन्थिका कारण आमासँग भन्दा बाबुसँग बढी रमाउन थाल्छे । बाबु छोरीको सम्बन्ध घनिष्ट बन्छ । यसपछि भने शिखालाई आफू एक्लो भएको महसुस हुन्छ र भित्र कता कता दुख्न थाल्छ । यसरी सानु आमासँग टाढिने र बाबुसँग नजिक हुन थाल्छे । आफूले सुनेका नयाँ नौला कुराहरू पनि बाबुलाई मात्र सुनाउँछे । आफू सुत्ने कोठामा पनि बाबुको फोटो राखेकी हुन्छे । घुम्न जाँदा पनि आमालाई छोडेर ऊ बाबुसँग मात्र जान्छे । यसरी सानुले पाइला पाइलामा बाबुको मात्र साथ लिन्छे भने आमाको कुनै वास्ता गर्दिन । पतिबाट प्रेम नपाए पनि छोरीको मुख हेरी आफूभित्र रहेका सारा कुण्ठालाई भुलेर बसेकी शिखालाई यसरी छोरीबाट पनि भावनात्मक प्रेम पाउन नसकेपछि भने पुरै वैराग्य लाग्दछ अनि गृहस्थी जीवननै त्यागी आत्मशान्तिका लागि जोगिनी भएर ऊ हरिद्वारको रामघाटमा पुग्छे । सांसारिक मोह त्यागी पवित्र तीर्थस्थलमा पुगेकी शिखा त्यहाँ पनि साधु बाबा नन्दिकेश्वरबाट बलात्कृत हुन्छे । जहाँ गए पनि नारीले पुरुषको शोषणको सिकार बन्नु पर्ने रहेछ भन्ने ठानी उसले यसपछि गङ्गा नदीमा आफ्नो प्राण बिसाउने सोच लिन्छे तर आत्महत्या गर्ने व्यक्तिको आत्माले कहिल्यै शान्ति नपाउने ठानेर उसले फेरि विना गन्तव्य आफ्नो यात्रा तय गर्छे । यसरी यस उपन्यासको मूल कथावस्तुको यहीं अन्त्य हुन्छ ।

सहायक कथाअन्तर्गत रुन्चीकी आमाको कथा यस उपन्यासमा कारुणिक रूपमा आएको छ । जाँड रक्सी खाएर आएको लोग्नेबाट एउटी निरीह नारीले भोगेको पीडाको

उद्घाटन यसमा गरिएको छ । रक्सी खाएर आएको लोग्नेले रुन्चीकी आमालाई छोराछोरीकै अगाडि लछार पछार गरी जबर्जस्ती बलात्कार गर्दछ । उसका संवेदनशील अङ्गहरूमा अगुल्टाले ठोस्ने आदि जस्ता कुकार्य गर्दछ । लोग्नेबाट यस्तो चरम यातना खप्नु पर्दा पनि रुन्चीकी आमाले समाजको डर र गरिबीको कारण उसलाई त्याग्न सक्दिन । ऊ यातना सहेरै बस्न विवश छे ।

त्यसैगरी तपसीको कथा पनि यस उपन्यासमा सहायक कथाको रूपमा देखापरेको छ । तपसी पतिबाट व्यक्त नारी हो । शिक्षित भएर पनि अर्को विवाहको कुरा गर्दा उसले त्यसमा विश्वास गर्दिन । फेरि पनि पतिबाट त्यागिने शङ्काले उनको मनभित्र जरा गाडेको हुन्छ । यसरी शिक्षित भएर पनि तपसीको कमजोर मानसिकताको चित्रण यस उपन्यासमा गरिएको छ ।

त्यसैगरी शिखाकी नन्द कृष्णाको कथा पनि यस उपन्यासमा सहायक भएर आएको छ । कृष्णाको पति शङ्करको क्यान्सर रोगका कारण युवा अवस्थामै मृत्यु हुन्छ । युवा अवस्थामै विधवा भएकी कृष्णालाई शिखाले दोस्रो विवाहको कुरा गर्छे तर ऊ आफ्नो बाँकी जीवन पतिको दिवङ्गत आत्माको शान्तिको लागि स्कुल खोलेर शिक्षिका भई बिताउने निर्णय गर्छे । त्यसैगरी शिखाको मामा र ठूलीआमाको कथा पनि यस उपन्यासमा सहायक भएर आएको छ । शिखाको मामाले पत्नीको मृत्यु भएको लगभग दुई महिनामा अर्को विवाह गर्छ तर शिखाकी ठूलीआमा बालविधवा हुन्छिन् । यसरी यस कथामा नारी पुरुषमा विभेद गर्ने नेपाली सामाजिक संस्कारको उद्घाटन गरिएको छ ।

### ४.२.३.२ पात्र

प्रस्तुत **शिखा** उपन्यास नारी समस्यामा आधारित उपन्यास भएका कारण यसमा नारी पात्रहरूको नै बढी प्रयोग गरिएको पाइन्छ । शिखा यस उपन्यासकी प्रमुख नारी पात्र हो । उपन्यासको सम्पूर्ण कथावस्तु उसकै सेरोफेरोमा घुमेको छ । उसैको नामबाट उपन्यासको नाम पनि **शिखा** राखिएको छ । पतिले आफूलाई सच्चा प्रेम नगरी भोग्याको रूपमा मात्र हेर्दा पनि छोरीको भविष्य सोचेर पाइला अन्त नचालेकी शिखा यस उपन्यासकी अनुकूल पात्र हो । छोरीबाट पनि भावनात्मक प्रेम पाउन नसकेपछि जीवन देखि नै विरक्तिएर घर छोडी जोगिनी भएर हिँडेकी ऊ गतिशील पात्र हो । पुरुषको यौनतृप्ति मात्र मेटाइदिने तर आफूचाहिँ कुण्ठित भएर बस्ने नारीहरूको प्रतिनिधित्व गरेकी ऊ वर्गीय पात्र हो । उसकै सेरोफेरोमा कथावस्तु घुमेका कारण शिखा यस उपन्यासकी मञ्चीय र बद्ध पात्र हो ।

शिखाको पति अर्थात् सीताराम यस उपन्यासको प्रमुख पुरुष पात्र हो । पत्नीलाई भोग्याका रूपमा ठान्ने र उसका इच्छा र चाहना नबुझ्ने ऊ प्रतिकूल पात्र हो । सुरुदेखि नै आफ्नो स्वभावमा परिवर्तन नल्याएको सीताराम स्थिर पात्र हो । आफ्नो चाहनाअनुरूप मात्र पत्नीलाई उपयोग गर्ने तर माया ममता नदिने ऊ वैयक्तिक पात्र हो भने उपन्यासमा नेपथ्य भूमिकामा रहेको सीताराम बद्ध पात्र हो ।

शिखाकी छोरी सानु उपन्यासकी सहायक नारी पात्र हो । उपन्यासमा शिखाको माया र आशाको केन्द्रकी रूपमा रहेकी सानु सुरुमा अनुकूल छे, तर पछि बाबुसँग मात्र घुलमिल भई आमाको वास्ता नगर्ने ऊ प्रतिकूल बन्न पुगेकी गतिशील पात्र हो । उपन्यासमा नेपथ्य भूमिकामा रहेकी ऊ बद्ध पात्र हो ।

रवि यस उपन्यासको सहायक पुरुष पात्र हो । विवाहित शिखामाथि आँखा नलाग्ने रवि प्रतिकूल र गतिशील पात्र हो । नेपथ्य भूमिकामा रहेको ऊ वैयक्तिक र मुक्त पात्र हो । त्यसैगरी यस उपन्यासमा उषो, तपसी, रुन्चीकी आमा, शिखाकी सासू, सुजताकी मम्मी, कृष्ण, साधु नन्दिकेश्वर आदि धेरै पात्रहरू रहेका छन् । विभिन्न प्रसङ्गमा सहायक तथा गौण भूमिकामा रही उपन्यासको कथानकलाई विकास गराउन यी पात्रहरूको महत्त्वपूर्ण हात रहेको छ ।

**शिखा** उपन्यासमा उल्लेखनीय भूमिकामा देखापरेका मञ्चीय पात्रहरूलाई प्रवृत्तिगत आधारमा पात्र विश्लेषण गर्ने प्रचलित तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

**'शिखा' उपन्यासका मञ्चीय पात्रहरुको प्रवृत्तिगत तालिका**

| क.सं. | आधार पात्र | १. लिङ्ग | | २. कार्य | | | ३. प्रवृत्ति | | ४. स्वभाव | | ५. जीवन चेतना | | ६. आसन्नता | | ७. आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क. स्त्री | ख. पुरुष | क. प्रमुख | ख. सहायक | ग. गौण | क. अनुकूल | ख. प्रतिकूल | क. गतिशील | क. स्थिर | क. वर्गीय | ख. वैयक्तिक | क. नेपथ्य | ख. मञ्चीय | क. बद्ध | ख. मुक्त |
| १ | शिखा | + | - | + | - | - | + | - | + | - | + | - | - | + | + | - |
| २ | सीताराम | - | + | + | - | - | - | + | - | + | - | + | - | + | + | - |
| ३ | सानु | + | - | - | + | - | + | - | + | - | - | + | - | + | + | - |
| ४ | रवि | - | + | - | + | - | - | + | + | - | - | + | - | + | -- | + |
| ५ | उषा | + | - | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| ६ | तपसी | + | - | - | - | + | + | - | + | - | + | - | - | + | - | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | रुन्चीकी आमा | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| ८ | शिखाकी सासू | + | - | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| ९ | कृष्णा | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १० | साधु नन्दिकेश्वर | - | + | - | - | + | - | + | - | + | - | + | - | + | - | + |
| ११ | सुजताकी मम्मी | + | - | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| १२ | शिखाको मामा | - | + | - | - | + | - | + | + | - | + | - | - | + | - | + |
| १३ | शिखाकी ठूलीआमा | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १४ | कालु हजाम | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| १५ | पञ्जावी बृद्धा | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| १६ | अम्बाबहिन | + | - | - | - | + | - | + | + | - | - | + | - | + | - | + |
| १७ | तृष्णा | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| १८ | मञ्जु | + | - | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| १९ | पन्नालाल | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |

### ४.२.३.३ परिवेश

प्रस्तुत उपन्यासमा मुख्य गरी विराटनगरको सहरिया परिवेशको चित्रण गरिएको छ । काठमाडौंको केही ठाउँ र कामतको ग्रामीण परिवेशको पनि चित्रण पाइन्छ । पुरुषको आवश्यकता पूर्तिको साधन मात्र भएकी, आत्मिक प्रेम नपाएकी नारीको मानसिकताको चित्रण यस उपन्यासमा गरिएको छ । लगभग बाह्र तेह्र  वर्षको अवधिमा यस उपन्यासको कथावस्तु निर्माण भएको छ । सानु बाबुसँग मात्र रमाउनुले पितृरति ग्रन्थिको कारण केटीहरूमा हुने स्वभावलाई देखाएको छ । हरिद्वारको रामघाट पनि नारीहरूका लागि असुरक्षित ठाउँका रूपमा चित्रित छ । त्यहाँ भएको साधु बाबा नन्दिकेश्वरले शिखालाई बलात्कार गर्नुले साधु बनेर बसेकाहरूको पनि कामवृत्तिलाई उजागर गरेको छ । यस

उपन्यासमा मध्यम वर्गीय परिवारको चित्रण गरिएको छ । आवश्यकता अनुसार फूलबारी, बगैंचा, खोला आदिको चित्रण पनि यस उपन्यासमा गरिएको छ ।

### ४.२.३.४ सारवस्तु

प्रस्तुत **शिखा** उपन्यासको मुख्य सारवस्तु पतिद्वारा वासना पूर्तिको साधन मात्र बनाइएकी नारीको समस्याको चित्रण गर्नु हो । यस उपन्यासमा शिखा पतिको भोग्या मात्र बनेकी छे । पतिबाट प्रेम पाउन सकेको छैन । अन्तिममा ऊ घर छोडेर हिँड्छे । यसले पतिबाट प्रेम नपाएर कुण्ठित बनेपछि शिखा जस्तै धेरै नारीहरूलाई वैराग्य उत्पन्न हुने कुरालाई छर्लङ्ग पारेको छ । सन्तानबाट पनि भावनात्मक प्रेम नपाए नारीले गृहस्थी जीवन नै त्याग्न सक्ने कुरा पनि यस उपन्यासले देखाएको छ । सन्त साधुहरूबाट पनि नारीहरू सुरक्षित नहुने कुरा पनि यस उपन्यासले देखाएको छ ।

त्यसैगरी लोग्नेको चरम यातना सहेर पनि समाजको डरले केही प्रतिकार गर्न नसकेका नेपाली नारीहरूको चित्रण रुन्चीकी आमाको कथाले गरेको छ । पतिबाट त्यागिएकी शिक्षित नारीको कमजोर मानसिकताको चित्रण तपसीको कथाले गरेको छ । नेपाली समाजमा नारीपुरुषबीचको असमान संस्कार अझैसम्म पनि रहेको छ भन्ने कुरालाई शिखाका मामा र ठूलीआमाको कथाले पुष्टि गरेको छ । पवित्र तीर्थस्थलमा पनि साधुसन्तको पगरी गुथी यौनपिपासुहरू बसेका हुन्छन् भन्ने कुरा शिखा बलात्कृत भएको घटनाले देखाएको छ ।

यसरी **शिखा** उपन्यासका मूल कथालगायत सहायक कथाहरूले देखाउन खोजेको विषय भनेको नारी समस्या नै हुन् । नेपाली समाजमा नारीहरू जुनसुकै कोठामा पनि पुरुषबाट शोषित भएको कुरा यस उपन्यासले देखाएको छ ।

### ४.२.३.५ दृष्टिबिन्दु

प्रस्तुत **शिखा** उपन्यासको प्रमुख पात्र **शिखा** नै उपन्यासकी कथायिता हो । उसले नै आफ्ना जीवनमा घटेका घटनाहरूलाई यस उपन्यासमा व्यक्त गरेकी छे । आत्मकथात्मक शैलीमा आफ्ना जीवनका वृत्तान्तहरू कथावस्तुको माध्यमबाट उपन्यासमा प्रस्तुत गरेकी छे । जस्तै:

'मलाई पराइहरूको बीच अमिल्दो जीवजस्तो लाग्यो म आफू नै आफैंलाई' (पृ. ११८)

अतः आफूले भोगेका र अनुभव गरेका कुरालाई यस उपन्यासकी प्रमुख पात्र शिखाले नै व्यक्त गरेकी हुनाले यस उपन्यासमा प्रथम पुरुष (आन्तरिक) केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

#### ४.२.३.६ भाषाशैली

प्रस्तुत उपन्यास अत्यन्तै सरल, सहज र सरस भाषामा रचिएको छ । नवप्रयोगको आडम्बरविना सहज रूपमा सम्प्रेषणीय हुने भाषा, शैली र पद्धतिमा रचिएको यो काव्यात्मक उपन्यास पठनीय एवम् मननीय छ ।[७४] आत्मकथात्मक शैलीमा लेखिएको यस उपन्यासमा समय, पात्र र परिवेशअनुकूल भाषाको प्रयोग गरिएको छ । यी तीन त□वको उचित सामाञ्जस्यले गर्दा उपन्यासले पाठकमा विश्वसनीयता कायम गरेको छ । सामान्य वर्गका पाठकले पनि उपन्यासलाई सजिलै बुझ्न सक्छन् । यसको सरल कवितात्मक भाषालाई 'हिङ नभएनी हिङ बाँधेको टालो', 'ढुङ्गा टुसाउनु' जस्ता उखान टुक्का र 'लमतन्न', 'पर्लक्क' जस्ता अनुकरणात्मक शब्दहरूले झनै सौन्दर्य प्रदान गरेका छन् । 'होमवर्क', 'अफेयर' जस्ता आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । यस उपन्यासको भाषामा कथ्य भाषाका साथै गाउँघरको स्थानीय लवज पनि पाइन्छ । जस्तैः

'एइ ! मूर्दा किन सुजताकी मम्मी खोजेर उनेरको घाउमा

नूनचुक दलेर मरेकी, त्यो नकचरी हिँडिसकी नाठो टिपेर' (पृ. ११३)

शिखा हरिद्वारको रामघाटमा भएको सन्दर्भमा हिन्दी भाषाको प्रयोग पनि पाइन्छ ।

जस्तैः 'तुम वास्तव में बहुत ही सुखद हो' (पृ. १२०)

त्यसैगरी शिखा पतिको पुरानो गाउँको कालु हजामले बोलेको भाषा मैथिली रहेको छ ।

जस्तैः 'कहाँ मलकिन, यतो आइटिन झार नहीं

मिल्बो, तनी देखुँ कोनु जडी मिलते कि ।' (पृ. १०१)

समग्रमा भन्नुपर्दा आत्मकथात्मक शैलीमा रचिएको **शिखा** उपन्यासमा सामान्य पाठकले पनि बुझ्न सक्ने सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ ।

### ४.२.४ 'उसको लोग्ने र बिरालो' उपन्यासको अध्ययन

वि.सं. २०६० मा प्रकाशित **उसको लोग्ने र विरालो** उपन्यास प्रसाईका अहिलेसम्मका प्रकाशित उपन्यासहरूमध्ये अन्तिम उपन्यास हो । यस उपन्यासमा पति पत्नीका बीचमा आएको तेस्रो अस्ति□वले गर्दा उनीहरूको सम्बन्धमा कसरी तुषारापात हुन्छ भन्ने कुरा 'नीला र आभासका बीचमा आएको बिरालोको उपस्थितिले प्रकाश पारेको छ । जम्मा छयासी पृष्ठमा संरचित यो उपन्यास आठ अध्यायमा विभक्त छ । उपन्यासकारले

---

[७४] इन्दिरा प्रसाई, "प्रकाशकीय", **शिखा, पूर्ववत्**, पृ. ९ ।

उपन्यासको अध्यायलाई एक, दुई आदि नभनेर पहिलो दिन, दोस्रो दिन आदि भनेकी छिन् र आठौं र नवौं दिनलाई एउटै अध्यायमा राखेकी छिन् ।

### ४.२.४.१ कथावस्तु

प्रस्तुत **उसको लोग्ने र बिरालो** उपन्यासको कथावस्तुको सुरुवात अन्त्यबाट भएको पाइन्छ । आभाससँगको सात दिने दाम्पत्य जीवनलाई अन्त्य गरी नीला आफूले नै किनेको घरमा आएर बसेकी हुन्छे । त्यही घरमा बसेर आफ्नो दोस्रो तर छोटो दाम्पत्य जीवनलाई सम्झन्छे । यस उपन्यासको कथावस्तुको सुरुवात यहीँबाट हुन्छ । यसकारण यस उपन्यासको कथावस्तु वृत्ताकारीय ढाँचामा संरचित भएको पाइन्छ ।

आभास पनि पत्नीसँग पारपाचुके गरेको व्यक्ति हो र नीला पनि पतिसँग पारपाचुके गरेकी नारी हो र त्यसैले उनीहरू दुवै जनाको यो दोस्रो विवाह हुन्छ । आभास नीलाको पहिलो पति दर्पणको साथी हो । स्मृति जन्मिएकी बेलामा नीलालाई आवश्यक परेको रगत आभासले दिएको थियो । यसैको थोरबहुत प्रभाव पनि यो विवाह हुनुमा परेको देखिन्छ । नीला र आभासको मिलनको कोशेढुङ्गोको रूपमा नीलाकी साथी उर्मिला देखा परेकी छे । आफ्नो घरमा रात्रीभोजको आयोजना गरी उसले नै उनीहरूको भेट हुने माध्यमको सृजना गरेकी हो । त्यसै बेलादेखि नीला र आभासको आउने जाने क्रम सुरु हुन्छ । यसरी एक आपसमा घनिष्टता बढ्दै गए पछि आफ्नो सम्बन्धलाई वैधता दिनका लागि उनीहरूले विवाह गर्दछन् । विवाहमा उर्मिलाको परिवारलाई मात्र निम्त्याइएको हुन्छ । दुबै जनाको दोस्रो विवाह भएका कारण बिहेमा कुनै किसिमको तडक भडक गरिएको हुँदैन ।

आभासको काठमाडौंमा भएको घरका साथै नारायणघाटमा पनि धेरै मौजा र घर हुन्छ । आभासका कलाकार बाबुका कलाकृतिहरू नारायणघाट र काठमाडौं दुबै तिरको घरमा सजिएका हुन्छन् । ती कलाकृतिहरूमा आभास बिरालो नै बिरालो देख्थ्यो र तस्बिर खिच्थ्यो भने नीलाले बनजङ्गल र टाकुराहरू देख्थी । आफ्नो बिरालो मोहका कारण आभासले सुत्ने कोठामा पनि बिरालोको तस्बिर राखेको हुन्छ । पतिपत्नी सुत्ने कोठामा प्रेम परिणयका तस्विरहरू मात्र देखेकी नीला बिरालोको तस्बिर देखेपछि अचम्म मान्छे । नीलाले अचम्म मानेको देखेपछि आभासले आफूलाई बिरालो अत्यन्तै मनपर्ने हुनाले अहिलेसम्म सातवटा बिरालो पालिसकेको कुरा गर्छ । त्यसमध्ये एउटा बिरालोलाई चाहिँ जेठी पत्नी रूपाले विष खुवाएर मारेको कुरा पनि उसले निराश हुँदै सुनाउँछ । आभासको घरको विछ्यौनामा पहिलो पटक उनीहरू रमाउन लागेका भए पनि त्यस बिरालोको तस्बिरको उपस्थितिले गर्दा नीलाले सोचेजति सन्तुष्टि प्राप्त गर्न सक्दिन ।

आभासको प्रस्ताव अनुसार उनीहरू नारायणघाटमा रहेको खेती हेर्न जान्छन् । नीला र आभासका बीचमा अगाध प्रेम हुन्छ । बाटोको बीचबीचमा गाडी रोकी तस्बिर खिच्दै उनीहरू नारायणघाट पुग्छन् । त्यहाँको खेतीमा बसेका सरयुग काका लगायत हजुरबुवा समान उमेरका गाउँका अन्य बूढापाकाहरू पनि राणा परिवारको सदस्य आभाससँग निहुँरिएको देख्दा नीलालाई संसारको भौतिक प्रबलताप्रति वितृष्णा लाग्न खोज्छ । फलफूलका बगैंचाहरूले घेरिएको आभासको खेती नीलालाई निकै रमाइलो लाग्छ । त्यता गाउँ घुम्दा, डुल्दा आभासले नीलाको खुबै ख्याल गर्छ । त्यसरी गाउँ घुम्ने क्रममा सरयुग काका लगायत उनीहरू जसबहादुरको घरमा पुग्छन् । त्यहाँ पुग्ने बित्तिकै आभासले बिरालाका छाउराहरू देख्छ र कति राम्रा रहेछन् भन्दै ती मध्ये एउटा छाउरो लाने कुरा गर्छ । घरमै बिरालोको तस्बिर देखेर वाक्क भएकी नीलाले सानै छ ठूलो भए पछि लैजादा हुँदैन भनेर अस्वीकृति जनाउँछे तर आभासले सानैमा मजाले रत्तिने भन्दै एउटा छाउरो लैजाने निर्णय गर्छ । बिरालोको उपस्थिति भएपछि आभासले नीलाप्रति गर्ने मायामा कमी हुन थाल्छ ।

आभासले गाडी चलाउनु पर्ने भएकोले मन नहुँदा नहुँदै पनि नीलाले बिरालोलाई काखमा बोक्छे । आभासले ठाउँ ठाउँमा बिरालो बोक्दै तस्बिर खिच्छ तर नीलाको कुनै वास्ता गर्दैन । यसपछि भने नीलाको मनभित्र चिसो पस्न सुरु हुन थाल्छ । यसै क्रममा नीलाको काखमा बिरालोले दिसापिसाब गरिदिन्छ । त्यतिखेर पनि आभासले नीलाप्रति कुनै सहनुभूति देखाउँदैन । बरु उल्टै बिरालोलाई बोकेर हावा खुवाउन भन्दै बाहिर निस्कन्छ । नीलाले बिरालो बोक्न नमानेपछि बाध्य भएर आभासले त्यसलाई पेरुङ्गोमा हाल्छ । यसरी नारायणघाटबाट काठमाडौं आउन्जेलसम्म पनि उनीहरूबीच माया प्रेमको कुनै पनि कुरा हुँदैन । आफूहरूको मिलनको प्रतीक स्वरूप बिरालोको नाम आभासले 'मिलन' राख्दछ । घर पुगेपछि पनि आभास बिरालोलाई खुवाउने र हेरचाह गर्ने काममै व्यस्त हुन्छ । बिरालो बिरामी भएपछि डाक्टर बोलाउने, औषधि किन्न जाने बिरालोलाई बगैंचामा डुलाउने आदि काममै आभासको समय बित्न थाल्छ । नीलालाई अफिस पुऱ्याउन पनि उसले ड्राइभरलाई लगाएको हुन्छ । आभास र नीलाको सुत्ने कोठामै बिरालोको झोलुङ्गो झुण्ड्याइएको हुन्छ भने त्यही छेउमा बिरालोको लागि छुट्टै कोठा, दराज आदि रहेको हुन्छ । आभासले बिरालोलाई एकछिन पनि आफूभन्दा टाढा राख्न चाहँदैन । यति सम्म कि नीलासँगको यौन आनन्दको उत्कर्षमा पुग्न लागेको बेलामा पनि बिरालो कराएको सुनेर ऊ जान्छ । त्यसपछि आएर फेरि ऊ पूर्वक्रियामा जुट्छ तर यसबाट नीलाले कुनै प्रकारको आनन्द प्राप्त गर्न सक्दिन । यस घटनापछि त झन नीलालाई आभासप्रति पुरै वितृष्णा लाग्न थाल्छ । अन्ततः उसले बिरालोसँग टाँस्सिएको आभासलाई स्वीकार्न नसक्ने ठान्छे । आभाससँग छुट्टिने निर्णय

गरी उसले आफ्नै नाममा सानो घर किन्छे ।आफूसँग बस्दा सुखी हुन नसकेकाले आफ्नै घरमा जाने नीलाको कुरा सुनेपछि आभासलाई छाँगाबाट खसेझैं हुन्छ । निर्णय फिर्ता लिन नीलालाई अनुरोध गर्छ तर नीला अडिग रहन्छे र आफ्नै घरमा जान्छे । यस उपन्यासको कथावस्तु यही टुङ्गिन्छ ।

**४.२.४.२ पात्र**

प्रस्तुत उपन्यासमा प्रमुख, सहायक, गौण, स्त्री, पुरुष आदि पात्रहरूका साथै मानवेत्तर पात्रको पनि समावेश गरिएको छ । नीला यस उपन्यासकी प्रमुख नारी पात्र हो । प्रेमको भोक मेटाउन आभाससँग दोस्रो विवाह गर्न पुगेकी नीला आभासबाट पनि प्रेम नपाएपछि सम्बन्ध तोड्न पुग्छे ।[७५] यसकारण ऊ उपन्यासकी अनुकूल तथा गतिशील पात्र हो । उसकै केन्द्रीयतामा कथावस्तु रहेका कारण नीला मञ्चीय र बद्ध पात्र हो । पहिलो दाम्पत्य जीवन असफल भए पछि पनि अर्को दाम्पत्य जीवन सुरु गर्ने तर अपेक्षाकृत नभएपछि दोस्रो दाम्पत्य जीवनलाई पनि अन्त्य गर्ने नीला वैयक्तिक पात्र हो ।

आभास यस उपन्यासको प्रमुख परुष पात्र हो । सच्चा प्रेम बिरालोलाई गरी पत्नीसँग यौनतृप्ति मात्र मेटाउने ऊ प्रतिकूल र गतिशील पात्र हो । कसैको कुनै प्रकारको संवेदनाले पनि छुने एकदम कठोर हृदय भएको, बिरालोजस्तो तुच्छ प्राणीका लागि यौनोत्तेजनाको चरम आनन्दको क्षणलाई समेत च्वाट्टै बिर्साउन सक्ने ऊ हृदयहीन कुनै यन्त्रजस्तो मात्र देखिन आएको छ ।[७६] मानवेत्तर प्राणीसँग प्रेम गरेर पत्नीको वास्ता नगर्ने आभास वैयक्तिक पात्र हो । उपन्यासमा महत्त्वपूर्ण भूमिका भएका कारण आभास मञ्चीय र बद्ध पात्र हो ।

यस उपन्यासमा मानवेत्तर पात्रका रूपमा बिरालोको उपस्थिति रहेको छ । उपन्यासमा खासै भूमिका निर्वाह नगरे पनि नीला र आभासको सम्बन्ध टुट्नुको कारक तत्त्व नै बिरालो हो ।[७७] उसको नाम मिलन राखिएको हुन्छ ।

नीलाकी छोरी स्मृति यस उपन्यासकी सहायक नारी पात्र हो । आफ्नी आमालाई हरेक समय साथ र सल्लाह दिने ऊ अनुकूल पात्र हो । आफ्नो नैसर्गिक अधिकार गुमाउन किमार्थ नचाहने र आफ्नो स्वतन्त्र निर्णयमा रमाउन चाहने ऊ नयाँ समाजकी एउटी प्रतिनिधि पात्र हो ।

---

[७५] इन्दिरा प्रसाई, “सन्दर्भ : उसको लोग्ने र बिरालो”, **उसको लोग्ने र बिरालो, पूर्ववत्**, पृ. १४ ।

[७६] विष्णुप्रसाद भट्टराई, “इन्दिरा प्रसाईको ‘उसको लोग्ने र बिरालो’ उपन्यास”, **गरिमा** (वर्ष २३, अङ्क ५, पूर्णाङ्क २६९, २०६२, मंसिर), पृ. ५५ ।

[७७] कृष्णहरि बराल र नेत्र एटम, **पूर्ववत्**, पृ. १३४ ।

उर्मिला उपन्यासकी अर्की सहायक नारी पात्र हो । आभास र नीलाको मिलनको कोशेढुङ्गो बनेकी ऊ अनुकूल पात्र हो । यसैगरी यस उपन्यासमास डा. दत्त, सुदेश, अंशु, सरयुग काका, जसबहादुर, हेमराज, दलबहादुर दाइ आदि धेरै पात्रहरू रहेका छन् । विभिन्न प्रसङ्गमा सहायक तथा गौण भूमिका निभाई उपन्यासको कथानकलाई विकास गराउन यी पात्रहरूको मह□वपूर्ण हात रहेको छ ।

**उसको लोग्ने र बिरालो** उपन्यासमा उल्लेखनीय भूमिकामा देखापरेका मञ्चीय पात्रहरूलाई प्रवृत्तिगत आधारमा पात्र विश्लेषण गर्ने प्रचलित तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ४**

**'उसको लोग्ने र बिरालो' उपन्यासका मञ्चीय पात्रहरुको प्रवृत्तिगत तालिका**

| क्र.सं. | आधार पात्र | १. लिङ्ग | | २. कार्य | | | ३. प्रवृत्ति | | ४. स्वभाव | | ५. जीवन चेतना | | ६. आसन्नता | | ७. आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क. स्त्री | ख. पुरुष | क. प्रमुख | ख. सहायक | ग. गौण | क. अनुकूल | ख. प्रतिकूल | क. गतिशील | क. स्थिर | क. वर्गीय | ख. वैयक्तिक | क. नेपथ्य | ख. मञ्चीय | क. बद्ध | ख. मुक्त |
| १ | नीला | + | - | + | - | - | + | - | + | - | - | + | - | + | + | - |
| २ | आभास | - | + | + | - | - | - | + | + | - | - | + | - | + | + | - |
| ३ | स्मृति | + | - | - | + | - | + | - | + | - | - | + | - | + | - | + |
| ४ | उर्मिला | + | - | - | + | - | + | - | + | - | - | + | - | + | - | + |
| ५ | सुदेश | - | + | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| ६ | सरयुग काका | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| ७ | जसबहादुर | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| ८ | पसले | - | + | - | - | + | + | - | - | - | + | - | - | + | - | + |
| ९ | रूपा | + | - | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| १० | अंशु | + | - | - | - | + | + | - | - | + | - | + | - | + | - | + |
| ११ | दलबहादुर दाइ | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १२ | मङ्गलमान | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १३ | डा. दत्त | - | + | - | - | + | + | - | + | - | - | + | - | + | - | + |
| १४ | शेरबहादुर | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | सरयुगकी पत्नी | + | - | - | - | + | + | - | - | + | + | - | - | + | - | + |
| १६ | रामजी शर्मा | - | + | - | - | + | + | - | + | - | + | - | - | + | - | + |
| १७ | कृष्ण | - | + | - | - | + | + | - | - | + | + | - | - | + | - | + |

### ४.२.४.३ परिवेश

प्रस्तुत उपन्यासमा मूलतः सहरिया परिवेशको चित्रण गरिएको छ । काठमाडौंको सेरोफेरोमा नै यस उपन्यासको मुख्य कथावस्तु घटित भएको छ । ग्रामीण परिवेशको रूपमा नारायणघाटमा रहेको आभासको खेतीको चित्रण गरिएको छ । नोकरचाकरको प्रस्तुतिका साथै आभासको हैसियतलाई हेर्दा यस उपन्यासमा प्रयुक्त परिवार राणा परिवार हो भन्ने पुष्टि हुन्छ । यस उपन्यासको कथावस्तु नौ दिनको घटनामा आधारित भएका कारण उपन्यासको समयावधि नौ दिनको रहेको पुष्टि हुन्छ । काठमाडौंदेखि नारायणघाटसम्मको यात्राको वर्णन यस उपन्यासमा भएको र त्यहाँको बाटो, नारायणी नदी आदिको चित्रण पनि उपन्यासमा गरिएको छ । मानवेत्तर प्राणी बिरालोसँग प्रेममा डुबेको मानसिकताको चित्रण पनि यस उपन्यासमा भएको छ । आवश्यकताअनुसार फूलबारी, बगैंचा, अफिस आदि यसमा परिवेशका रूपमा देखापरेका छन् ।

### ४.२.४.४ सारवस्तु

पति पत्नीको बीचमा कुनै पनि तेस्रो अस्ति□व खडा भएपछि उनीहरूको सम्बन्धमा तुषारापात पर्ने कुरा देखाउनु नै यस उपन्यासको मुख्य सारवस्तु हो । आपसी सद्भाव र प्रेम कायम हुन नसकेमा पतिपत्नीको सम्बन्ध पनि छोटो समयमा नै टुट्न सक्छ भन्ने कुरा यस उपन्यासले देखाइएको छ । यस उपन्यासले स्त्री कुण्ठा र स्त्रीभावनालाई देखाउनुका साथै मानवीयता, हृदय, सुखानुभूति आदि नभएको पुरुष वर्गको अत्यन्त अनुदार तिरष्कारयुक्त व्यवहारको कठोर भर्त्सना गरिनुपर्छ भन्ने आशय छ ।[७८] बिरालोसँग मात्र प्रेम गरेर पनि आभासले नीलासँग यौन सन्तुष्टि प्राप्त गर्न सक्दछ, तर बिलारोसँग टाँस्सिएको आभासबाट यौन सन्तुष्टि प्राप्त गर्न सक्दिन । यसबाट पतिपत्नीका बीचमा देखापरेको कुनै पनि त□वको कारण महिलामा पर्न सक्ने मनोवैज्ञानिक असरलाई औंल्याइएको छ । अतः यस उपन्यासले हार्दिक प्रेम विना पतिपत्नीको सम्बन्ध सधैंभरि टिक्न नसक्ने कुरालाई देखाएको छ ।

---

७८ विष्णुप्रसाद भट्टराई, **पूर्ववत्**, पृ. १३५ ।

### ४.२.४.५ दृष्टिबिन्दु

प्रस्तुत उपन्यासमा बाह्य वा तृतीयपुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासकार स्वयम् नै यस उपन्यासमा कथयिताकी रूपमा रहेकी छिन् । कुनै पात्रमा केन्द्रित नभई सबै घटना, क्रियाकलाप तथा पात्रका मानसिक अवस्था, प्रकृति आदिको वर्णन उपन्यासभन्दा बाहिर बसी कथयिताले नै गरेकी छिन् । जस्तैः

नारायणी नदीको छेउमा पुगेपछि आभासले मोटर रोक्यो ।

'नीला यो नदीको ब्याकग्राउण्ड पारेर यो बिरालाको र मेरो तस्बिर खिचन है ।' आभासले भनेको थियो । (पृ. ६३)

अतः यस उपन्यासमा कथयिताको प्रत्यक्ष संलग्नता नभई नीला, आभास, उर्मिला, स्मृति आदि पात्रहरूका माध्यमबाट सम्पूर्ण कथावस्तु उद्घाटिन भएको छ ।

### ४.२.४.६ भाषाशैली

प्रस्तुत उपन्यासको भाषाशैली सरल छ । स्तरीय नेपाली भाषाको प्रयोग गरिएको छ । वर्तमानमा बसेर आभाससँगको सात दिने दाम्पत्य जीवनलाई नीलाले सम्झेको हुनाले यमका उपन्यास प्रायः पूर्वदीप्ति शैलीमा संरचित छ । राणा परिवारको चित्रण भएको कारण यस उपन्यासमा बढी दरबारिया भाषाको प्रयोग पाइन्छ । मुख्य रूपमा यस्तो भाषाको प्रयोग आभासका घरमा काम गर्न बसेका मानिसहरूले नीला र आभाससँग बोल्ने क्रममा प्रयोग गरेका छन् । जस्तैः

"रानीसाहेब, भुजा ज्यूनार गर्न सवारी होस् अरे !

राजा डाइनिङ रुममा होइसिन्छ ।" (पृ. ९७)

'लुटपुटिनु', 'लमतन्न हुनु' जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोगका साथै प्रशस्तै मात्रामा अंग्रेजी शब्दहरूको प्रयोग पनि पाइन्छ । नीलाकी छोरी स्मृतिले प्रायः अंग्रेजी मिसिएको नेपाली भाषाको प्रयोग गरेकी छे । जस्तैः

'भनन मामु, आर यू ह्यापी ?' (पृ. ९१)

त्यसैगरी नीला र आभासको बीचमा बाधक बनेर आएको बिरालो पति र पत्नीको बीचमा आउने तेस्रो अस्तित्वको प्रतीकका देखापरेको छ ।[७९]

समग्रमा **उसको लोग्ने र बिरालो** उपन्यासको भाषाशैली सरल र बोधगम्य नै रहेको छ ।

---

[७९] इन्दिरा प्रसाई, उसको लोग्ने र बिरालो, **पूर्ववत्**, पृ. १३ ।

### ४.२.५ निष्कर्ष

इन्दिरा प्रसाईले साहित्यका विविध विधामा कलम चलाएकी छिन् । वि.सं. २०३० को **प्रेरणा** पत्रिकामा **अस्वीकृत पत्र** शीर्षक कथाको प्रकाशनसँगै साहित्यलेखको क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेकी प्रसाईले उपन्यासकार व्यक्तित्वका रूपमा पनि आफूलाई उभ्याउन सफल भएकी छिन् । हालसम्म उनका **विश्वामित्र** (२०५५), **रनमाया** (२०५८), **शिखा** (२०५९) र **उसको लोग्ने र बिरालो** (२०६०) गरी चारवटा उपन्यासहरू प्रकाशित भएका छन् । प्रकाशनका दृष्टिले तेस्रो भए पनि **शिखा** उपन्यास लेखनका दृष्टिले उनको पहिलो उपन्यास हो ।

इन्दिरा प्रसाईले सामाजिक विषयवस्तुमा आधारित भएर उपन्यास लेखेको पाइन्छ । उनका **विश्वामित्र, शिखा** र **उसको लोग्ने र बिरालो** उपन्यासमा नारीसमस्याको उद्घाटन गरिनुका साथै यौनमनोविज्ञानको प्रयोग पनि गरिएको पाइन्छ । एउटी नारीमाथि सौताको रूपमा पसेकी अर्की नारीको कारुणिक अन्त्यको चित्रण विश्वामित्र उपन्यासमा मेनकाको आत्महत्याले गरेको छ । त्यसै गरी लोग्नेको वासनापूर्तिको साधना मात्र बन्न विवश नेपाली नारीहरूको मानसिकताको चित्रण **शिखा** उपन्यासकी प्रमुख पात्र शिखाले जोगिनी भएर हिँडेको प्रसङ्गमार्फत गरिएको छ । त्यस्तै **उसको लोग्ने र बिरालो** उपन्यासमा पति र पत्नीका बीचमा कुनै पनि बाधक त□वको उपस्थिति भएमा उनीहरूको सम्बन्ध छोटो समयमा पनि विच्छेद हुने कुरा आभासको बिरालो मोहबाट आजित भएर नीला छुट्टिएर हिँडेको घटनाले देखाएको छ । यी तीनवटा उपन्यासहरूभन्दा अलि भिन्न रूपमा प्रस्तुत भएको **रनमाया** उपन्यासमा प्रसाईले भूटानवासी नेपाली भूलका भूटानीहरूले खेप्नु परेको सास्ती र नेपालमा आई शरणार्थी जीवन बिताउनुपरेको तीतो यथार्थलाई रनमायाको जीवनकथाको माध्यमबाट उद्घाटन गरिएको छ । प्रसाईका उपन्यासहरू नारीसमस्यामा केन्द्रित भएका कारण नारी पात्रहरूको बहुल प्रयोगका साथै प्रमुख भूमिकामा पनि नारी पात्रहरूकै उपस्थिति पाइन्छ । आयामगत हिसावले छोटा भए पनि उनका उपन्यासहरूमा पात्रहरूको उल्लेख्य मात्रामा प्रयोग भएको पाइन्छ । प्रसाईका उपन्यासहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुबै परिवेशको चित्रण गरिएको पाइन्छ । **विश्वामित्र, शिखा** र **उसको लोग्ने र बिरालो** उपन्यासमा नेपालको काठमाडौं र विराटनगरको सहरिया परिवेशको चित्रण मुख्य रूपमा भएको छ भने केही मात्रामा ग्रामीण परिवेशको चित्रण पनि पाइन्छ साथै **शिखा** उपन्यासमा न्यून मात्रामा भारतको हरिद्वारको चित्रण पनि गरिएको छ, तर उनको **रनमाया** उपन्यासमा दक्षिण भूटानको चिराङ जिल्लाको ग्रामीण परिवेशको चित्रण मुख्य रूपमा गरिएको छ भने भारतको सिलिगुडी र नक्सालबारीको चित्रण पनि केही मात्रामा पाइन्छ र नेपालको शरणार्थी शिविरको चित्रण पनि न्यून रूपमा भएको छ । प्रसाईका **विश्वामित्र,**

**रनमाया** र **उसको लोग्ने र बिरालो** उपन्यासमा तृतीय पुरुष (बाह्य) सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने शिखा उपन्यासमा प्रथमपुरुष (आन्तरिक) केन्द्रीय दृष्टिबिन्दुको प्रयोग पाइन्छ । भाषाशैलीका हिसावले प्रसाईका उपन्यासहरू सरल र सहज किसिमकै रहेका छन् । नेपाली बाहेकका हिन्दी, अंग्रेजी र मैथिली भाषाको पनि केही पात्र, कथा र परिवेशअनुकूल प्रयोग गरेकी छिन् । यस कारणले उनका उपन्यासहरू पाठकसँग विश्वसनीयता कायम गर्न सफल भएका छन् ।

## परिच्छेद पाँच

# निष्कर्ष

### ५.१ शोधनिष्कर्ष

प्रस्तुत शोधपत्र उपन्यासकार इन्दिरा प्रसाईसँग सम्बन्धित रहेको छ । यस शोधपत्रमा जम्मा पाँच परिच्छेद रहेका छन् ।

परिच्छेद एक अन्तर्गत शोधपरिचय रहेको छ । यस अन्तर्गत शोधशीर्षक, शोधपत्रको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि हुँदै शोधपत्रको रूपरेखासमेत प्रस्तुत गरिएको छ । शोधकार्यमा समस्याकथनमा आएका समस्याहरूको समाधान गर्नमा नै यो शोधपत्र केन्द्रित रहेको छ ।

प्रस्तुत शोधपत्रको परिच्छेद दुईअन्तर्गतको शीर्षक उपन्यासको सैद्धान्तिक स्वरूप रहेको छ । नेपालीमा प्रयुक्त **उपन्यास** शब्द अङ्ग्रेजी **नोभल (Novel)** शब्दको पर्यायवाची रूप हो । पाश्चात्य साहित्यमा **नोभल (Novel)** शब्दको जन्म अठारौं शताब्दीमा भएको र हाल आएर यसले विश्वसाहित्यका साथै नेपाली साहित्यमा पनि चर्चित विधाका रूपमा आफूलाई स्थापित गरिसकेको छ । उपन्यासको लेखन र प्रकाशन हुन थालेपछि विभिन्न विद्वान्हरूले विभिन्न परिभाषाहरूका माध्यमबाट उपन्यासलाई चिनाउने प्रयास गरेका छन् । उपन्यास भनेको मानव जीवनको सम्पूर्ण घटनाहरूको अभिव्यक्त गर्ने बृहत् आख्यानात्मक रचना हो, जसमा कल्पनाको कलात्मकतामा यथातथ्यको उद्घाटन गरिएको हुन्छ । उपन्यासको निर्माणका लागि आवश्यक पर्ने संरचनात्मक घटकहरूलाई उपन्यासका त□व भनिन्छ । धैरै विद्वान्हरूका मतलाई अध्ययन गर्दा उपन्यासका त□वका रूपमा कथावस्तु, पात्र, परिवेश, सारवस्तु, दृष्टिबिन्दु र भाषाशैलीलाई लिनु सान्दर्भिक देखिन्छ । यिनै त□वहरूको कलात्मक र समन्वयात्मक मिश्रणबाट उपन्यासले पूर्णता प्राप्त गरेको हुन्छ । यिनै त□वहरूको आधारमा उपन्यासको अध्ययन गर्दा सरल, सहज र स्पष्ट हुने देखिन्छ ।

प्रस्तुत शोधपत्रको परिच्छेद तीन अन्तर्गतको शीर्षक इन्दिरा प्रसाईको उपन्यास यात्राको अध्ययन रहेको छ । वि.सं. २०१४ फागुन ३ गते जन्मिएकी इन्दिरा प्रसाईको उपन्यास लेखनको औपचारिक सुरुवात वि.सं. २०५५ मा **विश्वामित्र** उपन्यासको प्रकाशनसँगै भएको पाइन्छ । हालसम्म प्रसाईका **विश्वामित्र** (वि.सं. २०५५), **रनमाया** ( २०५८), **शिखा** (वि.सं. २०५९) र **उसको लोग्ने र बिरालो** (वि.सं. २०६०) गरी चारवटा उपन्यासहरू प्रकाशित भएका छन् । **विश्वामित्र** उपन्यासभन्दा बाह्र वर्षअगाडि लेखिएको **शिखा** उपन्यास प्रकाशनका दृष्टिले तेस्रो भए पनि लेखनका दृष्टिले प्रसाईको पहिलो

उपन्यास हो । लेखनका दृष्टिले पहिलो उपन्यास भएका कारण प्रसाईको औपन्यासिक यात्राको चरण विभाजनको आधार बिन्दु पनि **शिखा** उपन्यासको लेखनलाई मानिएको छ । प्रसाईका हालसम्म प्रकाशित यिनै चारवटा उपन्यासहरूमा पाइने प्रवृत्तिगत वैशिष्ट्यताका आधारमा उनको औपन्यासिक यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरिएको छ । **शिखा** उपन्यासको लेखनदेखि **विश्वामित्र** उपन्यासको प्रकाशन (वि.सं. २०५५) सम्मको अवधिलाई पूर्वार्द्ध चरण मानिएको छ । यस चरणका दुईवटै उपन्यासहरूमा सामाजिक विषयवस्तुमा आधारित भई नारी समस्याको उद्घाटन गरिएको छ । साथै यौनमनोविज्ञानको प्रयोग पनि गरिएको पाइन्छ । यस चरणका उपन्यासका प्रमुख नारी पात्र कमजोर रूपमा उपस्थित भएका छन् । **शिखा** उपन्यासमा सूक्ष्म रूपमा भारतको हरिद्वारको परिवेशको चित्रण गरिए पनि मूलतः यस चरणका उपन्यासहरूमा नेपालको सहरिया परिवेशको चित्रण गरिएको पाइन्छ । आत्मिक प्रेममा विश्वास गरिएका यी उपन्यासहरूको भाषाशैली सरल र सहज किसिमको रहेको छ । त्यसैगरी **रनमाया** उपन्यासको प्रकाशन ( वि.सं. २०५८) देखि **उसको लोग्ने र बिरालो** उपन्यासको प्रकाशन (वि.सं. २०६०) सम्मको अवधिलाई प्रसाईको उपन्यासयात्राको उत्तरार्द्ध चरण मानिएको छ । यस चरणमा प्रकाशित **रनमाया** उपन्यास प्रसाईका अरू तीनवटा उपन्यासहरूभन्दा अलिक भिन्न प्रकृतिका रूपमा देखापरेको छ । नेपाली मूलका भूटानीहरूले भोगेको तीतो यथार्थलाई यसले उद्घाटन गरेको पाइन्छ । **उसको लोग्ने र बिरालो** उपन्यासमा पूर्वार्द्ध चरणका उपन्यासहरूको प्रभाव केही मात्रामा परेको पाइन्छ । यस चरणमा लेखिएका यी उपन्यासहरूमा प्रमुख नारी पात्रहरू बलियो रूपमा देखिएका छन् । यस चरणका उपन्यासहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै परिवेशको चित्रण पाइन्छ । आयामगत आधारमा साना भए पनि यस चरणका उपन्यासहरूमा पात्रको बहुल प्रयोगका साथै भाषाशैलीमा विविधता पाइन्छ ।

प्रस्तुत शोधपत्रको परिच्छेद चार अन्तर्गतको शीर्षक **उपन्यासकार इन्दिरा प्रसाई** रहेको छ । इन्दिरा प्रसाईका हालसम्म प्रकाशित चारवटा उपन्यासहरूलाई उपन्यासका छ वटा विधात□वका आधारमा विश्लेषण गरिएको छ । प्रसाईले सामाजिक विषयवस्तुमा आधारित भएर उपन्यासहरू लेखेकी छिन् । उनका **विश्वामित्र**, **शिखा** र **उसको लोग्ने र बिरालो** उपन्यासमा नारी समस्याको उद्घाटन गरिनुका साथै यौनमनोविज्ञानको प्रयोग पनि गरिएको पाइन्छ भने **रनमाया** उपन्यासमा भूटानबासी नेपाली मूलका भूटानीहरूले खेप्नुपरेको सास्ती र नेपालमा आई शरणार्थी जीवन बिताउनु परेको तीतो यथार्थलाई रनमायाको जीवनकथाको माध्यमबाट उद्घाटन गरिएको छ । **विश्वामित्र** उपन्यासमा नारीमाथि सौताको रूपमा पसेकी अर्की नारीको कारुणिक अन्त्यको चित्रण मेनकाको आत्महत्याले गरेको छ । त्यसैगरी **शिखा** उपन्यासमा पतिको वासनापूर्तिको साधनमात्र बन्न

विवश नेपाली नारीहरूको मानसिकताको चित्रण उपन्यासकी प्रमुख पात्र **शिखा** ले जोगिनी भएर हिडेको प्रसङ्गमार्फत गरिएको छ । त्यस्तै **उसको लोग्ने र बिरालो** उपन्यासमा पति र पत्नीका बीचमा कुनै पनि बाधक तत्वको उपस्थिति भयो भने उनीहरूको सम्बन्ध छोटै समयमा पनि टुट्न सक्ने कुरा बिरालोको आगमन भएपछि निलाले आभासलाई छोडेर हिँडेको घटना मार्फत देखाइएको छ । प्रसाईका उपन्यासहरूमा नारीपात्रहरूको बहुलताका साथै प्रमुख भूमिकामा पनि नारी पात्रहरूकै उपस्थिति पाइन्छ । प्रसाईका उपन्यासहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुबै परिवेशको चित्रण गरिएको पाइन्छ । उनका **विश्वामित्र**, **रनमाया** र **उसको लोग्ने र बिरालो** उपन्यासमा तृतीय पुरुष (बाह्य) सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ भने **शिखा** उपन्यासमा प्रथम पुरुष (आन्तरिक) केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । भाषाशैलीका दृष्टिले प्रसाईका उपन्यासहरू सरल र सहज किसिमका रहेका छन् । पात्र र परिवेश अनुकूल भाषाको प्रयोग गरिएको हुनाले प्रसाईका उपन्यासहरू पाठकसँग विश्वसनीयता कायम गर्न सफल भएका छन् ।

यसरी समग्रमा उपन्यासकार इन्दिरा प्रसाईको अध्ययन गर्दा यिनका उपन्यासहरू नारी समस्यामा केन्द्रित भएर लेखिएका छन् । आफूले भोगेका, देखेका र सुनेका घटनाहरूलाई यथार्थपरक ढङ्गले आफ्ना उपन्यासमा प्रस्तुत गर्ने प्रसाई एक सफल समसामयिक उपन्यासकारका रूपमा चिनिन्छिन् । आफ्ना उपन्यासहरूमा यौनमनोविज्ञानको प्रयोग गरेकी हुनाले प्रसाईलाई यौन मनोविश्लेषणात्मक उपन्यासकारका रूपमा पनि चिनिन्छ ।

## ५.२ सम्भावित शोध शीर्षकहरू

उपन्यासकार इन्दिरा प्रसाईको अध्ययन र विश्लेषण गरिसकेपछि उनका उपन्यासहरूसँग सम्बन्धित भएर शोधकार्य गर्न सकिने सम्भावित शोध शीर्षकहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ ।

(क) इन्दिरा प्रसाईका उपन्यासहरूको कृतिपरक अध्ययन

(ख) इन्दिरा प्रसाईका उपन्यासमा पात्र विधान

(ग) इन्दिरा प्रसाईका उपन्यासहरूको शैली वैज्ञानिक अध्ययन

(घ) **शिखा** उपन्यासमा यौनमनोविज्ञान

# सन्दर्भग्रन्थसूची


त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** ते.सं., काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, २०५२ ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** पाँ.सं., ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६१ ।

प्रधान, कृष्णचन्द्रसिंह, **साझा समालोचना,** पाँ.सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

______, **नेपाली उपन्यास र उपन्यासकार,** चौ.सं., ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६१ ।

प्रसाई, इन्दिरा, **विश्वामित्र,** काठमाडौं : पिलग्रिम्स बुक्स हाउस, २०५५ ।

______, **रनमाया,** काठमाडौं : नइ प्रकाशन, २०५८ ।

______, **शिखा,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, २०५९ ।

______, **उसको लोग्ने र बिरालो,** काठमाडौं : नइ प्रकाशन, २०६० ।

बराल, ऋषिराज, **उपन्यासको सौन्दर्यशास्त्र,** दो.सं., ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६३ ।

बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे (सम्पा.), **नेपाली कथा भाग-३,** चौ.सं., ललितपुर : साझा प्रकाशन, पुलचोक, २०५५ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ते.सं., ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६६ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरू**, ते.सं., ललितपुर : साझा प्रकाशन, २०५८ ।

शर्मा, मोहनराज, **शैलीविज्ञान,** दो.सं., काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, २०५९ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, **शोधविधि,** ते.सं., ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६२ ।

श्रेष्ठ, दयाराम (सम्पा.), **नेपाली कथा भाग-४,** दो.सं., ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६० ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** दो.सं., ललितपुर : साझा प्रकाशन, पुलचोक, २०६४ ।

**हिन्दी पुस्तक सूची**

आप्टे, वामन शिवराम, **संस्कृत हिन्दी कोश,** दो.सं., दिल्ली : मोतीलाल बनारसीदास पब्लिर्स प्रा.लि., सन् १९६९ ।

**पत्रिका सूची**

भट्टराई, विष्णुकुमार, "इन्दिरा प्रसाईको उसको लोग्ने र बिरालो", **गरिमा** वर्ष २३, अङ्क ५, पूर्णाङ्क ६९, (२०६० मंसिर), पृ. ५५ ।

**शोधपत्र सूची**

भट्टराई, सुरेन्द्र, **इन्दिरा प्रसाईको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५६ ।